# ‘धरा’ महाकाव्यमा राष्ट्रियता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर चितवनको
स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधकर्ता**

**नरेन्द्र राज पौडेल**

शैक्षिक सत्र : २०६९/७०

त्रि.वि. दर्ता नं. : ६-१-३३४-१२९-२००४

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन


२०७६

# प्रतिबद्धता–पत्र

यस शोधपत्रभित्रका सामग्री कहीँकतैबाट साभार गरिएका होइनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन्, तसर्थ यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दै शोध प्रयोजनस्वरूप उपाधि लिन विश्वविद्यालयमा प्रस्तुत गरिएको छ ।

वि.सं. : २०७६/०४/०९

सन् : २५/०७/२०१९

..........................

नरेन्द्र राज पौडेल

शोधार्थी

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग

भरतपुर, चितवन

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी नरेन्द्र राज पौडेलले नेपाली स्नातकोत्तर तह (एम्.ए.) दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **'धरा' महाकाव्यमा राष्ट्रियता** शीर्षकको यो शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

प्रा.डा. होमनाथ सापकोटा ______________

विभागीय प्रमुख हस्ताक्षर

दामोदर रिजाल ______________

सहप्राध्यापक हस्ताक्षर

शोधनिर्देशक

धनेश्वर भट्टराई ______________

सहप्राध्यापक हस्ताक्षर

बाह्य परीक्षक

मिति : २०७६।०४।२४

०९।०८।२०१९

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षमा अध्ययनरत छात्र नरेन्द्र राज पौडेलले **'धरा' महाकाव्यमा राष्ट्रियता** शीर्षकको यो शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभाग समक्ष सिफारिस गर्दछु ।

मिति : २०७६/०४/१६
०१/०८/२०१९

सह-प्रा. दामोदर रिजाल
शोधनिर्देशक
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

**'धरा' महाकाव्यमा राष्ट्रियता** शीर्षकको प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा प्रेरणादायी सुझाव र समुचित निर्देशन दिई शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन निर्देशन गरिदिनु हुने शोधनिर्देशक आदरणीय गुरु सहप्राध्यापक दामोदर रिजालज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । उहाँले शोधकार्यका लागि निरन्तर प्रेरणा, उत्साह र मार्गदर्शन प्रदान गर्नु भएको गुन अविस्मरणीय छ । महत्त्वपूर्ण सुझाव दिई सहयोग प्रदान गर्नुहुने उहाँलगायत सम्बन्धित विभागका गुरुवर्गप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा शोधसँग सम्बन्धित विभिन्न पत्रपत्रिकाहरू उपलब्ध गराई सामग्री सङ्कलनमा सहयोग प्रदान गरी उचित सुझाव सहित प्रेरणादायी हौसला प्रदान गर्नुहुने **धरा** महाकाव्यका स्रष्टा श्री नवराज लम्सालज्यूप्रति आभार प्रकट गर्दछु । शोधकार्यका सन्दर्भमा विविध सामाग्रीहरू उपलब्ध गराई सहयोग प्रदान गर्नुहुने आदरणीय पुष्प अधिकारी 'अञ्जली' र वीरेन्द्र बहुमुखी क्याम्पस पुस्तकालयप्रति आभार प्रकट गर्दछु ।

मलाई यो स्थानसम्म पुग्ने ताकत प्रदान गर्नुहुने पुजनीय हजुरबुबा महानन्द उपाध्याय र हजुरआमा धनकुमारी उपाध्याय; पूजनीय पिता अग्निराज जोशी र ममतामयी माता गंगादेवी जोशीप्रति हार्दिक नमन प्रकट गर्दछु । विभिन्न कोणबाट अतुलनीय सहयोग गर्ने जीवन सहयात्री रस्मिता अर्याल र भाइ शरद बजालप्रति आभार व्यक्त गर्दछु । साथै शोधपत्र तयार पार्ने क्रममा समय व्यवस्थापन, सामग्री सङ्कलनका साथै हौसला प्रदान गर्दै मलाई ऊर्जा प्रदान गरिदिनुहुने आदरणीय के.एन. सिलवाल, मित्र रञ्जिता लामिछाने, रामचन्द्र रेग्मी, पारस रिमाल, सुमन उप्रेती, आरोहण आचार्य एवम् बहिनीज्वाइँ लक्ष्मीराज उपाध्यायप्रति कृतज्ञता प्रकट गर्दै मलाई उचित सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति आभार प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रलाई शुद्धताका साथ टङ्कन गरी सहयोग प्रदान गर्नु हुने जीवन ढुङ्गानाप्रति हार्दिक धन्यवाद प्रकट गर्दछु । अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागमा प्रस्तुत गर्दछु ।

....................

नरेन्द्रराज पौडेल

मिति : २०७६/०४/१३

२९/०७/२०१९

# विषय सूची

## परिच्छेद : एक

## शोधपरिचय


| | | पृष्ठ नं. |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको विवरण र समीक्षा | ३ |
| १.५ | सामग्री सङ्कलन विधि | ४ |
| १.६ | शोधविधि | ५ |
| १.७ | शोधकार्यको सीमा | ५ |
| १.८ | शोधपत्रको रूपरेखा | ५ |


## परिच्छेद : दुई

## महाकाव्य सिद्धान्त र नेपाली महाकाव्यको विकासक्रम


| | | |
|---|---|---|
| २.१ | विषय प्रवेश | ७ |
| २.२ | महाकाव्य सिद्धान्त | ७ |
| २.३ | महाकाव्यका तत्त्वहरू | ९ |
| | २.३.१ महत् कथानक | १० |
| | २.३.२ महत् कार्य | १० |
| | २.३.३ महत् चरित्र | १० |
| | २.३.४ महत् भाव | ११ |
| | २.३.४.१ रस सिद्धान्त | ११ |
| | २.३.४.२ ध्वनि सिद्धान्त | १२ |
| | २.३.५ महत् शैली | १२ |
| | २.३.५.१ रीति सिद्धान्त | १३ |

२.३.६ सर्गबद्धता १३
२.४ नेपाली महाकाव्यको विकासक्रम १३
२.४.१ प्राथमिक काल (वि.सं. १८२६-१९४०) १५
२.४.२ माध्यमिक काल (वि.सं. १९४१-१९७४) १७
२.४.३ आधुनिक काल (वि.सं. १९७५ देखि हालसम्म) १९
२.५ निष्कर्ष २१

## परिच्छेद : तीन

## महाकाव्यकार नवराज लम्सालका महाकाव्यगत प्रवृत्ति र 'धरा' महाकाव्य

३.१ विषयप्रवेश २२
३.२ नवराज लम्सालका महाकाव्यगत प्रवृत्तिहरू २२
३.२.१ स्वच्छन्दतावादी विचार २२
३.२.२ विषयगत विविधता २४
३.२.३ मानवतावादी क्रान्तिचेतना २४
३.२.४ लय तथा रसभावगत विविधता २५
३.२.५ पात्रकेन्द्री शीर्षकीकरण २६
३.२.६ आख्यानीकरण र विचारको सन्तुलन २६
३.२.७ अलङ्कारगत विविधता २६
३.२.८ आत्मसंयम र दीर्घसाधना २७
३.२.९ क्रान्तिकारी स्वर २७
३.३ 'धरा' महाकाव्यको विश्लेषण २७
३.३.१ कृतिगत परिचय २७
३.३.२ कथावस्तु २८
३.३.३ पात्रविधान २८
३.३.४ परिवेशविधान ४१
३.३.५ विचार ४१
३.३.७ रसविधान ४३
३.३.७ लयविधान ४५

३.३.७.१ 'धरा' महाकाव्यमा बद्ध लय ढाँचाको प्रयोग ४५
३.३.७.२ मुक्तलय ढाँचाको प्रयोग ५१
३.३.८ सर्गविधान ५१
३.३.९ भाषाशैली ५२
३.३.१० शीर्षकीकरण ५२
३.४ निष्कर्ष ५३

## परिच्छेद : चार

## 'धरा' महाकाव्यमा राष्ट्रियताको अध्ययन विश्लेषण

४.१ विषय प्रवेश ५४
४.२ राष्ट्रियता ५४
४.३ 'धरा' महाकाव्यमा राष्ट्रियता ५५
४.३.१ 'धरा' महाकाव्य र जनता ५६
४.३.२ 'धरा' महाकाव्य र जनताका सामु उपस्थित समस्या ५९
४.३.२.१ आवाज ६०
४.३.३ 'धरा' महाकाव्यमा राष्ट्रिय समस्या समाधानका लागि सामूहिक प्रयत्न र भावनात्मक एकता ६५
४.४ उपसंहार ६९

## परिच्छेद : पाँच

## उपसंहार तथा निष्कर्ष

५.१ परिचय ७१
५.१.१ प्रथम परिच्छेदको निष्कर्ष ७१
५.१.२ द्वितीय परिच्छेदको निष्कर्ष ७१
५.१.३ तृतीय परिच्छेदको निष्कर्ष ७१
५.१.४ चौथो परिच्छेदको निष्कर्ष ७२
५.१.५ समग्र निष्कर्ष ७२
**सन्दर्भ ग्रन्थसूची**

# चिह्न प्रयोग तथा सङ्केताक्षर सूची

प्रस्तुत शोधपत्रमा अधोलिखित चिह्न र सङ्क्षिप्त रूपको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

## चिह्न प्रयोग

| **चिह्न** | **अर्थ** |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ... | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | शीर्षक जनाउँदा वा विशेष जोड दिँदा |
| : | पृष्ठ सङ्ख्या बीचको सङ्केत |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्द चिन्हहरूको सूची यसप्रकार छ -

| | | |
|---|---|---|
| इ.सं. | - | इस्वी सम्वत् |
| उप.प्रा. | - | उपप्राध्यापक |
| एम.ए. | - | मास्टर्स अफ आर्टस् |
| डा. | - | डाक्टर |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| नं. | - | नम्बर |
| प्रा. | - | प्राध्यापक |
| प्रा.लि. | - | प्राईभेट लिमिटेड |
| पृ. | - | पृष्ठ |
| वि.सं. | - | विक्रम संवत् |
| सम्पा. | - | सम्पादक |
| संस्क. (सं.) | - | संस्करण |

## परिच्छेद : एक

# शोधपरिचय

### १.१ विषय परिचय

वि.सं २०२६ साउन ८ गते ज्यामरुङ, धादिङमा जन्मिएका नवराज लम्साल एक सफल रेडियो उद्घोषक, गीतकार तथा कवि हुन् । वि.सं. २०५८ मा रेडियो नेपालले आयोजना गरेको राष्ट्रव्यापी बालगीत प्रतियोगितामा प्रथम स्थान हासिल गरेका लम्सालका **उडूँ उडूँ लाग्छ** बालगीतसङ्ग्रह र **धुनभित्र धुनबाहिर** (२०६२) गीतसङ्ग्रह प्रकाशित छन् भने उनका लगभग तीन सय गीतमा पुराना र नयाँ पुस्ताका विभिन्न कलाकारहरूले स्वर दिएका छन् । वि.सं. २०५९ मा प्रज्ञाप्रतिष्ठानले आयोजना गरेको राष्ट्रिय कविता प्रतियोगितामा प्रथम स्थान हासिल गरेका लम्सालका **पाइलैपिच्छे सगरमाथा** (कवितासङ्ग्रह, २०६१), **आगो छोपेर कतिञ्जेल** (कवितासङ्ग्रह, २०६२), **कर्ण** (महाकाव्य, २०६६), **धरा** (महाकाव्य, २०७३) र **क्रमशः एक्लै-एक्लै** (कवितासङ्ग्रह, २०७५) गरी सातओटा कृति प्रकाशित भइसकेका छन् । तीमध्ये **धरा** उनको वि.सं. २०७३ चैत्रमा प्रकाशित दोस्रो महाकाव्य हो भने कृतिहरूमा छैठौँ कृतिका रूपमा रचना भएको हो । **कर्ण** महाकाव्यमा उनले पौराणिक पात्र कर्णलाई महाकाव्यको नायक बनाएका छन् । उनले संसारमा षड्यन्त्रपूर्वक हराइएका र जन्म, थर, जात आदि विविध मापदण्ड बनाएर उपेक्षा गरिएका तमाम वीर तथा प्रतिभावान व्यक्तित्वका प्रतिनिधि पात्रका रूपमा कर्णलाई उभ्याएका छन् । महाकाव्यकार लम्सालले **धरा** महाकाव्यमा भने देशका मूर्त र अमूर्त रूपको चर्चा गरेका छन् । देश बन्नका लागि भूगोल मात्र भएर पुग्दैन । भूगोलभित्र रहने जनसङ्ख्या मात्र भएर पनि पुग्दैन । सहअस्तित्त्व, सहिष्णुता, सद्भाव, मानवता, समानता, स्वतन्त्रता जस्ता विषयहरू पनि आवश्यक पर्ने धारणा **धरा** महाकाव्यमा रहेको छ । उनका कृतिहरू अध्ययन गर्दा कल्पनाशीलता, युगबोध, राष्ट्रप्रेम, मानवतावाद, सामाजिक-सांस्कृतिक सुधारवादी क्रान्तिकारी सञ्चेतना, सहज, स्वस्फूर्त रम्य रागात्मक ललित भाषाशैली, भाव सहजात, बिम्बालङ्कारको प्रयोग, व्यञ्जनाधर्मी, प्रतीक विधान, लय वैविध्य आदिलाई प्रमुख विशेषताको रूपमा लिन सकिन्छ । बीस वर्षसम्म लगातार रेडियो नेपालमा 'मधुवन' साहित्यिक कार्यक्रम चलाएर नेपाली साहित्य जगत्को कुना-कन्दरामा लुकेर रहेका कयौँ स्रष्टा तथा भाषा र साहित्यलाई रेडियो

नेपालको माध्यमबाट पहिचान गराई नेपाली भाषा र साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका लम्सालको **धरा** महाकाव्यलाई अनुसन्धानका लागि चयन गरिएको छ भने यस शोधपत्रको शीर्षक **'धरा महाकाव्यमा राष्ट्रियता'** रहेको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्य जगतमा विशेषतः गीत र कविता विधामा कलम चलाउँदै आएका कवि लम्सालले विभिन्न विषयमा केन्द्रित भई फुटकर कवितादेखि काव्यको वृहत रूप महाकाव्यसम्म रचना गरी नेपाली साहित्यमा उल्लेखनीय योगदान दिएका छन् । उनको दोस्रो महाकाव्यको रूपमा रहेको **धरा** महाकाव्यमा राष्ट्रियताको अध्ययन नै यस शोधकार्यको मूल समस्या हो भने यससँगै सम्बन्धित अन्य समस्याहरू यसप्रकार छन् :

(क) महाकाव्यको सैद्धान्तिक रूपरेखा के-कस्तो छ ?

(ख) महाकाव्यकार नवराज लम्सालको महाकाव्यकारिता के-कस्तो छ ?

(ग) **धरा** महाकाव्यमा राष्ट्रियता के-कस्तो छ ?

## १.३ उद्देश्य

**धरा** महाकाव्यमा राष्ट्रियताको अध्ययन गर्नु नै प्रस्तावित शोधकार्यको मूल प्राज्ञिक उद्देश्य रहने छ । प्रस्तावित शोध समस्याको समाधानका आधारमा आधारित उद्देश्यहरू यस प्रकार छन् :

(क) महाकाव्यसम्बन्धी सैद्धान्तिक रूपरेखाको अध्ययन गर्नु,

(ख) महाकाव्यकार नवराज लम्सालको महाकाव्यकारिताको अध्ययन गर्नु,

(ग) **धरा** महाकाव्यमा राष्ट्रियताको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

**धरा** महाकाव्य वि.सं. २०७३ चैत्रमा प्रकाशित देशप्रेमको भावलाई विषयवस्तु बनाएर बद्ध र मुक्तलयमा लेखिएको महाकाव्य हो । यो महाकाव्यको प्रकाशनपछि विभिन्न संस्था तथा व्यक्तित्वहरूले यस महाकाव्यबारे विभिन्न टीकाटिप्पणी र समीक्षा गरेका छन् । तीमध्ये केही पुस्तक र पत्रपत्रिकामा टीकाटिप्पणी र समीक्षा जे-जसरी गरिएका छन् तिनको कालक्रमिक विवरण यसप्रकार प्रस्तुत गरिएको छ :

'प्रचण्ड'ले *धरा महाकाव्यमा नयाँ युगको थप चिनारी* शीर्षकको लेखमा वर्षौंदेखि रेडियोमा सुनिएको जनप्रिय स्वरले मिहिनेतका साथ अक्षरमा उतारेका सीमान्तकृत जनताको यो सार्थक काव्यस्वर नेतृत्वदायी राजनीति गर्नेहरू सबैले एकपटक पढ्नै पर्ने र घोत्लिएर सोच्नै पर्ने विषय हो भन्ने मेरो ठम्याइ छ भनेर लेखेका छन् (**धरा**, २०७३ : भूमिका) ।

घिमिरेले *धरा महाकाव्यमा काव्यको नेपाल र नेपालको काव्य समीक्षा* लेखमा कालिदासले **कुमारसंभव**मा तपस्यारत पार्वतीको रूपको वयान गर्दा प्रष्ट मुखले उनी राम्री थिइन् नभनेर ध्वनिमा भनेजस्तो **धरा** महाकाव्यमा पनि ध्वन्यात्मक शैलीमा देशको महिमा गाइएको छ । यहाँ नेपालको इतिहास, भूगोल, जाति, जनजाति, तिनका सौन्दर्य, संस्कृति र वेशभूषालाई मूल विषय बनाइएको छ । यसलाई म काव्यको नेपाल र नेपालको काव्य भन्छु भनी उल्लेख गरेका छन् (**धरा**, २०७३ : भूमिका) ।

पौड्यालले लम्सालले कोमल र लालित्यपूर्ण नेपाली भाषाको कलेवरमा देशै लेखे र सधैँ त्यो देश व्यवस्थाले छुन नसकेको आम नेपाली नागरिकको दृष्टिविन्दुबाटै लेखे । उनले देश भन्नु नै नागरिकहरूको एक समष्टिको रूपमा कल्पना गरे र त्यस समष्टिको पूर्ण अध्ययनलाई आफ्नो काव्य साधनाको उत्कर्षको रूपमा परिभाषित गरे भनी लेखेका छन् (**धरा**, २०७३ : भूमिका) ।

केपी शर्मा ओलीले *धरा महाकाव्यमा महाकाव्य परम्पराको नयाँ तला* शीर्षकको लेखमा नेपाली वाङ्मयको क्षेत्रमा यो देशभक्तिको उच्चतम ग्रन्थ हो भन्ने कुरामा सायद कसैको मतभेद नहोला । देवकोटाको शाकुन्तलदेखि सुरु भएको आधुनिक नेपाली महाकाव्य परम्पराको यो अर्को नयाँ तला हो भनी लेखेका छन् (**धरा**, २०७३ : भूमिका) ।

शेर बहादुर देउवाले *धरा महाकाव्यमा काव्य फाँटको अर्को उचाइ* शीर्षकको लेखमा केही समय अघि नेपाली लेखक सङ्घको अध्यक्ष निर्वाचित हुँदा सङ्घका केही अग्रज साहित्यकारले आख्यानमा वीपीले उचाइ लिएजस्तो धेरै वर्षपछि काव्य फाँटको अर्को उचाइ डा. लम्साल हुन सक्छन् भनेर मलाई सुनाएका थिए । आज **धरा** पढेपछि त्यो भनाइ सही रहेछ भन्ने लागिरहेछ भनी आफ्नो दृष्टिकोण व्यक्त गरेका छन् (**धरा**, २०७३ : भूमिका) ।

**सेतोपाटी** डिजिटल पत्रिकाले धरामा नेपाली भूगोल, इतिहास र संस्कृति छ र यिनै विषयको अन्तर्यमा मिसिएर वर्तमान समयको यथार्थ स्वर छ । भूगोल खोस्रेर जीवन चलाएका नागरिक छन् । तिनका जीवन, सपना, संवेदना र उज्याला दृष्टिहरू छन् । हामी त्यसै हामी भएका होइनौँ । बहादुर इतिहासको लामो विरासत, प्रकृति र संस्कृतिको निरन्तर प्रवहमान सौन्दर्य, तिनका भाका र नेपाली हुनुको मिठास र मजा छ । यो बाहिरी कुरा हो तर त्यसभन्दा माथि नेपाली दर्शन छ धरामा भनी कवि नवराज लम्सालको अन्तर्वार्ता प्रकाशित गरेको छ (**सेतोपाटी** डिजिटल पत्रिका, २०७४ : अन्तर्वार्ता) ।

अभि सुवेदीले *नेपाली, भारतीय र कविता* शीर्षकको लेखमा दिल्लीमा सम्पन्न एउटा कार्यक्रमको प्रसङ्ग जोड्दै नवराज लम्सालले आफ्नो महाकाव्यबाट उच्च, लयदार आकर्षक शैलीमा कविता पाठ गरेर श्रोतालाई जुरुक्कै उठाए । तर नवराज भाइको राष्ट्र नेपाल हो । उनले राष्ट्रको बहुल पहिचानको चेतना सम्बोधन गरेर, नेपाली प्रकृति र मिथकलाई अनि राजनीतिलाई जोड्दै कवितालाई पात्रका रूपम सिर्जना गरेर महाकाव्य भन्ने कलेवर रचना गरे । तर उनको महाकाव्यिक मण्डल नेपालै हो भनी यस काव्यको बारेमा लेखेका छन् (सुवेदी, २०७३ जेठ १५ : **कान्तिपुर**) ।

नरेन्द्र रौलेले *काव्यमय साता शीर्षक*को लेखमा गद्य, पद्य र गीति छन्द मिसाइएको डा. लम्सालको महाकाव्य **धरा** यही वैशाख १६ गते सार्वजनिक भयो । यसको विषयवस्तु नेपालको भूगोल, इतिहास एवं संस्कृतिमा केन्द्रित छ । यो महाकाव्य लेख्न लम्सालले गरेको मिहिनेत पनि कम छैन भनी लेखेका छन् (रौले, २०७४ वैशाख २७ : **साप्ताहिक**) ।

## १.५ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र लेखनमा मूलतः पुस्तकालीय विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त विभिन्न विद्वानहरूका लेख, पुस्तक, पत्रपत्रिका, विचार आदिलाई सामग्रीको रूपमा उपयोग गरिएको छ ।

## १.६ शोधविधि

प्रस्तुत शोधपत्रको विश्लेषण सङ्कलित सामग्रीका आधारमा गरिएको छ । यसका साथै विवरणात्मक, व्याख्यानात्मक पद्धति र विश्लेषणात्मक पद्धति अँगालेर यसको विश्लेषण गरिएको छ ।

## १.७ शोधकार्यको सीमा

महाकाव्यको सैद्धान्तिक अवधारणा, महाकाव्यकार नवराज लम्सालको महाकाव्यकारिताको अध्ययन र **धरा** महाकाव्यमा राष्ट्रियताको अध्ययन गर्नुका साथै थप आधारका लागि उनको **कर्ण** महाकाव्यको सहयोग लिनु नै यस शोधकार्यको सीमाङ्कन हुनेछ । कवि लम्सालको जीवनी, व्यक्तित्व र उनका अन्य कृतिको चर्चा नगर्नु नै यस शोधपत्रको सीमा रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधकार्यको संरचना सन्तुलिन र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदमा निम्नानुसार विभाजन गरिएको छ :

**परिच्छेद एक : शोध परिचय**

शोधपत्रको पहिलो खण्डमा विभिन्न शीर्षकहरू विषयपरिचय, शोध प्रयोजन, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको समीक्षा, सामग्री सङ्कलन विधि, शोधविधि, शोधपत्रको सीमाङ्कन र रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : महाकाव्य सिद्धान्त र नेपाली महाकाव्यको विकासक्रम**

शोधपत्रको दोस्रो खण्डमा महाकाव्यक सिद्धान्त र नेपाली महाकाव्यको विकासक्रमअन्तर्गत महाकाव्यको परिभाषा, महाकाव्यका तत्त्वहरू साथै नेपाली महाकाव्य परम्परामा देखिएका विभिन्न चरणहरूको चर्चा गरिएको छ ।

**परिच्छेद तीन : महाकाव्यकार नवराज लम्सालका महाकाव्यगत प्रवृत्ति र धरा महाकाव्य**

शोधपत्रको तेस्रो खण्डमा **कर्ण** र **धरा** महाकाव्यका आधारमा नवराज लम्सालका महाकाव्यगत प्रवृत्तिको र विविध कोणबाट **धरा** महाकाव्यको चर्चा गरिएको छ ।

**परिच्छेद चार : धरा महाकाव्यमा राष्ट्रियता**

शोधपत्रको चौथो खण्डमा **धरा** महाकाव्यमा राष्ट्रियताको अध्ययन गरिएको छ । राष्ट्रियताका विषयमा विभिन्न विद्वानका विचारहरूको अध्ययन गरी वीपी कोइरालाको विचारलाई आधार मानेर प्रस्तुत महाकाव्यको अध्ययन गरिएको छ । वीपी कोइरालाको दृष्टिकोणका आधारमा नै राष्ट्रियताका विभिन्न तत्त्वलाई उपशीर्षक बनाइएको छ ।

**परिच्छेद पाँच : उपसंहार तथा निष्कर्ष**

यो परिच्छेद उपसंहार तथा निष्कर्षात्मक रहेको छ । यस परिच्छेदमा प्रत्येक परिच्छेदको निष्कर्ष प्रस्तुत गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार शोधको आदि भागका रूपमा मुखपृष्ठ, स्वीकृतीपत्र, शोध निर्देशकको मन्तव्य, कृतज्ञता ज्ञापन, सङ्क्षेपीकृत शब्द र विषयसूची रहेको छ भने मध्यभाग शोध प्रतिवेदनको रूप र अन्त्य भागका रूपमा सन्दर्भसामग्रीलाई परिशिष्ट र सन्दर्भग्रन्थ सूचीका रूपमा समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

## परिच्छेद : दुई

# महाकाव्य सिद्धान्त र नेपाली महाकाव्यको विकासक्रम

## २.१ विषय प्रवेश

साहित्यको पुरानो विधा कवितालाई काव्य पनि भनिन्छ । काव्य संस्कृतको तत्सम शब्द हो । यस शब्दले कुनै रचना विशेषलाई बुझाउँछ । प्राचीन कालमा व्यापक अर्थ भएको काव्यले समग्र साहित्यलाई बुझाउँथ्यो । पूर्वीय साहित्य सिद्दान्तपरम्पराको चौधौँ शताब्दीसम्म काव्य शब्दको अर्थ व्यापक रहेको पाइन्छ । इसाको उक्त चौधौँ शताब्दीमा आचार्य विश्वनाथले साहित्य शब्दको प्रयोग गरेपछि साहित्य र काव्यको अर्थमा फरक आउन थालेको हो । अहिले काव्य शब्दले मुक्तक, फुटकर कविता, खण्डकाव्य, महाकाव्य, कोषकाव्य, गीतिकाव्य आदि कविताका विभिन्न आयामलाई बुझाउँछ (आचार्य, २००५ : ४) । कविताका विभिन्न रूपमध्ये महाकाव्य सबभन्दा ठूलो रूप हो । महाकाव्य जीवन जगतको विस्तारित चित्र भएकाले विस्तारित अनुभूति महाकाव्यको विषयवस्तु बन्दछ ।

## २.२ महाकाव्य सिद्धान्त

महाकाव्य सर्गबन्ध हुनुपर्छ । महाकाव्यको प्रारम्भ आशीर्वाद, नमस्कार तथा वस्तु निर्देशमध्ये कुनै एकबाट हुनुपर्छ । इतिहासको कथामा आधारित हुनुपर्छ अथवा कुनै सत्पुरुषको कथाको आश्रय लिनुपर्छ । कथाको मुख्य पात्र चतुर एवम् उदात्त हुनुपर्छ । **रामायण, महाभारत** जस्ता कृतिबाट पात्र लिएर महाकाव्य लेखिनुपर्छ । अश्वघोषले **बुद्धचरित**मा गरेझैँ अरू कुनै सत्पुरुषलाई पात्र बनाउन पनि सकिन्छ । धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थको उद्देश्य हुनुपर्छ । महाकाव्यमा नगर, समुद्र, पर्वत, ऋतु, चन्द्रोदय, सूर्योदय एवम् चन्द्रास्त, सूर्यास्त, उद्यान विहारको, जलक्रिडाको, मधुसेवनको तथा संभोगको वर्णन हुनुपर्छ । महाकाव्यमा विप्रलम्भ, आलङ्कारिक हुनपर्छ किनभने विप्रलम्भविना श्रृङ्गारको पुष्टि हुँदैन । महाकाव्यका सर्गमा भिन्नभिन्न वृत्तान्त वा घटनाको वर्णन हुनपर्छ । अर्थात् हरेक सर्गान्तमा छन्द परिवर्तन गरी आउने सर्गको छन्दको सङ्केत गर्नुपर्छ ।

महाकाव्य सर्गमा होस् किनकि यसको अर्को नाम नै सर्गबन्ध हो । ठूलाको चरित्र होस् र आकारमा लामो होस् । तुच्छ (ग्राम्य) शब्दको प्रयोग नहोस् । अर्थले भरिलो होस् र अलङ्कारको प्रशस्त प्रयोग होस् । सत्मा आश्रित मन्त्रणा दुतप्रेषण, अभियान र संग्राम, नेताको उदयादिको चित्र होस् । पञ्चसन्धि होउन् । चार वर्गमा अर्थ मुख्य होस् । सबै रसले युक्त महाकाव्यमा प्रमुख पात्रको हत्या नहोस् (गौतम, २०५९ : ५) । यसरी भामहको **काव्यालङ्कार**लाई आधार मानेर कृष्ण गौतमले **प्राच्य महाकाव्य** नामक पुस्तकमा महाकाव्यको लक्षण छन्दमै लेखिएको पाइन्छ ।

महाकाव्य सर्गसम्बन्ध हुन्छ । कुनै देवता वा उत्तम वंशज नायक धीरोदात्ता, क्षत्रीय वा उदात्त कुलको राजाहरूको चरित्र चित्रण गरिएको हुन्छ । प्रधान रसका रूपमा श्रृङ्गार, वीर वा शान्त रसमा कुनै एक र अन्य रसलाई अङ्ग रसका रूपमा प्रयोग गरिएको हुन्छ । **महाभारत** वा इतिहासको कुनै सज्जनको चरित्र वर्णन भएको हुनुपर्छ । पुरुषार्थ चतुष्ट्य (धर्म, अर्थ, काम, मोक्ष) मध्ये कुनै एक पुरुषार्थको लक्ष्य प्राप्ति भएको हुनुपर्छ । ग्रन्थारम्भमा नमस्कारात्मक, वस्तुनिर्देशनात्मक र आशीर्वादात्मकमध्ये कुनै हुनुपर्छ । त्यस्तै मङ्गलाचरण भएको कुनै काव्यमा सज्जनको प्रशंसा र दुर्जनको निन्दा हुन्छ । पूरै सर्गमा एउटै प्रकारको छन्दको प्रयोग भएको हुन्छ । कम्तीमा आठ सर्ग भएको न धेरै ठूलो, न धेरै सानो हुनुपर्छ । त्योभन्दा माथि आगामी सर्गको कथा सङ्केत पूर्वसर्गमा दिइएको सन्ध्या, सूर्य, चन्द्र, रात्रि, प्रदोषकाल, अन्धकार, दिन, प्रातः काल, मध्याह्न, खोला, नाला, नदी, पर्वत, ऋतु, सम्भोग तथा विप्रलम्भ, श्रृङ्गारको साथै स्वर्ग, यज्ञ, युद्ध, जात्रा, विवाह, मन्त्रणा, पुत्रोत्पादन आदिको साङ्गोपाङ्गो वर्णन गरिएको हुनुपर्छ । कविवृत्त नायक वा कुनै मुख्य नाममा महाकाव्यको नामाकरण गरिएको हुनुपर्छ र सर्गमा वर्णित कथाका नाममा प्रत्येक सर्गको नाम रहन्छ (विश्वनाथ, १९९७ : ५४९) ।

लामो कथानक भएको महान् चरित्रमा आधारित नाटकिय पञ्चसन्धिद्वारा युक्त, उत्कृष्ट एवम् अलङ्कारकृत शैलीमा रचित अनि जीवनका विविध रूप र कार्यहरूको वर्णन गर्ने सर्गवद्ध, सुखान्त काव्य नै महाकाव्य हो (भामह, काव्यालङ्कार, १६:३६) ।

महाकाव्यको स्थूल वा बाध्य पक्ष सम्बद्ध लक्षणहरूमा जोड दिई इसाको सातौं शताब्दीको आचार्य दण्डीले आफ्नो **काव्यादर्श** नामक ग्रन्थमा महाकाव्यको परिचय दिएका छन् ।

महाकाव्य सर्गबद्ध हुन्छ, यसको प्रारम्भमा मङ्गलाचरण (आशीर्वादात्मक, नमस्कारात्मक, वस्तु निर्देशनात्मकद्वारा गरिन्छ र कथानक इतिहास प्रसिद्ध वा कुनै सत्यमा आधारित हुन्छ । यसको उद्देश्य धर्म, अर्थ, काम, मोक्ष को प्राप्ति गर्नहुन्छ र नायक चतुर एवम् उदात्त हनुपर्छ । यसमा सहर, समुद्र, पर्वत, ऋतु, चन्द्रोदय, सूर्योदय, बगैँचा, उत्सव, जलविहार, वनविहार आदिको सुन्दर वर्णन हुन्छ र निरन्तर अनेक भाव र रसहरूको आश्वासन गरिन्छ । यसका सर्गहरू न धेरै लामा र न धेरै छोटा हुन्छन् । यो नाटकीय पञ्चसन्धिले युक्त हुन्छ र यसका सबै सर्गहरूको अन्त्यमा छन्दको प्रयोग गरिएको हुन्छ (भण्डारी र पौडेल, २०६६ : १५३) ।

रुद्रटले उपजीव्य महाकाव्य (**महाभारत, रामायण**) बाहेकका विभिन्न भाषामा लेखिएका विविध महाकाव्यहरूलाई अध्ययन गरेर अर्थात् ध्यान दिएर महाकाव्यका लक्षणहरू निर्धारण गरेका छन् ।

महाकाव्यको कथा उत्पाद्य र अनुत्पाद्य (काल्पनिक र अकाल्पनिक) पनि हुन सक्छ तर त्यो लघु नभएर वृहत किसिमको हुनैपर्छ । यसमा अवान्तर कथाहरू पनि समाविष्ट हुन्छन् र यसले युग जीवनका विविध रूप पक्ष तथा घटनाहरूको चित्रण गर्दछ । यसको नायक द्विज कुलोत्मन्न सर्वगुण सम्पन्न, महान, वीर, विजिगीषु, शक्तिमान, नीतिज्ञ एवम् कुशल राजा हुन्छ र अन्तमा उसैको विजय हुन्छ र अति अलौकिक एवम् अतिप्राकृत तत्त्वको पनि समावेश हुन्छ (भण्डारी र पौडेल, २०६६ : १५४) ।

महाकाव्यको आत्मा रस हो भने गहना अलङ्कार हो यसर्थ महाकाव्यमा रसको समुचित प्रयोग हुनुपर्छ । धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थ काव्यका फल, उद्देश्य र प्राप्ति हुन् । त्यसैले महाकाव्यमा पुरुषार्थचतुष्ट्य सिद्धि हुनुपर्छ ।

## २.३ महाकाव्यका तत्त्वहरू

सर्वाङ्गपूर्ण महाकाव्य बन्नका लागि केही तत्त्वको आवश्यकता पर्दछ । महाकाव्यसम्बन्धी विभिन्न मतहरूको अध्ययन गर्दा पहिलो सर्त भनेको महत् अथवा उदात्तता हुनु हो । महाकाव्यका लागि महाकायसँगै महाप्राण पनि हुनु आवश्यक हुन्छ । महाकाव्य कविताको वृहत रूप भएकाले यसमा कविताका तत्त्वहरू लय, भाव, कल्पना, बौद्धिकता, र शैली हुनु आवश्यक हुन्छ भने प्रबन्धकाव्य भएकाले यसमा कथानक, चरित्र, उद्देश्य र तिनीहरूको सुगठित संरचना हुनु पनि उत्तिकै आवश्यक छ । डा. नागेन्द्रको विचार प्रस्तुत गर्दै कृष्णराज

अधिकारीले औदात्य नै महाकाव्यको प्राण हो भन्दै उदात्त कथानक, उदात्त कार्य, उदात्त चरित्र, उदात्त भाव तथा उदात्त शैली गरी महाकाव्यका प्रमुख पाँच तत्त्वलाई औँल्याएका छन् । कतिपयले सर्गबद्धतालाई पनि प्रमुख तत्त्वका रूपमा लिएको पाइन्छ । महाकाव्यका उक्त तत्त्वलाई सार्वभौम तत्त्वका रूपमा सबैजसोले स्वीकारेकाले र यी तत्त्वका विषयमा खास मतभिन्नता नभएकाले यिनैलाई महाकाव्यका प्रमुख तत्त्व मानी चर्चा गर्न सकिन्छ (अधिकारी, २०६६ : ४०) ।

### २.३.१ महत् कथानक

महाकाव्यका लागि कथानक अनिवार्य तत्त्व हो । महाकाव्यमा कवितामा जस्तो अनुभूति एक्लै हिँड्न नसक्ने भएकाले कथानक आवश्यक परेको हो । कथावस्तुकै सशक्तताद्वारा महाकाव्यमा रस परिपोषण हुन्छ । कथानकको अर्थ महान् घटनाको समन्वय हो (अधिकारी, २०६६ : ४२) । कथानक प्रख्यात र उत्पाद्य दुवै हुनसक्छ । महाकाव्यको प्रारम्भ मङ्गलाचरणबाट भई पञ्चसन्धि समन्वित कथानक आवश्यक छ भन्ने पूर्वीय मान्यता हो । महाकाव्यको सैद्धान्तिक मान्यताअनुसार कुनै उदात्त र गम्भीर, आधिकारिक र प्रासागिङ्क जे भए पनि कथावस्तु चाहिन्छ भनिएको छ तापनि मोहनहिमांशु थापाका अनुसार साहित्य जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने भएकाले महाकाव्यको कथानक पनि जीवन जेजस्तो छ त्यस्तै हुनसक्छ (आचार्य र गौतम, २०६१ : ६४) ।

### २.३.२ महत् कार्य वा उद्देश्य

महाकाव्यको उद्देश्यका विषयमा विद्वानहरूबीच सामान्य मतभेद पाइन्छ । पूर्वीय विद्वान्हरूले धर्म, अर्थ, काम, मोक्षलाई महाकाव्यको उद्देश्य मानेका छन् भने पाश्चात्य विद्वान् अरिस्टोटलले सत्यको उद्घाटन र आनन्दलाई महाकाव्यको उद्देश्य मानेका छन् । जे भए पनि महाकाव्यको प्रमुख उद्देश्य महान् हुनुपर्छ । सर्वदेशीय र सर्वकालिक हुनुपर्छ । महाकाव्यको उद्देश्य जति महान् हुन्छ महाकाव्यको महत्त्व पनि त्यति नै बढी हुन्छ (अधिकारी, २०६६ : ४३) ।

### २.३.३ महत् चरित्र

चरित्रले कथावस्तुलाई गति दिने काम गर्छ । महाकाव्यको कथावस्तु महत् हुने भएकाले महत् चरित्रबिना त्यो सम्भव हुँदैन । यसकारण पनि महाकाव्यमा महत् पात्रको आवश्यकता हुन्छ ।

महाकाव्यको कथावस्तु प्रख्यात वा उत्पाद्य दुवै हुनसक्ने भएकाले प्रख्यात छ भने **महाभारत, रामायण** जस्ता कृतिबाट धीरोदात्त गुणले युक्त पात्र चयन गरिन्छ । यस्तै ऐतिहासिक विषयवस्तुमा लेखिँदा पनि यस्तै पात्रको चयन गरिन्छ तर महाकाव्यको यो प्राचीन मान्यतामा परिवर्तन आउन थालेको छ । साहित्य समाजको दर्पण भएकाले पात्र चयनको सीमा पनि फराकिलो हुनुपर्छ भन्ने मान्यता हालका साहित्यकारमा फेला पर्छ (अधिकारी, २०६६ : ४४) ।

### २.३.४ महत् भाव

महाकाव्यमा भावानुभूतिको क्षेत्र पर्याप्त हुनुपर्छ भन्ने कुरामा पूर्व र पश्चिम दुवैतिरका आचार्यहरूबीच सहमति देखिन्छ । घटनाको वर्णन मात्र काव्य हुन सक्दैन, त्यसको माध्यमबाट अभिव्यक्त हुने रस भावले नै काव्यको काव्यतत्त्व प्रदान गर्दछ । काव्यको आत्मतत्त्व रसध्वनि नै हो भन्ने कुरामा अधिकांश विद्वान्‌को मतैक्यता देखिन्छ (अधिकारी, २०६६ : ४४) ।

### २.३.४.१ रस

रस सिद्धान्तका प्रवर्तक भरतमुनि हुन् । उनले नाट्‌यशास्त्रमा रस र भावको निरूपण गरेका छन् । उनले रस सिद्धान्तलाई सूत्रबद्ध गर्दै विभाव अनुभाव र व्यभिचारी भावका संयोगले रसको निष्पति हुन्छ; भनेका छन् (पौड्याल, २०६८ : ४३) ।

रसको विवरणका साथ रसका तत्त्वहरू वा रस सामग्रीहरू विभाव, अनुभाव र स्थायीभावको चर्चा गर्दै रसविना साहित्य निर्माण हुन नसक्ने उल्लेख भरतको **नाट्‌यशास्त्र**मा पाइन्छ । रसको व्यवस्थित चर्चा भरतले गरे पनि उनका पूर्ववर्ती आचार्यहरूले आ-आफ्नै प्रकारले रसको व्याख्या गरिएको पाइन्छ । वाचिक, आङ्गिक तथा सात्विक अभिनयले युक्त स्थायीभावद्वारा सहृदयीको हृदयमा प्राप्त आनन्द नै रस हो भन्नेमा सबैको सहमति देखिन्छ (ढुङ्गाना, २०६८ : ४१) ।

रस भनेको रति हो । प्रेम, राग संवेग, समाप्ति यी रसका पर्याय हुन् । यहाँ रस र भावको अभिप्राय शृङ्गारादि रस र स्थायी सञ्चारी आदि भाव हुन्छ (वात्सायन, सन् १९६४ : ३५) ।

आफ्ना पुत्र काव्यपुरुषलाई सरस्वतीले भन्दै छिन् शब्द र अर्थ तिम्रा शरीर हुन्, संस्कृत भाषा तिम्रो मुख हो, प्राकृत भाषाहरू हातहरू, अपभ्रंश भाषा जाङ, प्रैशाची भाषा पाउ, मिश्र भाषा छाती हो । तिमी सुक्ति समस्त वाणी भएका प्रसन्न, मधुर र ओजस्वी छौ, तिम्रो आत्मा रस हो (राजशेखर, सन् १९८२ : ६५) ।

यसरी मम्मट, विश्वनाथ, जगन्नाथ, सोमनाथ सिग्द्याल लगायत विद्वान्ले रसको व्याख्या गरेको भेटिन्छ । रस आत्मकेन्द्रित साहित्यिकवाद हो । सबै वादमा आनन्द तत्त्व समान देखिन्छ र सबै वाद भावमा नै केन्द्रित हुन्छन् । त्यही भावसँग रसको सम्बन्ध हुने भएकाले रस नै काव्यको आत्माको रूपमा देखिन्छ (ढुङ्गाना, २०६८ : ५३) ।

### २.३.४.२ ध्वनि

पूर्वीय साहित्यमा विकसित प्रमुख सिद्धान्तमध्ये ध्वनि सिद्धान्त पनि एक हो । आचार्य आनन्दवर्धनले ध्वनिवादको स्थापना गरेका हुन् । उनका अनुसार व्यङ्ग्यार्थ प्रधान अभिव्यक्तिलाई ध्वनि भनिन्छ । ध्वनिवादभन्दा पहिल्यै स्थापित रस, अलङ्कार, रीति, गुण सिद्धान्तहरूमा प्रत्यक्ष, परोक्ष रूपमा ध्वनिको अर्थ प्रतीयमान गरिएको थियो । आनन्दबर्द्धनले ध्वनिवादको स्थापना गर्दा व्यञ्जनाशक्तिलाई आधार मानेका छन् । उनले व्यङ्ग्यार्थलाई काव्यको आत्मा मान्दै रस-ध्वनियुक्त काव्यलाई सर्वोत्तम काव्य मानेका छन् । आचार्य अभिनव गुप्त, मम्मट, जगन्नाथजस्ता आचार्यहरूले यस वादको उन्नयनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् (ढुङ्गाना, २०६८ : १४२) ।

### २.३.५ महत् शैली

शैलीले आफ्ना सुन्दर उपकरणहरूद्वारा काव्यको बाहिरी रूपलाई अलङ्कृत पार्दछ र आन्तरिक भावगत रूपलाई विकसित तुल्याउँछ । सुन्दर शैलीमा व्यक्त भएको भावनामा रस पनि उत्तिकै परिपाक हुन्छ । भावगत सौन्दर्य शैलीगत सौन्दर्यमा आधारित हुन्छ । पूर्वीय साहित्य शास्त्रमा वामनले रीतिको व्याख्या गरेका छन् । रीतिलाई शैली नामले नपुकारे पनि पाश्चात्य साहित्य सिद्धान्तअनुसार रीति नै शैली हो (अधिकारी, २०६६ : ४५) ।

### २.३.५.१ रीति

पदहरूको मेल या सङ्गठन नै रीति हो (विश्वनाथ, सन् १९९७ : ५२) । रीतिलाई भामह, दण्डी जस्ता विद्वान्ले रीति नभनी मार्ग शब्दको प्रयोगले चिनाएका छन् । रीतिवादका प्रवर्तक भने वामन मानिन्छन् । इसाको आठौँ शताब्दीको अन्त्यतिर उनले रीतिवादको प्रारम्भ गरे तापनि **ऋगवेद**मा समेत रीतिको चर्चा पाइन्छ (ढुङ्गाना, २०६८ : ५५) । रीतिलाई वामनले काव्यको आत्मा भनी व्याख्या गरेका छन् । रीतिको गुणसँग अविछिन्न सम्बन्ध हुन्छ । गुणसँग सम्बन्ध राखेर रीति नै काव्य सौन्दर्यको रूपमा देखापर्छ भन्ने वामनको दृष्टिकोण छ । रीतिभित्र नै अन्य सबै काव्य तत्त्वहरू अन्तर्निहित हुन्छन् र रीति सिद्धान्त स्वतन्त्र सिद्धान्त हो भन्ने कुराको पुष्टि वामनले गरेका छन् । दण्डीले फराकिले पारिदिएको बाटोमा हिँडेका वामनले नै सर्वप्रथम मार्गको ठाउँमा रीति शब्द प्रयोग गरेर यिनले वैदर्भी, गौडीका साथै पाञ्चाली रीतिको पनि वर्णन गरेका छन् (ढुङ्गाना, २०६८ : १२१) ।

### २.३.६ सर्गबद्धता

संस्कृत काव्यशास्त्रीहरूले सर्गबद्धतालाई महाकाव्यको प्रमुख लक्षण मानेका छन् । कुनै विद्वान्ले त सर्ग र श्लोक सङ्ख्या समेत निश्चित तोकेका छन् तापनि संस्कृत साहित्यमै यी विचारको व्यावहारिक प्रयोग कठिन देखियो । हाल सर्गबद्धतालाई महाकाव्यको अभिन्न अङ्ग नै मानिन्छ । हरेक छन्दका अन्तिममा छन्द परिवर्तन गर्ने जस्ता नियमसँगै सर्गबद्धता प्रयोग भएको देखिन्छ (अधिकारी, २०६६ : ४८) । यसरी यी छ वटा तत्त्वलाई महाकाव्यका प्रमुख तत्त्वका रूपमा व्याख्या गरिएको पाइन्छ ।

## २.४ नेपाली महाकाव्यको विकासक्रम

नेपाली भाषाको विकासक्रमलाई अध्ययन गर्दा अहिलेसम्मको अध्ययनबाट वि.सं. १०३८ को दुल्लुको दामुपालको अभिलेख (शिलालेख) लाई सर्वप्राचीन नमूना मानिन्छ । त्यसपछि खश लिपिमा लेखिएका केही प्रमुख शिलालेख, ताम्रपत्रहरूमा वि.सं. १२८० को क्राचल्लदेवको कुमाउ वालेश्वर मन्दिरको ताम्रपत्र, हुम्ला जिल्लाको रेलिङ गुम्बामा वि.सं. १३१२ मा अशोक चल्लले लेखाएको ताम्रपत्र, वि.सं. १३१७ देखि १३२७ को बीचमा लेखिएका दैलेखको दल्लुस्थित ज्वालाजी मन्दिरको उत्तरवर्ती खोलाको भीर (पादुकास्थान) मा प्राप्त सउना कार्की र साउका कक्र्यानीको

देवल, आक्षज मल्लको वि.सं. १३३७ को अछाम विनायकको पञ्चदेवल शिलालेख, सिञ्जाका राजा आदित्य मल्लको वि.सं. १३७८ को शिलालेखहरू मानिन्छन् ।

यसरी शिलालेख लेखिएको समयलाई प्राचीन काल वा प्राथमिक काल भनेर अध्ययन गरिएको नेपाली भाषामा सोही समयमा केही ग्रन्थहरू पनि लेखिएको पाइन्छ । वि.सं. १००० तिर लेखिएको **बाजपरीक्षा** (लेखक बेनामी), वि.सं. १३९० तिर लेखिएको **भास्वती** (लेखक बेनामी), वि.सं. ४५० पूर्व लेखक बृह्म गुप्ताचार्यको नेपालीमा अनूदित खण्डकाव्य **औषध रसायन, अजीर्ण मंजरी, जातक कर्मपद्दति** जसका लेखक बेनामी छन्लाई नेपाली भाषाका प्राचीन ग्रन्थका रूपमा लिइन्छ । उपर्युक्त कृतिहरू ज्योतिष, वेदाङ्ग, आचारशास्त्र तथा रोजनाम्चासँग सम्बन्धित भएकाले साहित्यिक कृति मान्न सकिँदैन । तथापि नेपाली भाषाको विकासक्रमका आधारशिला भने अवश्य हुन् (भण्डारी र पौडेल, २०६६ : १५४) ।

नेपाली भाषाको माध्यमिक काल (वि.सं. १५५५-१९५७/५८) को अवधिमा नेपाली भाषाले अझै मौलाउने समय प्राप्त गऱ्यो । पृथ्वीनारायण शाहको एकीकरण अभियानसँगै विस्तार भएको नेपाली भाषा भारतका विभिन्न स्थानसम्म फैलियो । वि.सं. १८७२ को सुगौली सन्धिले राजनैतिक सीमा विस्तारलाई रोके पनि भाषिक विस्तार भने अवरुद्ध हुन सकेन । पृथ्वीनारायण शाहको एकीकरण अभियानमा विभिन्न कृतिहरू लेखिए । यसै समयमा वीरधारा र भक्तिधारा गरी नेपाली साहित्यमा दुई धारामा कविताहरू लेखिए । पृथ्वीनारायण साहको **दिव्योपदेश** (१८३१), उदायानन्द अर्यालको **पुरानु बातको अर्जी, कुलवर्णन, बेताल पच्चीसी** (खण्डकाव्य), **पृथ्वीन्द्र,** शक्तिबल्लभ अर्ज्यालको **तनहूँ भकुण्डो,** रविन्द्र भाटको **आशीष** यस समयका प्रमुख कृति हुन् भने यसै कालमा मौलाएको भक्तिधारामा लेखिएका इन्दिरसको **गोपिकास्तुति,** विद्यारण्यकेशरीको **युगल गीत, द्रौपदीस्तुति, श्रीमद्भागवत** र **महाभारत**मा आधारित कृतिहरू हुन् । साथै **रामायण, भक्तमाला, प्रश्नोत्तर, बधूशिक्षा, रामगीता** (भानुभक्त आचार्यद्वारा लिखित ।) सन्त ज्ञानदिलदासको **उदयलहरी, भजनसङ्ग्रह** यस समयका प्रमुख कृति हुन् । मौलिक नभए पनि भानुभक्त आचार्यको भावनुभावित कृति **रामायण** यस समयको महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइन्छ ।

वि.सं. १९५८ मा **गोर्खापत्र**को प्रकाशन भएपछि नेपाली भाषा र साहित्यले अझै मौलाउने सुअवसर प्राप्त गरेको छ । वि.सं. १९९१ मा **शारदा** पत्रिका प्रकाशन भएपछि त नेपाली साहित्यले झन् मौलाउने अवसर प्राप्त गरेको छ । यसै समयबाट मौलिक कृतिहरू

रचना र प्रकाशन हुने प्रचलन बढेको पाइन्छ । यसै कालमा कतिपय पद्याख्यानहरू लेखिए । आयामका हिसाबले बृहत भए पनि तिनमा मौलिकताको अंश निकै कम भएको, अनूदित र कवित्व पनि निर्क दुर्बल भएकाले महाकाव्य नभएर पद्याख्यानकै तहमा रहे । वि.सं. १९६७ मा बालकृष्ण समले **एक प्रभात** र वि.सं. १९७८ मा **आर्यघाट** नामक महाकाव्य लेख्न सुरु गरेपछि महाकाव्य लेखनको सचेत प्रयास भएको छ । यसपछि विभिन्न कविले प्रयास गरे पनि महाकवि लक्ष्मीप्रसाद देवकोटाले वि.सं. २००२ मा **शाकुन्तल** महाकाव्य लेखेपछि नेपाली साहित्यमा महाकाव्य लेखनले गति लिएको पाइन्छ । महाकाव्यको यस विकासक्रमलाई कालगत रूपमा यसरी अध्ययन गर्न सकिन्छ :

### २.४.१ **प्राथमिक काल**

नेपाली कविताको वि.सं. १८२६-१९४० सम्मको समयावधिलाई प्राथमिक काल भनिन्छ । यस समयावधिलाई सुगौली सन्धिलाई मध्यविन्दु बनाएर त्यसपूर्वका समयलाई पूवार्द्ध र त्यसपछाडिको समयलाई उत्तरार्द्ध चरणका रूपमा निम्नानुसार अध्ययन गरिन्छ :

#### (अ) **पूर्वार्द्ध चरण : वीरधारा**

वि.सं. १८२५-१८७२ सम्मको यो चरण नेपाली कविताले मौखिक परम्पराबाट लेख्य परम्परामा रूपान्तरण भएको समय हो । यस समयमा नेपाली राजनीतिमा पृथ्वीनारायण शाहको उदय भएको थियो । गोरखाका महत्त्वाकाङ्क्षी राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण अभियानलाई तीव्रता दिएका थिए । यसै घटनाबाट विभिन्न कविहरू प्रभावित भएर यस चरणमा वीररसले युक्त कविताहरू लेखेकाले यस चरणलाई वीरधाराको काल भनेर पनि चिनिन्छ । यस चरणमा वीर, हास्य, शृङ्गार, नैतिक, सामाजिक, देशप्रेम, व्यङ्ग्य, आध्यात्मिक चेतनामूलक, युद्धवर्णन, राजभक्ति, देशभक्ति जस्ता प्रवृत्तिहरू झल्किए पनि प्रबल रूपमा वीरबन्दना, प्रशस्ती गान, वीर प्रवृत्तिको उद्‌घोष, सामूहिक स्वर, उन्मेष फेला पर्दछ । यस धाराका प्रवर्तक कवि सुवानन्द दास हुन् । यस समयमा सुवानन्ददासको **पृथ्वीनारायण शाह,** शक्तिबल्लभ अर्ज्यालका **जयरत्नाकर, ललितमाधब र तनहूँ भकुण्डो,** उदायानन्द अर्यालको **बेताल पच्चीसी, सोमेश्वर वर्णन र पृथ्वीन्द्रोदय** आदि कवि र कृतिहरू यस धाराका प्रमुख कृतिहरू हुन् ।

विभिन्न विद्वानहरूले **पृथ्वीन्द्रोदयलाई** महाकाव्यात्मक रचना मानेका छन् ( अधिकारी, २०६६ : ५२) ।

### (आ) उत्तरार्द्ध चरण : भक्तिधारा

नेपाली कविताको पूर्वार्द्धमा देखिएका कविताले वीरहरूको मनोबल बढाउने वीर धाराका कविता रचना गरे । नेपाल पूर्वमा दार्जिलिङ, सिक्किम र पश्चिममा सतलजसम्म बिस्तार हुँदै थियो भने दक्षिणमा गङ्गासम्म सिमाना फैलिँदै थियो । यसैबेला बि.सं. १८७२ मा सुगौली सन्धि भयो । यस घटनाले कयौँ वीर नेपालीहरूको मन आहत भयो र आफ्नो मनमा लागेको चोट निको पार्न उनीहरूले भक्तिमार्गको सहारा लिए र यस समयमा भक्तिधाराका कविताहरू रचना हुन थाले । त्यसैले १८७३ देखि १९४० सालसम्मको यस चरणलाई भक्तिधाराको काल भनेर पनि बुझिन्छ । भक्तिधारामा विभिन्न कविका विविध विषयलाई लिएर कृष्णभक्ति धारा, रामभक्ति धारा र सन्तधारा गरी तीन चरणमा विभाजन गर्न सकिन्छ । जुन निम्नानुसार रहेका छन् :

### (क) कृष्णभक्ति धारा

भगवान् श्रीकृष्णलाई इष्ट वा आराध्यदेव मानेर कविताहरू रचना भएको काल कृष्णभक्ति धाराको समय हो । यस समयमा यदुनाथ पोखरेलको २१ श्लोकको **कृष्णचरित्र,** वसन्त शर्माको **कृष्णचरित्र** र **समुद्रलहरी,** पतञ्जली गजुर्‍यालको **बालगोपाल बाणी, हरिभक्तमाला** र **जैमनि भारत** त्यस्तै इन्दिरसको **गोपिका स्तुति** र **गोपीरक्षा,** विद्यारण्य केशरीको **द्रौपादी-स्तुति, युगलगीन,** व्याकर्णि विद्यापतिको **गीतवाणी, गीत गोविन्द** आदि फुटकर तथा खण्डकाव्यात्मक कृतिहरू हुन् । यस धारामा महाकाव्योन्मुख कृति फेला पर्दैन ।

### (ख) रामभक्ति धारा

भगवान् श्रीरामलाई केन्द्रमा राखिएर लेखिएका रचनाहरू रामभक्ति धाराअन्तर्गत पर्दछन् । रामभक्ति धाराका प्रथम कवि रघुनाथ पोखर्‍याल हुन् ।

उनले फुटकर कविताका साथै **रामायण**को *सुन्दरकाण्ड* पनि लेखेका छन् । यो पाँच सर्गमा लेखिएको छ र खण्डकाव्यात्मक रूपमा छ । उनीपछि यसै धारामा भानुभक्त आचार्य देखापर्दछन् । उनले **रामायण, बधूशिक्षा, प्रश्नोत्तर, भक्तमाला**लगायतका कृतिहरू रचना गरेका छन् । उनले लेखेको **रामायण** महाकाव्यमा लगभग सवा तेह्रसय श्लोकहरू छन् । सात काण्ठमा विभाजित यी श्लोकहरूले यसलाई महाकाव्यात्मक आयाम प्रदान गरेका छन् । नेपाली भाषामा **रामायण**ले नेपाली भाषा र संस्कृतिलाई उठाएर जातीय एकता जुटाउने महनीय कार्य भएको छ । यस धारामा कलम चलाउने अन्य कविहरूमा रामदास र पतञ्जली गजुरेल रहेका छन् ।

(ग) **सन्तधारा**

ईश्वरीय सत्तालाई ब्रह्मको रूपमा मानेर कविता रचना गरिएको धारा सन्तधारा हो । यस धाराका कवितामा ईश्वरलाई साकारभन्दा निराकार, सगुणभन्दा निर्गुण रूपमा उपासना एवम् आराधना गर्नु पर्दछ भन्ने मान्यता राख्दछन् । यस धाराका कविहरूमा शशिधरको **बैराग्याम्बर, वाणोपनिषद्,** अगम दिलसादको **१६ निर्गुण कविता,** अखण्ड दिलदासको **५ निर्गुण भजन,** ज्ञान दिलदासको **उदयलहरी र भजन सङ्ग्रह** आदि मुख्य हुन्

## २.४.२ माध्यमिक काल

मोतीराम भट्टको उदय र भानुभक्त आचार्यको **रामायण**को प्रकाशनसँगै नेपाली कविताको माध्यमिक काल सुरु हुन्छ । यस कालका कविताको मूलधारा शृङ्गारधारा हो । नेपाली साहित्यमा गजल भित्रिएको ऐतिहासिक काल पनि यही माध्यमिक काल नै हो । यस कालका केन्द्रीय कवि मोतीराम भट्ट हुन् र यस कालको विस्तार १९४१ देखि १९७४ सालसम्म रहेको छ । यस कालका कविताका मुख्य तीन धाराको रूपमा महाकाव्यको विकासक्रमिक स्थितिलाई हेर्न सकिन्छ (भण्डारी र पौडेल, २०६६ : १५६) :

(अ) **शृङ्गारधारा**

शृङ्गारधारा माध्यमकि कालको प्रमुख धारा हो । यस धाराका कविहरू संस्कृत, अरबी, फारसी शृङ्गारिक कविताधाराबाट प्रभावित भएर नेपाली

साहित्यमा गजल, सवाई, बाह्रमासा, लहरी जस्ता मझौलो स्तरका रचनाहरू यस धारामा देखापरे तापनि महाकाव्य भने रचना हुन सकेनन् । यस धारामा कलम चलाउने कविहरूमा शिखरनाथ सुवेदी, मोतीराम भट्ट, कृष्णप्रसाद रेग्मी, केदार शमशेर थापा, दामोदर प्याकुरेल आदि रहेका छन् ।

(आ) **भक्तिधारा**

माध्यमिक कालमा भक्तिधारा शृङ्गार धाराको छायामा परे तापनि विभिन्न कविले रामभक्तिमा आधारित बृहत पद्याख्यान, कृष्णको कथा, **महाभार**तमा आधारित विभिन्न पद्याख्यान रचना गरे तापनि काव्यको गुणात्मकताभन्दा पनि सङ्ख्यात्मकतातिर बढी ध्यान दिएको देखिन्छ । यस धारामा होमनाथ खतिवडाको **महाभारत**का विभिन्न पर्वहरू (श्लोकबद्ध), **विराटपर्व**, **कृष्णचरित्र**, शिखरनाथ सुवेदीको **बृहद कृष्ण चरित्र**, सदाशिव शर्माको **महाभारत मौसल भर्व**, शम्भुप्रसाद ढुङ्गेलको **कृष्णचरित्र**, मोतीराम भट्टको **गजेन्द्र मोक्ष**, **प्रह्लाद भक्तिकथा** र होमनाथ केदारनाथको **रामाश्वमेध रामायण** आदि कृतिहरू रचना भएका छन् ।

(इ) **शासक स्तुतिधारा**

माध्यमिक कालीन कविताको चौथो प्रवृत्तिको रूपमा शासक स्तुतिधारा देखा पर्दछ । प्राथमिक कालीन कविताको वीरहरूको बन्दना गर्ने परम्पराले यस कालमा शासक स्तुति धाराको रूप लिएर देखा पर्दछ (लुइँटेल र अन्य, २०५८ : ३४७) । यस समयमा सत्तासीन श्री ३ महाराजहरूलाई खुशी तुल्याउनका लागि चाकडी गर्ने र उनैको गुणगान गर्ने परिपाटीले गर्दा शासकस्तुति धारा देखा पर्न गएको हो । यस धाराका कवि र तिनका कृतिहरूमा शिखरनाथ सुवेदीको **वीर षष्ठिका**, चिरञ्जीवी पौड्याल र डिल्ली शमसेरको **श्री युरोप यात्रा**, शम्भुप्रसाद ढुङ्गेलको **नेपालमा चन्द्रोदय**, जगन्नाथ र बैजनाथ सेढाईंको **भूचन्द्र चन्द्रिका** आदि रहेका छन् ।

### २.४.३ आधुनिककाल

वि.सं. १९७५ बाट प्रारम्भ भएको आधुनिक कालमा महाकाव्य रचनाका विविध प्रयास सँगसँगै महत्त्वपूर्ण उपलब्धि पनि हासिल भएका छन् । नेपाली साहित्यमा महाकाव्य आइसल्याण्डको सर्पजस्तै भन्दै महाकाव्य लेख्न थालेको महाकवि लक्ष्मीप्रसाद देवकोटाले विविध महाकाव्य रचना गरेर आशालाग्दो प्रयास गरेपछि थुप्रै स्रष्टाहरूले सोही बाटो पक्रेको पाइन्छ । यद्यपि उनका समकालीन कविहरूले पनि नेपाली साहित्यमा महाकाव्य लेखनको प्रयास गरेको पाइन्छ ।

देवीदत्त पराजुली नेपालीभन्दा संस्कृत भाषाका प्रकाण्ड विद्वान् मानिन्छन् । नेपाली महाकाव्य क्षेत्रमा वि.सं. २००५ मा प्रकाशित उनको **कविता गुच्छाहार** प्रथम महाकाव्य बन्न सकेन । पं. दिव्यदेव पन्तले **शाहवंश** महाकाव्य लेखेका थिए भन्ने चर्चा भए तापनि एक सर्गमात्र प्रकाशित भएको उल्लेख पाइन्छ । गुणराज उपाध्यायले वि.सं. २००१-२००२ को बीचमा **श्रीकृष्ण सन्देश** लेखेका थिए । सोमनाथ सिग्द्यालले **चन्द्रचरित्र** लेखेका थिए भने बालकृष्ण समले लेखेका **एक प्रभात संस्मरण** र **आर्यघाट** प्रारम्भ गरे पनि अधुरै रह्यो । राष्ट्रकवि माधवप्रसाद घिमिरेले पनि **गोविन्द** महाकाव्य पूरा गर्न सकेनन् । वि.सं. २००२ सालमा देवकोटाले **शाकुन्तल** महाकाव्य लखेर प्रकाशित गरेपछि नेपाली महाकाव्यमा यात्राले गति लिएको देखिन्छ । यस कालमा भएका उपलब्धिलाई चरणगत रूपमा यसरी अध्ययन गर्न सकिन्छ :

#### (अ) **प्रथम चरण**

यस चरणलाई परिष्कारवादी धाराको चरण पनि भनिन्छ र यसको समयावधि १९७६ देखि १९९० सालसम्म तन्किएको छ । लेखनाथ पौड्याल तथा सोमनाथ सिग्द्यालले परिष्कारवादी धाराका फुटकर कविता तथा खण्डकाव्य रचना गरेका थिए । धरणीधर कोइराला, महानन्द सापकोटा, भवानी खतिवडा जस्ता कविहरू पनि फुटकर कविता रचनामै व्यस्त थिए । वि.सं. १९७६/७७ तिर बालकृष्ण समले **एक प्रभात स्मरण** नामक कृतिलाई महाकाव्यात्मकता दिन्छु भनेर लागिपरेका थिए तर त्यो अधुरो रह्यो । त्यसपछि वि.सं. १९७७/७८ मै बालकृष्ण समले **आर्य**घाट महाकाव्य लेख्ने प्रयास गरे पनि

यो चार सर्गमैं सीमित रह्यो । परिष्कारवादी धारामैं सोमनाथ सिग्द्यालले **चन्द्रचरित** (१९७८-०८५) रचना गरे तर प्रकाशित भएर बाहिर आउन सकेन । पछि यसैलाई परिमार्जन गरी २००५ सालमा **आदर्श राघव** प्रकाशित गरे । यसै समयमा वि.सं. १९८६ मा देवीदत्त पराजुले **कविता गुच्छहारा** प्रकाशित गरेर उनले यसैलाई पहिलो मौलिक महाकाव्य भनी दावी गरे पनि यसले त्यो स्थान प्राप्त गर्न सकेन ।

यसरी आधुनिक कालको प्रथम चरणमा विभिन्न उल्लेखनीय प्रयास भए तापनि मौलिक महाकाव्य नदेखिए पनि **चन्द्रचरित**लाई महत्त्वपूर्ण उपलब्धि मान्न सकिन्छ ।

(आ) **दोस्रो चरण**

आधुनिक कालको दोस्रो चरण मूलतः १९९१ देखि २००३ सम्म फैलिएको छ । नेपाली साहित्यमा वि.सं. १९९१ मा **शारदा** पत्रिका प्रकाशित भएसँगै स्वच्छन्दतावादको प्रारम्भ भएको हो । यस युगका प्रमुख र प्रतिभाशाली कवि महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् । महाकवि देवकोटाले वि.सं. २००० मा **सुषमालोचना** महाकाव्य लेख्ने प्रयास गरे तर त्यो पूरा हुन सकेन । त्यसपछि वि.सं. २००१-२००९ तिर गुणराज उपाध्यायले **कृष्ण सन्देश** महाकाव्य लेख्ने प्रयास गरे । यो कृष्णभक्ति परम्पराको प्रभावशाली पहिलो मौलिक महाकाव्य हो । महाकवि लक्ष्मीप्रसाद देवकोटाले पुनः वि.सं. २००२ मा महाकाव्य लेख्ने प्रयास गरे । उनले तीन महिनामै **शाकुन्तल** महाकाव्य लेखे । यो नै नेपाली साहित्यमा प्रथम मौलिक महाकाव्य हुन पुग्यो । त्यसपछि वि.सं. २००३ मा **सुलोचना, महाराणा प्रताप, वनकुसुम, पृथ्वीराज चौहान** र वि.सं. २००७ मा **प्रमिथस** लेखे । यसरी छोटो समयमा महाकवि देवकोटाले उच्चस्तरीय महाकाव्य रचना गरेका छन् ।सोमनाथ सिग्द्यालको **आदर्श राघव** (२००५), लेखनाथ पौड्यालको **तरुण तपसी** (२०१०), बालकृष्ण समको **चिसो चुल्हो** (२०१५) जस्ता महाकाव्यहरू रचना भए । यिनै आठ महाकाव्यका माध्यमबाट परिष्कारवाद र स्वच्छन्दतावादले नेपाली महाकाव्यलाई उचालेका छन् । जुन महाकाव्यहरू नेपाली महाकाव्यको इतिहासमा शीर्षस्थ उपलब्धि हुन् ।

**(इ) तेस्रो चरण**

नेपाली महाकाव्यको यो चरण २०१७ सालपछि मात्र प्रारम्भ हुन्छ अर्थात् नेपाली कविताको प्रयोगवादी धाराको थालनीसँगै नेपाली महाकाव्यको तेस्रो चरण देखापर्छ । यस चरणमा महाकाव्यका पाठकहरू बढ्दै गए र गुणस्तरीय महाकाव्य रचना हुने र बौद्धिक वर्गमा महाकाव्यको तृष्णा बढ्ने क्रम पनि जारी नै रह्यो । महाकाव्य लेखनको आधुनिक युगको तेस्रो चरणमा प्रयोगवादी धाराको महाकाव्य **नरसिंह अवतार**, प्रगतिवादी धाराका महाकाव्य **मानव**, **देवासुर सङ्ग्राम**, लोकछन्दको प्रयोग भएको महाकाव्य **बदला** र देशको यथार्थ चित्र कोरिएको महाकाव्य **धरा** जस्ता महत्त्वपूर्ण महाकाव्यको रचना भएको पाइन्छ ।

## २.५ निष्कर्ष

विविध शिलालेखबाट विकसित भएको नेपाली भाषाको विकासमा वि.सं. १८२६ बाट साहित्य रचनामा देखिन थाले । विभिन्न कविले विभिन्न समयमा महाकाव्य लेख्ने प्रयास गरे तापनि २००२ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले **शाकुन्तल** महाकाव्य प्रकाशित गरेपछि महाकाव्य लेखन यात्राले गति लिएको हो । सोही यात्रामा गति थप्ने महाकाव्यमध्ये **धरा** पनि एक हो ।

परिच्छेद : तीन

# महाकाव्यकार नवराज लम्सालका महाकाव्यगत प्रवृत्ति र 'धरा' महाकाव्य

## ३.१ विषयप्रवेश

दुई कवितासङ्ग्रह र एउटा गीतसङ्ग्रह प्रकाशित गरिसकेपछि वि.सं. २०६६ सालमा नवराज लम्सालले **कर्ण** महाकाव्य प्रकाशित गरे । यो उनको पहिलो महाकाव्य हो । त्यसपछि एकैपटक २०७३ साल चैत्रमा उनको **धरा** महाकाव्य प्रकाशित भयो । यो उनको दोस्रो महाकाव्य हो । यिनै दुई महाकाव्यका आधारमा महाकाव्यकार नवराज लम्सालका महाकाव्यगत प्रवृत्ति केलाउन सकिन्छ ।

## ३.२ नवराज लम्सालका महाकाव्यगत प्रवृत्तिहरू

**कर्ण** र **धरा** महाकाव्यलाई आधार मानेर नवराज लम्सालका महाकाव्यगत प्रवृत्तिहरूलाई यसरी केलाउन सकिन्छ :

### ३.२.१ स्वच्छन्दतावादी विचार

नवराज लम्सालका महाकाव्यमा भावुकता, साङ्गीतिकता, हार्दिकता, मानवता, प्रकृतिको चित्रण, प्रकृतिको मानवीकरण, क्रान्तिकारी चेतना, शासकीय अत्याचारप्रति आक्रोश, पूर्वीय आर्य अतीतको सभ्यताप्रति रुचि राख्नु, भविष्यप्रति आशावादी हुनु जस्ता स्वच्छन्दतावादी प्रवृत्तिहरू पाउन सकिन्छ ।

कवि विभिन्न समयमा सामाजिक विभेदले बनसाइ बनेका प्रतिभाको आवाज आफ्ना काव्यमा बुलन्द गर्दै क्रान्तिको पक्षमा रहेका छन् । उनी मान्छेको पहिचान जन्मका आधारमा नभई कर्मका अधारमा हुनु पर्ने तर्कका पक्षमा उभिएका छन् । मान्छेले क्षमताका आधारमा जिम्मेवारी पाउनु पर्छ । मान्छे भनेको शरीर मात्र नभई उसभित्र रहने मानवीय गुणको समष्टि

रूप भएकाले जसभित्र यो विशेषता छ त्यो नै सच्चा मानव हो भन्ने मानवतावादी धारणा कविले आफ्ना महाकाव्यमा व्यक्त गरेका छन् ।

जन्मले कर्मको भाग्य लेख्नुहुन्न कसै गरी ।
कर्मको पसिना विन्दु पूजा गर्छु सधैंभरि ।

म द्यौता देख्न चाहन्नँ जस्ले मान्छे रुवाउँछ ।
म मान्छे देख्न चाहन्नँ जस्ले मान्छे रुवाउँछ ।

(**कर्ण**, पृ ८५,६/४८-४९)

कवि लम्सालले आफ्ना दुवै महाकाव्यमा शासकीय अत्याचारप्रति आक्रोश व्यक्त गरेका छन् । कुनै निश्चित वर्गको नियन्त्रणमा राज्य रहनु वर्तमान समयको अभिशाप हो भन्ने कविको बुझाइ छ । विश्वमा गणतन्त्रको अवधारणाले व्यापक समर्थन पाएका बेला हामी नेपाली जनताले पनि जागेर नेतृत्व लिन तयार हुनुपर्ने आवाज कविले उठाएका छन् ।

म द्रोणाचार्य चाहन्नँ, चाहन्नँ भीष्म द्रौपदी
सत्ताका भरिया यस्ता अझै छन् कति छन् कति ।

(**कर्ण,** पृ ३७, १/२४)

जाग हे जनता आज आफैँले देश हाँक्नु छ
जन्मले मात्र यो राज्य पेवा ठानेर हुन्छ र !

(**कर्ण**, पृ १२९, ९/७१)

**कर्ण** सत्ताबाट प्रताडित उपेक्षित सम्पूर्ण कर्णहरूको आवाज बोलेको महाकाव्य हो । यसमा महाभारतकालीन कर्णमाथि भएको अन्याय र अत्याचारको घोर बिरोध छ । साथसाथै जाति, भाषा, धर्म तथा जन्म आदिका आधारमा उपेक्षित यस युगका कर्णलाई पनि स्वतन्त्रता, समानता, न्याय तथा मानवीय व्यवहार आवश्यक भएको दृष्टिकोण कविले व्यक्त गरेका छन् ।

**धरा** महाकाव्यमा त झन् उनले आवाज शीर्षक दिएर राज्यबाट उपेक्षित विभिन्न पक्षको आवाज लेखेका छन् :

हाम्रो संवेदनामाथि
शङ्का छ भेदभाव छ
लाग्छ शासक हुन् ढुङ्गा
सद्भावको अभाव छ ।

(**धरा,** पृ ३०४, १९, क/१८)

लम्सालले आफ्ना कृतिमा चिन्ता नभई चिन्तन व्यक्त गर्न खोजेका छन् । उनका कवितामा देश बर्बाद भएको विचार मात्र छैन भविष्यप्रतिको आशावादिता पनि उत्तिकै छ :

दुख्दा सबै दुःख दुखेर जान्छ
जाँदा यसैले सब दुःख लान्छ
यो देश तिम्रै सपना सँगाल्छ
आमा नरोऊ अब घाम लाग्छ (रेडियो कार्यक्रम 'मधुवन')
गरीब निर्धनी हौँला
सत्य हो दुःख खात छन्
उज्यालो अझ बाँकी छ
पौरखी दुई हात छन् ।

(**धरा,** पृ ४११, २६/२१)

### ३.२.२ विषयगत विविधता

नवराज लम्सालले आफ्ना दुई महाकाव्यमा भिन्न-भिन्न विषयको प्रयोग गरेका छन् । **कर्ण** उत्पाद्य महाकाव्य हो । यस महाकाव्यमा उनले महाभारतकालीन पात्र कर्णलाई प्रमुख पात्र बनाएका छन् । वर्तमान समयमा उपेक्षित कर्णप्रतिको सहानुभूति व्यक्त भएको यस महाकाव्यमा सामाजिक राजनीतिक विषयवस्तु रहेको छ भने **धरा** देश अर्थात् काव्य शर्मा प्रमुख पात्र भएको महाकाव्य हो । यस महाकाव्यमा देशप्रेमलाई मुख्य विषयवस्तु बनाइएको छ ।

### ३.२.३ मानवतावादी क्रान्तिचेतना

प्राचीन समयमा होस् कि वर्तमान समयमा होस् मान्छेमा छलकपट गरेर मान्छेलाई नै आघात पुऱ्याउने प्रवृत्ति छ । यस प्रवृत्तिप्रति कवि असन्तुष्ट मात्र छैनन् कि **कर्ण** महाकाव्यमा त बुलन्द आवाजमा विरोध गरेका छन् । **धरा** महाकाव्यमा पनि नवराज लम्साल नामक पात्र जीवनप्रति उदासीन देखिनुको कारण मानवता विरोधी प्रवृत्ति बढेको देख्नुले पनि हो । अर्थात्

मान्छेभित्रको मान्छे मर्दै गएको प्रति कवि असन्तुष्ट छन् । मान्छेले आफ्नो पहिचान गुमाउनु हुँदैन भन्ने धारणा उनका महाकाव्यमा भेटिन्छ :

बिर्सी जम्मै विगत दिनका घोर सङ्घर्ष आज
भोकानाङ्गा सकल जनका निम्ति के छन् निसाप
नौलो बाटो सुखसयलको द्वार टेकेर चम्क
हे तन्नेरी नवयुग दिने आँट बोकेर लम्क ।

(**धरा**, पृ ३३७, २०/२१)

### ३.२.४ लय तथा रसभावगत विविधता

नवराज लम्सालले आफ्ना महाकाव्यमा वर्णमात्रिक अर्थात् वार्णिक, लोकलय, गीतिलय तथा गद्यलयको प्रयोग गरेका छन् । उनले आफ्ना महाकाव्यमा पद्यलयलाई जत्तिकै गद्य लयलाई महत्त्व दिएका छन् । गद्य र पद्य दुवै लयलाई कलात्मक ढङ्गले प्रस्तुत गर्न सक्नु लम्सालको लयगत विशेषता हो ।

यस्तै उनले आफ्ना महाकाव्यमा शान्त, वीर, करुण, श्रृङ्गार आदि रसको प्रयोग गरेका छन् । **धरा** महाकाव्यमा भएको श्रृङ्गारिक रसको उदाहरण यसरी प्रस्तुत गर्न सकिन्छ :

फराकिलो चट्ट चिटिक्क धार
आकाश झैँ स्निग्ध खुला मुहार
प्रसन्नता देख्दछु मन्दमन्द
लोभिन्छझैँ हर्हरिदो सुगन्ध ।

(**धरा,** पृ ३५९, २२/१७)

यसै गरी उनका महाकाव्यमा भावमा पनि विविधता भेटिन्छ । मानवता, विश्वबन्धुत्व, शान्ति, समानता, देशप्रेम जस्ता विविध भाव छ भने कतै देशप्रेमको भाव प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ ।

### ३.२.५ पात्रकेन्द्री शीर्षकीकरण

कविले दुवै महाकाव्यको शीर्षक पात्रकेन्द्री राखेका छन् । **कर्ण** महाकाव्यमा प्रमुख पात्र कर्णको नामबाट नामाकरण गरिएको छ भने **धरा** महाकाव्यमा धरा नै देश हो र देश नै धरा हो भन्ने अभिप्राय व्यक्त भएको छ । महाकाव्यको प्रमुख पात्र काव्य शर्मा हो । यसर्थ **धरा** पनि पात्रकेन्द्री शीर्षक रहेको छ ।

### ३.२.६ आख्यानीकरण र विचारको सन्तुलन

'कवि आख्यान हावी भए विचार मर्छ र विचार हावी भए आख्यान मर्छ' भन्ने कुरातर्फ सचेत छन् । **धरा** महाकाव्यमा स्वेरकल्पनामा आधारित कथानक छ भने राष्ट्रियताको विचार प्रस्तुत भएको छ । नेपालीहरू देशप्रेमका कुरा मात्र गर्ने तर व्यवहारमा व्यक्तिगत स्वार्थ बोकेर हिड्ने, आफूले देशलाई के दिएँ ? भन्दा पनि देशले मलाई के दियो ? भन्ने विचार बढ्दै गएको, नागरिकले राज्यले विभेद गरेको महसुस गरेकाले नेपाली राष्ट्रियता कमजोर भएकोले यस्ता समस्याको समाधान चाँडै हुनु पर्ने विचार **धरा** महाकाव्यमा रहेको छ । प्रस्तुत महाकाव्यमा कथा र विचारको सन्तुलन मिलेको छ ।

यसैगरी **कर्ण** महाकाव्यमा पौराणिक पात्र कर्णको जीवनमा आधारित कथावस्तु रहेको छ । कथा पुरानो छ तर विचार नयाँ छ । लम्सालले यस महाकाव्यमा आजको युगमा पनि जात, जन्म, वर्ण आदिका आधारमा हुने विभेदको विरोध गरेका छन् । यस महाकाव्यमा पनि विचार र कथानकको सन्तुलनमा कुनै पनि कमजोरी देखिएको छैन ।

### ३.२.७ अलङ्कारगत विविधता

कविले दुवै महाकाव्यमा विविध शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरेका छन् । शब्दालङ्कारअन्तर्गत विविध अनुप्रास अलङ्कार र अर्थालङ्कारअन्तर्गत रूपक, उपमा लगायतका विविध अलङ्कारको प्रयोग कवि नवराज लम्सालले **धरा** र **कर्ण** महाकाव्यमा गरेका छन् । अलङ्कार प्रयोगका केही उदाहरण यसरी प्रस्तुत गर्न सकिन्छ :

**उपमा अलङ्कार**

आकाश छेडुँला जस्तो च्याँतु कि धरती कसो
सात सूर्य उदाए झैं कर्ण नै सूर्य हो जसो ।

(**कर्ण,** पृ ८२, २२)

### ३.२.८ आत्मसंयम र दीर्घसाधना

कविको महाकाव्य लेखनमा आत्मसंयम र दीर्घसाधना भेटिन्छ । उनले **कर्ण** महाकाव्य आठ वर्ष र **धरा** महाकाव्य दश वर्षको लामो समय खर्च गरेर रचना गरेका छन् । विविध भावहरू कविभित्र पसेर परिपाक भएपछि बल्ल बाहिर निस्केका छन् । जसरी रगतको कण-कणमा शक्ति हुन्छ त्यसैगरी लम्सालका महाकाव्यका शब्द-शब्दमा ऊर्जा रहेको छ । जसरी एउटा साधु आफ्नो दीर्घसाधनाले समाधिसम्म पुग्छ र आध्यात्मिक जगत्मा सफल बन्छ त्यसै गरी कवि लम्साल पनि आफ्नो दीर्घसाधनाले साहित्यिक जगतमा पूर्ण समाधिस्त भएर सफलता प्राप्त गरेका छन् । उनको यही साधनाको प्रभाव उनका महाकाव्यमा परेको देखिन्छ ।

### ३.२.९ क्रान्तिकारी स्वर

लम्सालका दुवै महाकाव्य अध्ययन गर्दा उनमा क्रान्तिकारी प्रवृत्ति भेटिन्छ । **कर्ण** महाकाव्यको कर्ण समाजबाट उपेक्षित पात्र हो । समाजमा रहेका त्यस्ता अपहेलित, उपेक्षित तथा पीडित जनतालाई मानवीय दृष्टिले हेर्नुपर्छ र धाक, धम्कीमा आफ्नो रवैया देखाएर शोषण गर्नेका विरुद्ध लड्नुपर्छ भन्ने उनको दृष्टिकोण प्रष्ट छ भने **धरा** महाकाव्यमा भएको प्रमुख पात्र काव्य शर्मा अर्थात् देशले पनि परिवर्तनको चाहना गरेर विविध कुसंस्कार विरुद्ध लड्ने सङ्केत देखाएको छ । यसर्थ उनका महाकाव्य अध्ययन गर्दा उनलाई क्रान्तिकारी महाकाव्यकारका रूपमा चिनाउन सकिन्छ ।

## ३.३ 'धरा' महाकाव्यको विश्लेषण

**धरा** महाकाव्यलाई कृतिगत परिचय, कथावस्तु, पात्रविधान, परिवेश, विचार, रसविधान र लयविधानका आधारमा यसरी विश्लेषण गरिएको छ :

### ३.३.१ कृतिगत परिचय

**धरा** नवराज लम्सालका प्रकाशित दुईओटा महाकाव्यमध्ये दोस्रो महाकाव्य हो । यसको प्रकाशन २०७३ सालमा भएको हो । **कर्ण** महाकाव्यको प्रकाशनपछि करिब सात वर्षमा उनको **धरा** महाकाव्य प्रकाशन भएको हो । यस महाकाव्यमा कविले आफ्नै शैलीमा देशको व्याख्या र

विश्लेषण गरेका छन् । देशले केही दिएन भन्ने गुनासो बढिरहेको यस समयमा देश आफैले यो सुन्दा के होला भन्ने प्रश्नको उत्तर पनि यस महाकाव्यमा भेटिन्छ । समग्रमा भन्दा कविको आफ्नै शैलीमा देश लेखिएको महाकाव्य **धरा** महाकाव्य हो ।

### ३.३.२ कथावस्तु

**धरा** महाकाव्यमा नवराज लम्साल कथानक र विचारको सन्तुलन मिलाउन सचेत भएका छन् । यो महाकाव्यमा देशको कथा छ । यस महाकाव्यको कथानक स्वैरकल्पनामा आधारित छ ।

चित्तचौतारो नामको एउटा चौतारो छ । चौतारोमा एउटा नचिनिएको मान्छे बसेको हुन्छ । नवराज लम्साल भन्ने एउटा पात्र त्यहाँ पुगेपछि कथा सुरु हुन्छ । त्यही चित्तचौतारोबाट यात्रा सुरु हुन्छ । देशले केही दिएन भन्ने देश आफैले सुने के होला भन्ने जिज्ञासाको समाधानका लागि कविले एउटा स्वैरकल्पना व्यक्त गरेका छन् । देश आफै मान्छे बन्छ र उसले आफ्नो नाम काव्य शर्मा राख्छ । उसले आफ्नो साथी कवितालाई सँगै लैजान्छ । उनीहरूसँग अहिलेको समयसामिकता देखेर दिक्क भएको पात्र नवराज लम्साल पनि हुन्छ । यी तीनै जना काठमाडौँ छिर्छन् । उनीहरू प्रज्ञा भवन पुग्छन् र त्यहाँ के-कस्तो प्राज्ञिक बहस छ बुझ्छन् । विश्वविद्यालयको प्राज्ञिक बहस के छ ? काठमाडौँका सडकहरू, भित्ताहरू, मान्छेहरू, घोडाहरू, चाडपर्वहरू सबै हुँदै जाँदा पनि काव्य शर्माको पहिचान खुल्दैन । अन्तिममा काव्य शर्मालाई तिमी को हौ ? भनेर सोध्दा म देश हुँ भन्छ । यही स्वैरकल्पनामा आधारित कथा नै **धरा** महाकाव्यको कथावस्तु हो । यसको कथावस्तुको संरचनालाई सर्गगत रूपमा यसरी देखाउन सकिन्छ :

#### पहिलो सर्ग

पूर्वीय महाकाव्य परम्पराअनुरूप नै **धरा** महाकाव्यको पहिलो सर्ग मङ्गलाचरणमा खर्च गरिएको छ । महाकाव्यको सुरुवात आशीर्वादात्मक मङ्लाचरणबाट भएको देखिन्छ । कविले यस सर्गमा मान्छेभित्रको मान्छेलाई बढी महत्त्व दिएका छन् । मभित्रको म बलियो निश्चल, निर्मल, स्वावलम्वी, धीर, संयमी होस् भन्दै आशीर्वाद मागेका छन् । उनले यही म तत्त्वलाई

देशभक्तिसँग जोडेका छन् । यस सर्गमा पचास श्लोकसम्म उपजाति छन्दको प्रयोग गरिएको छ । उपजाति छन्दमा लेखिएका यी श्लोकमा आशीर्वादात्मक भाव छ :

धोएर आँखा नरुने म देऊ
रोएर छाती नधुने म देऊ
छुनेहरूले नछुने म देऊ
मभित्र मेरै महुने म देऊ ।

(**धरा,** पृ. १: १/१)

एकाउन्नदेखि चौँसट्ठी श्लोकसम्म **मुनामदन**को लय प्रयोग गरिएको छ । यस लयमा लेखिएका श्लोकमा देशभक्तिको भाव छ र यिनै श्लोकले यस महाकाव्यको भाव राष्ट्रियता रहेको पनि सङ्केत गर्दछन् :

देशको सपना म देख्न पाऊँ आँखा होस् आँखैमा
म मेरो लय लयमा मिलाऊँ भाका होस् भाकैमा ।

(**धरा,** पृ ११: १/५२)

यसरी पहिलो सर्गलाई हेर्दा कविले मङ्गलाचरण आशीर्वादात्मक शैलीमा सुरु गरेर वस्तुनिर्देश पनि गरेकाले **धरा** महाकाव्यले पूर्वीय महाकाव्य मान्यतालाई नै अवलम्बन गरेको देखिन्छ ।

## द्वितीय सर्ग

चालीस पङ्क्तिपुञ्ज र मन्दाक्रान्ता छन्दका पाँच श्लोकमा फैलिएको द्वितीय सर्गको शीर्षक *छायारूप* रहेको छ । यस सर्गमा एउटा चौतारो छ । जसलाई कविले चित्तचौतारो भनेका छन् । यही चौतारोमा रहेको पीपल र माटाको सम्बन्ध देखाएर कविले देशप्रेमको भाव व्यक्त गर्न खोजेका छन् ।

एउटा छायाले म पात्रसँग तीब्र आक्रोश व्यक्त गरेको प्रसङ्गबाट उठान भएको यस सर्गमा म पात्रभित्र उठेका विविध प्रश्नहरू छन् । आफ्नै चिन्ता बोकेर हिँड्नेमध्ये आफू पनि एक भएको कुरा व्यक्त गर्ने म पात्रले आफूसँग संवाद गर्ने छायालाई नचिने पनि तिनै छायारूपमा नयाँ र दिव्य उज्यालो देखेको कुरा यस सर्गमा व्यक्त भएको छ । छायारूप र म पात्रको

संवादले 'म' पात्र देश खोज्न हिँडेको र वर्तमान जीवन दर्शन र मानवीय प्रवृत्तिप्रति असन्तुष्ट रहेको कुरा प्रष्ट हुन्छ ।

यसरी समग्रमा भन्दा यस सर्गमा म पात्र र छायारूपको संवादका माध्यमबाट देशभक्ति र जीवनप्रतिको दृष्टिकोण व्यक्त भएको पाइन्छ ।

## तृतीय सर्ग

अनुष्टुप छन्दका छपन्न र भुजङ्गप्रयात छन्दका चार श्लोकमा फैलिएको यस सर्गको शीर्षक *को हौ ? के हो तिम्रो परिचय ?* रहेको छ । यस सर्गमा 'म' पात्रले देश कसरी पढ्ने ? देशलाई कसरी चिन्ने ? भन्ने चिन्ता व्यक्त गरेको छ । यो चिन्तासँगै देश के हो ? भन्ने चिन्तन पनि मिसिएको छ । 'म' पात्र कवितासँग रमाउने कवि र देश हेर्न हिँडेको मान्छेका रूपमा चिनाइएको छ ।

## चतुर्थ सर्ग

यो सर्ग अनुष्टुप छन्दका त्रिपन्न र शार्दुलविक्रीडित छन्दका छ ओटा श्लोकमा फैलिएको छ । कविले यस सर्गमा आफ्नै स्वर र अहम्लाई नागरिक इजलासमा राखेका छन् । भएका जति दोष देशलाई वा सरकारलाई, नेता र राजनीतिलाई दिएर आफू चोखो बन्ने अहिलेको परिवेशमा कविले आफू पनि कतै दोषी भएको कुरा स्वीकारेका छन् र उनले आफै पात्रको रूपमा आएर हरेक नागरिकका असल र खराब पक्ष केलाएको सर्ग चतुर्थ सर्ग हो ।

यस सर्गमा कवि नवराज लम्साललाई अनेक प्रश्न सोधिएका छन् । आजको युगमा मान्छेभित्रको मान्छे मर्दै गएको प्रसङ्ग छ । कविले केका लागि लेख्दैछन् भन्ने प्रश्न छ । कवि लम्सालमा **कर्ण** लगायतका कृतिले के दियो भन्ने प्रश्न छ । कविलाई देश पढ्न र लेख्न पनि सुझाव दिइएको छ । समाजमा परिवर्तनशील मान्छेको भीड भएकाले कविलाई सचेत रहेर काम गर्न पनि सुझाव दिइएको छ ।

### पञ्चम सर्ग

यस सर्गमा चालीस पङ्क्तिपुञ्ज र छ शार्दुलविक्रीडित छन्दका श्लोक रहेका छन् । यस सर्गको शीर्षक कविताकथन राखिएको छ । काव्य लेखन तथा पठन-पाठन परम्परा हराउँदै गएकोप्रति कवि चिन्तित देखिएका छन् । उनी अचेल मान्छे किन प्रमिथस बन्दैन भन्ने प्रश्न गर्छन् । उनी आफू उज्यालो भएर अरूलाई पनि प्रकाश दिने अभिव्यक्ति प्रकट गर्छन् । काव्यफाँटमा नयाँ चेतना ल्याउने दावी पनि उनले यसै सर्गमा व्यक्त गरेका छन् ।

### छैटौँ सर्ग

छैटौँ सर्गमा अनुष्टुप र उपजाति छन्दको प्रयोग गरिएको छ । यसमा अनुष्टुप छन्दका अन्ठाउन्न र उपजाति छन्दका आठ गरी जम्मा छैसट्ठी श्लोक रहेका छन् । यस सर्गको शीर्षक *देशको खोजी* रहेको छ र यसै सर्गबाट महाकाव्यको कथावस्तुले गति लिएको छ । देश र जनताबीच फाटो देखिएको प्रसङ्गबाट यो सर्गको उठान भएको छ ।

चित्तचौतारोको त्यही घुर्मैलो छायाले नवराज लम्सालाई सँगै यात्रा गरौँ तर मेरो परिचय पवित्र छ पछि दिन्छु भनेको छ । कवि अर्थात् नवराज लम्साल कविता र काव्य शर्मा एउटै यात्रामा सँगै निस्कने सङ्केत यस सर्गमा गरिएको छ ।

### सातौँ सर्ग

यो सर्ग तीस पङ्क्तिपुञ्ज र शार्दुलविक्रीडित छन्दका नौ श्लोकमा फैलिएको छ । यस सर्गको शीर्षक *काव्य शर्मा* रहेको छ । यस सर्गमा काव्य शर्मा, नवराज लम्साल र कविताको यात्रा सुरु भएको छ । काव्यले मेरो बारेमा कुनै प्रश्न नगर्नु भनेका छन् । कविलाई आफू र कवितालाई एक्लै नछोड्नु कुनै दिन आफूभित्रै हामीलाई पाउने छौ भनी काव्यले भनेका छन् । यात्रा पुरा गरेर त्यही चित्तचौतारोमा आएर आफ्नो भेद खोल्ने, आफू र कवि एक भएपछि कविता खुसी हुने कुरा काव्यले व्यक्त गर्छन् । घुर्मैलो छायारूपले अब आफ्नो भेष बदल्छ । कालो टोपी लगाउँछ । दाह्री-जुँगा सफाचट छन् । सामान्य सर्ट, पाइन्ट र हल्का जुत्ता लगाउँछ र आफ्नो नाम काव्य शर्मा राख्छ । यसरी आफ्नो स्वरूप परिवर्तन गरी ऊ यात्राको लागि तयार हुन्छ ।

## आठौँ सर्ग

यस सर्गको शीर्षक *अन्तर्बोध* रहेको छ । यो पच्चीस पङ्क्तिपून्ज र अनुष्टुप छन्दका एघार श्लोकमा फैलिएको छ । मान्छेले टेकेको माटो जहाँ उभिएर ऊ देशलाई गाली गर्छ त्यो पनि देश हो । **ऋग्वेद** लेखेको भूमि कुन हो र यसको अर्थ के हो ? को हुन खस ? को हुन् किराँत ? यो देशको सिन्धुसँग के सम्बन्ध छ ? जस्ता अनेकौँ अन्तर्भावहरू यस सर्गमा व्यक्त भएका छन् । कविको यिनै कुराको चिन्तन यस सर्गमा व्याप्त छ ।

## नवौँ सर्ग

यस सर्गको नाम *देशाटन* रहेको छ । एक्काईस पङ्क्तिपून्ज र एक शार्दुलविक्रीडित छन्दको श्लोकमा फैलिएको यस सर्गमा कवि काव्य र कविता देशको यात्रामा सँगै निस्केका छन् । कविताले एउटा ठूलो झोला बोक्छे । उसको झोलामा किताबहरू छन् । उसले केही चकलेट र चाउचाउ किनेर झोलामा राख्छे । एउटा ऐना किन्छे । काव्यले आफ्नो झोलामा **रामायण, शाकुन्तल, धरा** र **कर्ण** महाकाव्य राख्छ । बुद्ध, कालीदास र देवकोटाका तस्बिर पनि झोलामा राख्छ । नेपालको नक्सा रहेको पत्रिकाको पाना र एउटा सादा पात्रो पनि उसको झोलामा हुन्छ । उनीहरू एउटा गाडीमा सँगै यात्रा गर्छन् । उनीहरूको यात्रा धादिङबेसी हुँदै अगाडि बढेको छ ।

## दशौँ सर्ग

यस सर्गको शीर्षक *धादिङ* रहेको छ । सतसट्ठी श्लोक गीतिलयका र शार्दुलविक्रीडित छन्दका आठ श्लोकमा यो सर्ग फैलिएको छ । यस सर्गमा धादिङको वर्णन गरिएको छ । धादिङको भूगोल, इतिहास र वर्तमानको सङ्क्षिप्त चिनारी यस सर्गमा लेखिएको छ । कविले आफूले पहिलो पाइला टेकेको धर्ती धादिङ भएकाले आफू धादिङप्रति ऋणी रहेको भाव पनि कविले यस सर्गमा व्यक्त गरेका छन् । यस सर्गमा कविले आफ्ना लागि सबैभन्दा महत्त्वपूर्ण कुरा माटो भएको र माटोपछि आमा, आमापछि संस्कृति, संस्कृतिपछि आफू र आफूपछि जिन्दगीको परिवेश भएको जीवनदर्शन पनि व्यक्त गरेका छन् ।

## एघारौँ सर्ग

एघारौँ सर्गको शीर्षक *बस्तीको बयान* रहेको छ । यो सर्ग सोह्र पङ्क्तिपूञ्ज र शार्दूलविक्रीडित छन्दका दुई श्लोकमा फैलिएको छ । यस सर्गमा नेपालका बस्तीको बयान गरिएको बस्ती सुनसान छ, गाउँ उजाड भएको छ, गाउँ गाउँजस्तो लाग्न छोडेको छ, युवायुवतीहरू विदेश पलायन भएका छन् । केटाकेटीहरू शहर पसेका छन् । बृद्धबृद्धाहरूले गाउँ कुरेका छन् । गाउँ ती बृद्धबृद्धा जस्तै निरीह बनेको छ । यही बस्ती हुँदै ती तीन जनाको यात्रा अगाडि बढ्छ ।

## बाह्रौँ सर्ग

यस सर्गको शीर्षक *सडक यात्रा* रहेको छ । यात्राको क्रममा देखिएको सडक र सडकमा हिँड्ने मान्छेको प्रवृत्ति यस सर्गमा प्रष्ट देखिन्छ । मान्छे अव्यवस्थित छन् । जतातती अवस्था भद्रगोल छ । मान्छे बाँच्न बिर्सेका मान्छेजस्ता छन् । स्वार्थ व्याप्त भएका मान्छेको सङ्ख्या अत्याधिक छ । उनीहरू थानकोट पुग्छन् । काव्यले कवितालाई यो देशको राजधानी हो भन्छ । कविताले आफू यही हेर्न आएको कुरा व्यक्त गर्छे । दिन ढलेर साँझ पर्छ । त्यही साँझमा उनीहरू एउटा कुण्ड नजिकै टुसुक्क बस्छन् । उनीहरू मान्छेको चहलपहल हेर्छन् । उनीहरूले गाउँको भन्दा भिन्न वातावरण महसुस गर्छन् । यसैबेला कसैले 'भुयम घर जाम' भनेको सुनेपछि कविताले त्यतापट्टि हेर्छे । उसको भाइको नाम पनि भुयम थियो । उसले भयुमलाई च्वाप्प म्वाइँ खाएर चकलेट दिन्छे । भुयमले पनि आफ्नै दिदी सम्झिन्छ । त्यही समयमा भुयमसँग हुने मान्छेले यो काठमाडौँको मातातीर्थ गाउँ हो र यो मातातीर्थ कुण्ड हो भन्छन् । भोलि मातातीर्थ औँसी भएकाले यहाँ कवि गोष्ठी छ भनेर पनि जानकारी दिन्छन् । भुयमसँग हुने मान्छे अर्थात् जनार्दनले आफू कविता नलेख्ने तर आफ्ना दाइले कविता लेख्ने कुरा बताउँछन् । उनले आफ्नो र दाइको बाँच्ने शैली नै भिन्न भएको र दाइ देशकै छोरो भएको कुरा व्यक्त गर्छन् । उसले आफ्नो घर देखाएर यो पुरानो घर हो । छिटै भत्काएर नयाँ बनाउँदै छु । दाइ बेलाबेला यता आउनुहुन्छ भन्ने कुरा व्यक्त गर्छ र उनीहरूलाई यतै बसौँ भनेर अनुरोध गर्छ । भुयमले कविताको औँला समात्छ । काव्यले किलामा झोला झुन्ड्याउँछन् र त्यही बास बस्छन् ।

**तेह्रौँ सर्ग**

यस सर्गको शीर्षक *मातातीर्थ* राखिएको छ । मातातीर्थ औँसीमा कवि गोष्ठी हुन्छ । सबैले आमा र देशलाई जोडेर कविता सुनाउँछन् तर ती कविता काव्य र कवितालाई निर्जीव जस्तै लाग्छन् । त्यो सभामा रहेकाहरूको आमाभक्ति देखावटी लागेर कविताले काव्यलाई चिमोट्छे र मातृमहिमाको भाव र सिर्जनाको ओज सुन्यौ ? भनेर प्रश्न गर्छे । काव्यले कवितालाई तिमी पनि एउटा कविता सुनाऊ भन्छे कविताको मुहार रातो हुन्छ र मेरो कविता आमा हो भन्छे । काव्यले कवितालाई कविता सुनाउन साह्रै जिद्धि गरेपछि कविताले आमाको कविता सुनाउँछे ।

**चौधौँ सर्ग**

यस सर्गको शीर्षक *राजधानी* रहेको छ । कवि, काव्य र कविताले राजधानी नियालेका छन् । देशको इतिहास र वर्तमानको तुलना गरेका छन् । नेपालको इतिहास के हो ? कर्णाली र काठमाडौँको सम्बन्ध अनि खप्तड र पशुपतिनाथको सम्बन्ध के हो ? भन्ने जिज्ञासा छ । नेपालको पहिचान कसरी बन्यो भन्ने चिन्तनमा यो सर्ग केन्द्रित छ ।

**पन्ध्रौँ सर्ग**

पन्ध्रौँ सर्गको शीर्षक *काठमाडौँ* रहेको छ । यस सर्गमा कवि, काव्य र कवितासँगै काठमाडौँका मानिस ब्यूँझिएका छन् । कविताले काठमाडौँले देश नचिनेको गुनासो व्यक्त गर्छे । ऊ विरक्त हुन्छे । कविताको विरक्ति रोक्दै काव्यले परिवर्तनको अर्थात् काठमाडौँले देश चिन्न समय आउँछ भन्छ । उनीहरू चोभारको डाँडामा टक्क उभिन्छन् । कविताले काव्यको हात समातेर फूल फुलेको वातावरणमा रमाउँछे ।

**सोह्रौँ सर्ग**

यस सर्गमा काव्यले कवितासँग प्रेमका कुरा गरेको प्रसङ्ग छ । काव्यले आफू कविताबिना अधुरो, अपुरो र उजाड हुने भाव व्यक्त गरेको छ । ऊ कवितालाई प्रेम गर्छ, किनकि कविताबिना काव्य जड बन्छ । काव्यले आफू कविताबिना अधुरो, अपुरो र उजाड हुने

भाव व्यक्त गरेको छ । ऊ आफ्नो प्रस्ताव कवितालाई सुनाउँछ र मन परे-नपरेको सोध्छ । काव्यले कविसँग मोन रहनुको कारण सोध्छ र कविता सुख्खा र देशका अवयवसँग विमुख हुनुहुन्न भन्ने कुरा व्यक्त गर्दछ । कवितालाई प्रज्ञा, वसन्तपुर र कीर्तिपुर पुग्नुछ भन्छ । कविता पनि आस बाँध्न पाइन्न तर प्रेमपास बाँध भनेर उत्तर दिन्छे ।

## सत्रौँ सर्ग

सत्रौँ सर्गको शीर्षक *वसन्तपुर* रहेको छ । यस सर्गको सुरुमै कविले आमासँग प्रश्न गरेका छन् । म आमाको कविता कसरी लेखूँ । वसन्तपुर दरबारमा के-के भयो ? हाम्रो सत्य इतिहास के हो ? र किन लेखिएन जस्ता प्रश्न सोधिएका छन् । कविलाई वसन्तपुरको वातावरण मन पर्दैन । उनी भद्रगोल अवस्थामा रहेको त्यो वातावरणप्रति असन्तुष्टि व्यक्त गर्दै आमासँग यो अवस्था कसले सिर्जना गऱ्यो भनेर प्रश्न गर्छन् । आमाले यी सब समय हुन् भन्छिन् । उनले यो देश उज्यालोको भण्डार र चेतनाको विउस्थल हो, नेतृत्वले यही कुरा नबुझेर देश बिगारेका छन्, यही सब कुरा समयसँग सोध भन्छिन् ।

## अठारौँ सर्ग

यस सर्गको शीर्षक *प्रज्ञा* रहेको छ । काव्य, कविता र कवि प्रज्ञाभवन पुग्छन् । त्यहाँको अवस्था भताभुङ्ग हुन्छ । मान्छेभित्रको मान्छे हराएको हुन्छ । मान्छेलाई भन्दा पोशाकलाई महत्त्व दिन थालिएको हुन्छ । लेखकहरूको लेखाइको कुनै गहिराई हुँदैन । यो देखेर दिक्क भएका काव्य कविता र कवि अगाडि बढ्छन् । प्रज्ञाभवनमा आउने जाने प्रज्ञान व्यक्तितवहरूको कामप्रति काव्यको गहिरो असन्तुष्टि हुन्छ र यिनीहरूको पाप शिरमा थापेर बाँच्नु परेको छ भन्ने गुनासो कवितासँग व्यक्त गर्दछ । उनीहरू अगाडि बढ्दै गर्दा विभिन्न कविका सालिक देख्छन् र देश अझै हेर्नुछ भन्दै अगाडि बढ्छन् ।

## उन्नाइसौँ सर्ग

उन्नाइसौँ सर्गको शीर्षक *आवाज* राखिएको छ । यस सर्गमा मधेस, पहाड र हिमाल गरी तीन उपशीर्षक पनि छन् । यस सर्गमा देशको आवाज सुन्न आग्रह गरिएको छ ।

मधेसले आफू अन्न भण्डार भएको र देशलाई पाल्ने सामर्थ्य राख्ने कुरा व्यक्त गरेको छ । आफू विविध विविधताले भरिपूर्ण भएको तर यो कुरालाई महत्त्व नदिएर आफूमाथि विभेद भएको कुरा व्यक्त गरेको छ । आफ्नो संवेदनामाथि प्रहार गर्ने शासक ढुङ्गाजस्तै  छन् । हाम्रो आवाज सुन्दैनन् बहिराजस्तै छन् । हामी सीमा रक्षामा खटिएका छौँ तर हामीमाथि नै शङ्का गर्छन् । हामी जो जे-जे भए पनि एक परिवार हौँ । नेपाल हाम्रो साझा घर हो भन्ने भाव मधेसले बोलेको छ ।

पहाडले पनि मधेशले जस्तै आफू धनी भएको तर शासकले गरीब बनाएको गुनासो व्यक्त गर्दछ । आफू देशको छाती भएको कुरा व्यक्त गर्दै अब शासकले आफ्नो महत्त्व बुझेर माया गर्नुपर्छ भन्ने भाव पहाडले व्यक्त गर्दछ ।

हिमालले आफू देशको शिर भएको कुरा व्यक्त गरेको छ । विविध सम्भावनाले भरिपूर्ण हिमाल ऋषिमुनिले टेकेर जीवनदर्शन लेखेको ठाउँ भएकाले हिमालको महत्त्व अत्याधिक भएको भाव हिमालले व्यक्त गरेको छ ।

**बीसौँ सर्ग**

यस सर्गको शीर्षक *अन्यौल* राखिएको छ । कविता, काव्य र कविको यात्रा किन चित्तचौतारोबाट सुरु भयो । वसन्तपुरकी बूढी आमा को हुन् ? देशमा भएका यति धेरै परिवर्तनको प्रभाव गाउँमा किन छैन ? भन्ने जस्ता थुप्रै अन्यौलहरू यस सर्गमा छन् । कविले प्रज्ञासँग प्रज्ञान नभएको, विश्वविद्यालयसँग विश्वज्ञान नभएको, नेतासँग संयम नभएको कुरा व्यक्त गर्छ । रत्नपार्कको चौबाटो चोबाटोभन्दा माथि उठेको छैन । राजधानीका मान्छेमा कुनै संवेदना छैन । यान्त्रिक भएर बाँचिरहेका छन् । यसर्थ जीवन बुझ्न चित्तचौतारोमा गएर बुझ्नुपर्छ भनेर कविले काव्यसँग आफ्नो कुरा व्यक्त गर्दछन् ।

**एक्काइसौँ सर्ग**

यस सर्गको शीर्षक *मिलन* राखिएको छ । यस सर्गमा कविले देश के हो ? भन्ने प्रश्न गरेका छन् । ती चन्द्र, सूर्य, नीलो रङ के हो ? देश भूगोल हो वा भावना ? बस्ती हो वा संस्कार के हो देश ? भन्ने जस्ता अनेक प्रश्नहरू कविले व्यक्त गरेका छन् ।

## बाइसौँ सर्ग

यस सर्गको शीर्षक *म अस्मिता* रहेको छ । बूढी आमासँग तिमी को हौ र कसकी आमा हौ ? भन्ने प्रश्नको जवाफमा ती आमाले आफ्नो परिचय दिन्छिन् । तिनले आफू हावा, पानी, भूगोल, इतिहास, भाषा, संस्कृति सबै भएको कुरा व्यक्त गर्छिन् । म देश हुँ, सबैकी आमा हुँ भन्छिन् । देश बनायौँ भन्नेहरू त हिजोका मात्रै भएको र आफू धेरै पहिलेदेखि भएको कुरा र आफू अस्मिता हुँ भन्ने भावना र आफू अस्मिता हुँ भन्ने भावना ती बूढी आमाले व्यक्त गर्छिन् ।

## तेइसौँ सर्ग

यस सर्गको शीर्षक *देशको अनुहार* राखिएको छ । लामो यात्रापछि कविले काव्यलाई भन काव्य तिमी को हौ ? भनेर सोध्छ र काव्यले म देश हुँ भनेर उसले आफ्नो सम्पूर्ण परिचय दिन्छ । **श्रीमद्भागवत गीता**को दशौँ अध्यायमा विभूतिको दिग्दर्शन भएझैँ यस महाकाव्यको तेइसौँ सर्गमा देशले आफ्नो सम्पूर्ण भेद खोलेको छ । यसैबेला अस्मिता आमा अगाडि आएर देशले नागरिकसँग कर्तव्यबोधको आशा गरेको कुरा व्यक्त गर्छिन् र मान्छेको कर्ममा देश देखिन्छ भन्छिन् ।

## चौबीसौँ सर्ग

यस सर्गको शीर्षक *देशले के दियो* भन्ने रहेको छ । अस्मिता आमाले देशले के दियो भन्ने सुनेकी हुन्छिन् । उनी देशले सबै दियो, सबैभन्दा महत्त्वपूर्ण त तिमी दियो भनेर उत्तर दिन्छिन् । अब उनीहरू चित्तचौतारोमा पुगिसकेका हुन्छन् । काव्य भनेको देश हो भन्ने पनि खुलिसकेको छ र कवि अब देश खोज्न कहाँ जाउँ ? भनेर प्रश्न गर्छन् ।

## पच्चीसौँ सर्ग

यस सर्गको शीर्षक *देश खोज्न कहाँ जाऊँ* भनेर राखिएको छ । यस सर्गमा देश देशसँग नभई नागरिकसँग हुनुपर्ने विचार कविले व्यक्त गरेका छन् । आफूसँग देशभक्ति नभई देश खोज्न जानु त गाग्री नलिएर पानी भर्न जानुजस्तै हो यसर्थ देश खोज्न पहिले आफूमा देशप्रति समर्पणको भाव हुनुपर्छ । देश चर्मचक्षुले हेरेर देखिँदैन । देश त भित्री आँखाले खोज्नुपर्छ । देशसँग माग्ने होइन देशलाई दिनुपर्छ भन्ने विचार यस सर्गमा व्यक्त गरिएको छ ।

**छब्बीसौँ सर्ग**

यो महाकाव्यको अन्तिम सर्ग हो । यस सर्गको शीर्षक *अबको बाटो* रहेको छ । आजसम्म जे-जस्तो भएपनि अब देश बनाउन सकारात्मक सोच लिनुपर्छ भन्ने कविको दृष्टिकोण सँगसँगै कविले देशको चरणमा धरा समर्पण गरेर यो महाकाव्यलाई पूर्णता दिएका छन् ।

### ३.३.३ पात्रविधान

पात्रविधानका दृष्टिले **धरा** महाकाव्यलाई नियाल्दा यसमा मूलतः काल्पनिक पात्र भेटिन्छन् र एउटा पात्र कवि स्वयम् छन् । यसका काव्य शर्मा र कविता काल्पनिक पात्र हुन् । नवराज लम्साल कवि स्वयम् हुन् । काव्य र नवराज लम्साल पुरुष पात्र हुन् भने कविता नारी पात्र हुन् । महाकाव्यको उत्तरार्धतिर देखापर्ने बूढी आमा काल्पनिक नारी पात्र हुन् । महाकाव्यको ऊन्नाइसौँ सर्ग हेर्दा मधेस, पहाड र हिमालले आफ्नो आवाज प्रस्तुत गरेका छन् यसर्थ हिमाल, पहाड र मधेस पनि पात्रका रूपमा देखा पर्दछन् । मानवीय, अमानवीय, मुख्य, गौण, सहायक, यथार्थ तथा काल्पनिक पात्रहरू यस महाकाव्यमा प्रयोग भएका छन् तापनि प्रत्यक्ष भूमिकामा देखा परेका केही मुख्य पात्रहरूको चरित्रगत विशेषता यसरी हेर्न सकिन्छ :

**(क) काव्य शर्मा**

काव्य शर्मा **धरा** महाकावयका प्रमुख पुरुष पात्र हुन् । देशले भेष बदलेको स्वरूपमा देखा परेका उनी महाकाव्यका केन्द्रमा रहेका छन् । परिवर्तित स्वरूप र नाममा उनी काव्य शर्मा भए पनि आफै देश हुन्, धरा हुन् र जन्मभूमि हुन् । उनकै महिमा वा भावलाई मध्यनजर गरी महाकाव्यको शीर्षक **धरा** राखिएकाले पनि उनी महत्त्वपूर्ण पात्र हुन् । चित्तचौतारोबाट उनको यात्रा सुरु भएको छ । उनले दौरा, सुरुवाल र ढाका टोपी लगाएका छन् र झोला भिरेर यात्रामा निस्केका छन् । उनको वास्तविक पहिचान महाकाव्यको तेइसौँ सर्ग (*देशको अनुहार* शीर्षकको) मा खुलेको छ । उक्त सर्गको चौँथो श्लोकदेखि सर्गभरिमा देशको परिचय खुलेको छ । अनेक जातजाति मिलेर बनेको एक सिङ्गो जाति, भाषा-भाषा मिलेर बनेको एक सिङ्गो भाषा, संस्कृति-संस्कृति मिलेर बनेको एक सिङ्गो संस्कृति, भूगोल-भूगोल मिलेर बनेको एक सिङ्गो

भूगोल नै नेपाल हो । त्यही नेपालको परिवर्तित रूपमा नै काव्य शर्मालाई चिनाइएको छ । उनको चरित्र खुल्ने केही पङ्क्ति यी हुन्:

एकै देश अनेक जात थरमा राई र लिम्बू म हुँ
साँच्चै धीर धिमाल वीर बलियो कोचे र मेचे म हुँ
राज्यै छैन र राजवंश भनिने त्यै राजवंशी म हुँ
गन्गाई र सतार पूर्वतिरका पूर्वीय थारु म हुँ ॥

(**धरा,** पृ. ३६२: २३/४)

आफैमा दश नाम नाम थरका सन्यास आस्था म हुँ
क्षेत्री हुँ खस हुँ खसान तिनका शाखा प्रशाखा म हुँ
आफै डोम चमार ठाकुर सदा मोची र रैदास हुँ
साझा तत्त्व मभित्र खुल्छ मनमा बाग्दास सुन्दास हुँ ॥

(**धरा,** पृ. ३६३:२३/९)

यसरी कविले वर्णन गरेझैँ काव्य शर्माको चरित्र देश हो । उनी यस महाकाव्यका बद्ध र केन्द्रीय भूमिकाका पात्र हुन् ।

**(ख) कविता**

कविता **धरा** महाकाव्यकी नायिका हुन् । गुन्युचोली लगाउने, चुल्ठी बाँध्ने, चम्किलो अनुहार भएकी कविताका गाजले आँखा छन् । विस्तारै कामेजस्तो ओठको सौन्दर्य छ । उनी काव्यकी प्रेमिकाको रूपमा पनि देखा परेकी छिन् । काव्यको यात्रामा उनको साथ पूर्णतः रहेको छ । उनी देशलाई माया गर्ने पात्रका रूपमा देखापरेकी छिन् । उनको चरित्र खुल्ने केही पङ्क्ति यस प्रकार छन्:

गुन्युचोली र चुल्ठी कपालको
दूध पोखिएजस्तो उज्यालो अनुहार
गाजले आँखाको कोषबाट प्रेम पोखिएजस्तो
विस्तारै कामेजस्तो ओठको सौन्दर्य ॥

(**धरा,** पृ. १४१: ९/९)

यसरी हेर्दा कविता सुन्दर नारी पात्र र देशभक्तका रूपमा चिनिएकी छिन् ।

### (ग) **नवराज लम्साल**

नवराज लम्साल यस महाकाव्यका सहायक पात्र हुन् । उनी कवि हुन् । जीवनसँग विरक्तिएका उनी काव्य र कविताको यात्राका साथी पनि हुन् । यस महाकाव्यको चौथो सर्गको शीर्षक नै *नवराज लम्साल* छ र यही सर्गबाट उनको चरित्र प्रष्ट हुन्छ । उनले अरू सबैलाई दोष दिएर आफूमात्र देशभक्त भएको कुरा व्यक्त गर्ने परम्परालाई तोड्दै आफ्नो कर्तव्यमाथि पनि प्रश्न चिह्न खडा गरेका छन् । उनी देशभक्त सत्पात्रका रूपमा चित्रित छन् । उनको चरित्र खुल्ने केही श्लोक यसप्रकार छन् :

आगो छोपेर छोपिन्न
भन्थिस घोप्नेहरू जुटे
मसानघाटका मुर्दा
उठेझैँ ठमठमी उठे ।

(**धरा,** पृ. ५८: ४/२८)

तँ देश प्रेमको तेरै
सपना बाँच्न दे तँमा
देश खुल्छ कि खुल्दैन
हेरेस् तँ प्यारले ममा ।

(**धरा,** पृ. ५८: ४/३०)

### (घ) **बूढी आमा**

यस महाकाव्यमा देखा परेकी नारी पात्र हुन् बुढी आमा । उनलाई धेरै कुरा थाहा छ देश, इतिहास आदि । कविले *वसन्तपुर* शीर्षकको सर्गमा तिनै आमासँग देशको बारेमा सोधेका छन् भने म *अस्मिता* शीर्षकको सर्गमा आमाले म देश हुँ भनेकी छिन् । यो देश बनायौँ भन्नेहरू हिजो अस्तिका हुन् तर आफू कयौँ समयदेखिको भएको कुरा आमाले बताएकी छिन् । उनको चरित्र प्रष्ट पार्ने केही पङ्क्तिहरू यसप्रकार छन् :

म माटो हुँ, म पानी हुँ

म इतिहास हुँ, जिउँदा कुवाहरूको साक्षी हुँ

मैले देखेको छु देशको स्वरूप र सीमा

मैले भोगेको छु इतिहासको मोड र घुम्ती

लाछिएको अनुभव छ

ताछिएको अनुभव छ

र जेनतेन बाँचेको वीरताको सम्झना छ

भन बाबु

म को हुँ ? एकै स्वर र एकै शब्दमा कसरी चिनाउँ तिमीलाई ?

(**धरा**, पृ ३५२: २२/४)

### ३.३.४ परिवेशविधान

प्रस्तुत महाकाव्यमा धादिङदेखि काठमाडौँसम्मको परिवेश रहेको छ । यात्राको क्रममा यात्रीहरू चित्तचौतारोबाट काठमाडौँ पुगेका छन् । उनीहरू मातातीर्थ, वसन्तपुर, प्रज्ञाप्रतिष्ठान, कीर्तिपुर लगायतका ठाउँमा घुमेको वर्णन महाकाव्यका छ । विशेष गरेर धादिङबाट सुरुभएको यात्रा काठमाडौँ उपत्यकाभित्र नै केन्द्रित छ र यही यस महाकाव्यको स्थलगत परिवेश मान्न सकिन्छ । यसैगरी प्रस्तुत महाकाव्यमा देशको समसामयिक वातावरणको चित्रण भएकाले देशको वर्तमान समय नै कालगत परिवेश हो ।

### ३.३.५ विचार

यस महाकाव्यको मूल विचार राष्ट्रप्रेम हो । राष्ट्रियता, जातीय एकता, स्वाधीनतालाई यहाँ विचार सम्प्रेषणको माध्यम बनाइएको छ । देशले केही दिएन, केही गरेन भन्ने चिन्तनबाट माथि उठेर आफूले देशका लागि के गरेँ भन्ने कुराको चिन्तन गर्नुपर्छ । देश सबैभन्दा माथि भएको भाव वा विचार कविले यसरी व्यक्त गरेका छन् :

पहिलो माटो दोस्रो आमा

संस्कृतिको काख तेस्रो

चौथो म हुँ पाचौँ मेरो

जिन्दगीको परिवेश हो ।

(**धरा,** पृ. १५३: १०/१७)

राष्ट्र स्वाधीन रहेमात्र राष्ट्रवासी स्वाधीन हुन्छन् । राष्ट्रिय स्वाधीनताका रक्षक देशका मुख्य जिम्मेवार सञ्चालक हुन् । तिनले गल्ती गरे देशको स्वाधीनता गुम्छ भन्ने विचार यस महाकाव्यमा यसरी व्यक्त भएको छ :

देश दोष हुँदै हुन्न

दोषी हुन् देशका अरू

हल्लाले देश हाँक्ने वा

दोषी छन् जनताहरू ।

(**धरा,** पृ. ४२: ३/१८)

देशले नदिने के छ ?

के रोक्छ देशले कहाँ

छेक्ने शासक हुन् जान

के छेक्छ देशले यहाँ ?

(**धरा,** पृ. ८५: ६/४)

कविले केवल शासकलाई मात्र नभएर जनतालाई पनि दोषी छन् भनेका छन् । जसले देश निर्माणमा एउटा इट्टा पनि थपेनन् उनीहरूले नै ठूला कुरा गर्ने परम्परा बसेको छ । यो गलत हो भन्ने विचार पनि धरा महाकाव्यमा प्रस्तुत भएको छ ।

मान्छेले मान्छेभित्रको मान्छे बिर्सेको छ । अब नेपालीले आफूभित्र आफू खोज्नुपर्छ । हाम्रो पहिचान पुर्खाहरूको नामले मात्र बनेको तर हामीले केही नगरेको गुनासो कविको छ । अब हामीले आफूलाई चिन्नुपर्ने विचार यस महाकाव्यमा प्रस्तुत छ । जस्तै :

म भित्रको यो म हुने म तत्त्व
छ उर्वराशक्ति र उर्वरत्व
राख्दै नराखूँ मनभित्र थाती
धेरै छ मैले अझ गर्न बाँकी ।

(**धरा,** पृ. २: १/४)

समग्रमा भन्दा प्रस्तुत महाकाव्यमा देशलाई मुख्य विषयवस्तु बनाइएको छ । अब हरेक नागरिकले आफ्नो कर्तव्यबोध गरी देशका लागि केही गर्नुपर्छ भन्ने विचार व्यक्त भएको छ । हामी सीता, भृकुटी आदिका नामले विश्वमा चिनिएका छौँ तर उनीहरूले दिएको दर्शनबाट नै हामी स्खलित भएका छौँ । हामीले देशले गर्व गर्न लायक कुनै पनि काम गर्न नसकेकाले अब सबैले देशका लागि र स्वयम् आफ्ना लागि नयाँ इतिहास रच्नुपर्ने र सफलताका लागि अरूलाई दोष दिनुभन्दा पनि आफ्नो कमजोरी सच्याइनु पर्ने विचार प्रस्तुत भएको छ । यस्तै हामीमा रहेका विभिन्न विभेदको अन्त्य भएको विन्दुबाट नै हाम्रो अविच्छिन्न र अपराजित राष्ट्रियता सुरु हुने विचार प्रस्तुत महाकाव्यमा व्यक्त भएको छ ।

### ३.३.६ रसविधान

महाकाव्यका प्रमुख विशेषतामध्ये रसभावको सहज अभिव्यक्ति पनि एक हो । प्रस्तुत महाकाव्यमा मूलतः वीर, शान्त, शृङ्गार र करुण रसको प्रयोग भएको पायन्छ । महाकाव्यमा नवरसमध्ये कुनै एक रस अङ्गरस र अरू रसलाई अङ्गी रसका रूपमा प्रयोग गरिएको हुन्छ । यस महाकाव्यमा शान्त रसलाई अङ्ग रस र अरूलाई अङ्गी रसका रूपमा प्रयोग गरिएको पाइन्छ । महाकाव्यको उठान शान्त रसबाट भएको छ र महाकाव्यभरि सबैभन्दा बढी प्रयोग भएको रस पनि शान्त रस नै हो । बीचबीचमा प्रसङ्गअनुसार श्रृङ्गार, वीर, करुण रसको प्रयोग भएको छ । जस्तैः

धोएर आँखा नरुने म देऊ
रोएर छाती नधुने म देऊ
छुनेहरूले नहुने म देऊ
मभित्र मेरै म हुने म देऊ ।

(**धरा,** पृ. १: १/१)

यसैगरी प्रस्तुत महाकाव्यमा श्रृङ्गार रसको पनि प्रयोग पाइन्छ । सोह्रौं सर्ग जसको शीर्षक *मायाका कुरा* छ त्यसमा श्रृङ्गार रसको प्रयोग बढी पाइन्छ । जस्तै :

आऊ प्यारा प्रणयपनमा प्रीत बाँधूँ पराग
आशा झुल्ने लहरा लहरा राग वैराग राग
हाँस्दै खेल्दै रमणरमणी प्रेम बाँधेर पास
पासो बाँधूँ तर प्रियतमा बाँध्न पाइन्न आस ।

(**धरा,** पृ. २६०: १६/२०)

यस्तै यस महाकाव्यमा वीर रसको पनि प्रयोग पाइन्छ । जस्तैः

मान्छे हार्ला तर पनि बुझेस् देश हार्दैन मेरो
मान्छे मर्ला तर पनि बुझेस् देश मर्दैन मेरो
कालो मैलो कलुषित सबै तोड्छु मैले बुझेस तँ
तेरो मेरो सबतिर सबै जोड्छु मैले बुझेस् तँ ॥

(**धरा,** पृ. ३८: २/४५)

प्रस्तुत महाकाव्यमा प्रयोग भएको अर्को रस हो करुण रस । जस्तैः

एक्लो यो सुनसान स्वप्न नगरी एक्लै छु आफू पनि
बेग्लै लाग्दछ दृश्य यो सहरको बेग्लै छु आफू पनि
सारा दृश्य बटुल्छु भुल्छु दुनियाँ मै रुन्छु पीडा सुनुँ
एक्लो यो अनुहार ! किन्तु यसमै मान्छे हजारौं उनूँ ।

(**धरा,** पृ. ८२: ५/४२)

यसरी प्रस्तुत महाकाव्यमा शान्त, वीर, करुण र श्रृङ्गार रसको अभिव्यक्ति भएको देखिन्छ । यी सबै रसमध्ये शान्त र श्रृङ्गार रस परिपाकका अवस्थामा बढी पुगेको देखिन्छ भने वीर र करुण रस भने परिपाकका अवस्थामा कम पुगेको आभास हुन्छ । निष्कर्षमा **धरा** महाकाव्य वीर, करुण र श्रृङ्गार रस सहायक रसका रूपमा प्रवाहित भएको शान्त रसप्रधान महाकाव्य हो ।

### ३.३.७ लयविधान

वर्ण, गण, मात्रा आदिको अनुशासनमा रहने लयलाई बद्धलय वा पद्य भनिन्छ भने वर्ण, गण, मात्रा आदिको अनुशासनबाट मुक्त लयलाई मुक्तलय वा गद्य भनिन्छ । नेपाली काव्य साहित्यको इतिहासलाई हेर्दा पद्यलय अर्थात् छन्दलाई कविताको मुख्य अङ्ग माने तापनि गोपालप्रसाद रिमालको उदयपछि गद्यलयलाई पनि पद्य जत्तिकै महत्त्व दिइएको र प्रयोग गरिएको पाइन्छ । यस महाकाव्यमा पनि गद्य र पद्य दुवै लयलाई समान महत्त्वका साथ प्रयोग गरिएको पाइन्छ ।

#### ३.३.७.१ 'धरा' महाकाव्यमा बद्धलय ढाँचाको प्रयोग

नवराज लम्सालले **धरा** महाकाव्यमा वार्णिक र लोकलय गरी निम्नानुसार दुई प्रकारका बद्ध लयको प्रयोग गरेका छन् :

**(क) वार्णिक छन्द**

> वर्ण र मात्राको क्रमबद्ध रखाइबाट रचना गरिएको छन्दलाई वार्णिक छन्द भनिन्छ (नेपाल, २०७३ : ४८) । संस्कृत र नेपाली भाषामा अत्यधिक प्रयोग हुने यस छन्दको निश्चित सूत्र हुन्छ, जसलाई गणका आधारमा रचना गरिन्छ । यसका प्रत्येक पाउमा बराबर सख्यामा गणहरू रहन्छन् । **धरा** महाकाव्यमा उपजाति, वसन्ततिलका, शिखरिणी, मन्दाक्रान्ता, शार्दूलविक्रीडित, अनुष्टुप र स्रग्धरा वार्णिक छन्दको प्रयोग गरिएको पाइन्छ ।

**शार्दूलविक्रीडित छन्द**

शार्दुलविक्रिडित छन्दको हरेक पाउमा उन्नाईस-उन्नाईस अक्षरहरू हुन्छन् । उन्नाईस अक्षरहरूमध्ये बाह्रौँ र उन्नाईसौँ अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा मगण, सगण, जगण, सगण तगण, तगण र अन्तिम वर्ण गुरु हुन्छ (नेपाल, २०७३ : २१६) । **धरा** महाकाव्यमा नवराज लम्साल शीर्षकको सर्गमा पाँच, *देशको अनुहार* शीर्षकको सर्गमा तेत्तीस, कविता *कथन शीर्षक*को सर्गमा छ, *काव्य शर्मा* शीर्षकको सर्गमा नौ, *देशाटन* शीर्षकको सर्गमा एक, *धादिङ* शीर्षकको सर्गमा आठ, *मातातीर्थ* शीर्षकको सर्गमा नौ र *आवाज* शीर्षकको सर्गमा सात श्लोक यस छन्दमा रचना गरिएका छन् ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| म | स | ज | स | त | त | गुरु |
| ऽऽऽ | ।।ऽ | ।ऽ। | ।।ऽ | ऽऽ। | ऽऽ। | ऽ |

सङ्लो प्यार पिएर प्रेम रसमा आमा कलाकार हौ
सारा सृष्टि प्रपञ्च यो जगतकी आधार हौ धार हौ
बग्छौ स्नेह बनेर रक्त धमनी सर्लक्क धारा ममा
औंसीमा पनि जून झल्मल तिमी आमा तिमी पूर्णिमा ॥

(**धरा,** पृ. १३/३२)

**अनुष्टुप छन्द**

श्लोके षष्ठं गुरु ज्ञयं सर्वत्र लघु पञ्चमम्।
द्विचतुष्पादयोह्रस्वं सप्तमम् दीर्घमन्ययोः ॥

जम्मा आठ अक्षरको एक पाउ हुने र चार पाउको एक श्लोक हुने छन्द अनुष्टुप छन्द हो । अनुष्टुप छन्दको हरेक पाउमा पाँचौ अक्षर लघु, छैटौँ गुरु, दोस्रो र चौथो पाउको सातौँ अक्षर लघु र पहिलो र तेस्रो पाउको सातौँ अक्षर गुरु हुन्छ । यसमा अरू छन्दमा जस्तो गण व्यवस्था हुदैन (नेपाल, २०७३ : २५६) । **धरा** महाकाव्यमा *को हौ, के हो तिम्रो परिचय ?* शीर्षकको सर्गमा साठी, *देशको खोजी* शीर्षकको सर्गमा छैसट्ठी, *नवराज लम्साल* शीर्षकको

सर्गमा त्रिपन्न, *अन्तरबोध* शीर्षकको सर्गमा एघार, *सडक यात्रा* शीर्षकको सर्गमा दश, *आवाज* शीर्षकको सर्गमा एक सय बयालीस, *देशको अनुहार* शीर्षकको सर्गमा तीन र *अबको बाटो* शीर्षकको सर्गमा एकचालीस श्लोक रचना गरिएका छन् :

मूलाधार बनूँ जम्मै, शक्ति सम्पूर्ण देशकै ।

सुन्तला जसरी बस्छ, केस्रा अनेक एक भै ॥

(**धरा,** १९/३७)

### उपजाति छन्द

इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दका विभिन्न पाउ मिलेर उपजाति छन्द बन्दछ अर्थात् यस छन्दको हरेक पाउमा एघारएघार अक्षर हुन्छन् । कुनै पाउमा त, त, ज गण र अन्तिम दुई वर्ण वा अक्षर गुरु हुन्छन् भने कुनै पाउमा ज, त, ज गण र अन्तिम दुई वर्ण वा अक्षर गुरु हुन्छन् ( नेपाल, २०७३ : ११०) । यस महाकाव्यमा *आरम्भ* शीर्षकको सर्गमा पचास, *म अस्मिता* शीर्षकको सर्गमा आठ र *देश खोज्न कहाँ जाऊँ* शीर्षकको सर्गमा चार श्लोक यस छन्दमा रचना गरिएका छन् ।

संसारको सुन्दरता म रोजूँ

र सृष्टिको सार मभित्र खोजूँ

म चुम्न पाऊँ ममता र माटो

बाटो नछेकीकन टेक्छु बाटो ।

(**धरा,** १/३१)

### शिखरिणी छन्द

अन्त्यष्टि भेदअन्तर्गत पर्ने शिखरिणी छन्दमा चार पाउको एक श्लोक हुन्छ र हरेक पाउमा सत्रसत्र अक्षर हुन्छन् । सत्र अक्षरमध्ये छ र एघार अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा यगण, मगण, नगण, सगण, भगण र अन्तिम दुई वर्णमध्ये पहिलो लघु अन्तिम गुरु हुन्छ

(नेपाल, २०७३ : २००) । **धरा** महाकाव्यमा *प्रज्ञा* शीर्षकको सर्गमा पाँच र *वसन्तपुर* शीर्षकको सर्गमा एक श्लोक यस छन्दमा रचना गरिएका छन् ।

य म न स भ लघु गुरु

ISS SSS III IIS SII I S

हिजो हाम्रो बाटो वनवन बुनेको श्रम शिखा
शिखा बुन्थे टेक्थे टुकुटुकु हिडी कन्टक तिखा
तिनै गाथा पढ्दै नवयुग लिने नव्ययुग यो
पढूँ खोजूँ भेटूँ अनुमति मिलोस् देशसितको ।

(**धरा,** १७/२१ )

## वसन्तलतिका छन्द

वसन्तलतिका छन्दको हरेक पाउमा चौध-चौध अक्षरमध्ये आठ र छ अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा तगण, भगण, जगण र अन्तिम दुई वर्ण गुरु हुन्छन् (नेपाल, २०७३ : १६९) । यस महाकाव्यमा *राजधानी* शीर्षकको सर्गमा तीन, *मिलन* शीर्षकको सर्गमा आठ र *देशको अनुहार* शीर्षकको सर्गमा अठार श्लोक यस छन्दमा रचना गरिएका छन् ।

त भ ज ज गुरु गुरु

SSI SII ISI ISI S S

वैविध्य वाद विविधा विधिकर्म धारा
बग्दा बहन्छ पिरति श्रुति सान्ध्य सारा
बग्दै रहूँ बगिरहूँ श्रम पोख्न पाऊँ
नेपाल यो शिर बनोस् शिर देख्न पाऊँ ।

(**धरा,** २१/२८)

**मन्दाक्रान्ता छन्द**

मन्दाक्रान्ता छन्दको हरेक पाउमा सत्र-सत्र अक्षरहरू हुन्छन् । सत्र अक्षरमध्ये चौथो, दशौँ र सत्रौँ अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा मगण, भगण, नगण, तगण, तगण र अन्तिम दुई वर्ण गुरु हुन्छन् । यस छन्दको प्रयोग विशेषतः कोमल एवम् हृदयसंवेद्य भावयुक्त र करुण रसमा विशेष प्रभावपूर्ण हुन्छ (नेपाल, २०७३ : २०३) । यस महाकाव्यमा *छायारूप* शीर्षकको सर्गमा पाँच, *मायाका कुरा* शीर्षकको सर्गमा पाँच र *अन्यौल* शीर्षकको सर्गमा सात श्लोक मन्दाक्रान्ता छन्दमा रचना गरिएका छन् ।

म भ न त त गुरु गुरु

ऽऽऽ ऽ।। ।।। ऽऽऽ ऽऽऽ ऽ ऽ

मेरी नौली प्रियतम सखा दिव्य वैशाख धाम
जस्को न्यानो करकमलको प्रेम आराम राम
आफ्नै छाया छिरबिर बुटे छैन ममा उदार
आफैँ जागोस् मधुर मनमा एक नौलो बहार ।

(**धरा,** १६/१९)

**स्रग्धरा छन्द**

स्रग्धरा छन्दको हरेक पाउमा एक्काईस-एक्काईस अक्षहरू हुन्छन् । एक्काईस अक्षरहरूमध्ये सातौँ, चौधौँ र एक्काइसौँ अक्षरमा विश्राम हुन्छ । प्रत्येक पाउमा मगण, रगण, भगण, नगण, यगण, यगण, यगण हुन्छ (नेपाल, २०७३ : २२७) । यस महाकाव्यमा *काठमाडौँ* शीर्षकको सर्गमा छ श्लोक स्रग्धरा छन्दमा रचना गरिएका छन् ।

म र भ न य य य

ऽऽऽ ऽ।ऽ ऽ।। ।।। ।ऽऽ ।ऽऽ ।ऽऽ

वैशाखी फूल टिप्दै अपरिचित कुनै प्रेमबाला उदाइन्
स्वप्ना हो या बिपत्ता बहुबिध विपना मन्द मुस्कान छाइन्
सारा सारा सुसारा सुखद सुख लता पुष्प बल्ली पराग
यी वासन्ती लताका किसिमकिसिमका फूलले पूर्ण बाग ।

(**धरा,** १५/२६)

### (ख) 'धरा' महाकाव्यमा लोकलयको प्रयोग

गण र मात्राको अनुशासनबाट मुक्त, अक्षरको गणना हुने र गेयात्मकता आदि विशेषता हुने लय लोकलय हुन् (नेपाल, २०७३ : २२५) । लोकलय लोकभावना तथा लोकजीवनसँग प्रत्यक्ष मेल खाने हुन्छन् । **धरा** महाकाव्यमा गीति र झ्याउरे लोकलयको प्रयोग गरिएको पाइन्छ । जसलाई निम्नानुसार विश्लेषण गर्न सकिन्छ :

**झ्याउरे लोकलय**

साधारणतया दुई पाउको एउटा श्लोक र हरेक पाउमा सोह्रसोह्र अक्षर हुनेलाई झ्याउरे छन्द भनिन्छ । जसमध्ये पाँचपाँच र छ अक्षरमा विश्राम हुन्छ अर्थात् ३+२, ३+२, ३+३ गरी यति मिलाएर वाचन गर्नुपर्छ (नेपाल, २०७३ : २५६) । **धरा** महाकाव्यको *आरम्भ* शीर्षकको पहिलो सर्गमा चौध श्लोक म *अस्मिता* शीर्षकको सर्गमा तीन श्लोक, *देशको अनुहार* शीर्षकको सर्गमा आठ श्लोक र *देशले के दियो* शीर्षकको सर्गमा तेह्र श्लोक गरी जम्मा अठ्तीस श्लोक यस छन्दमा रचना गरिएका छन् ।

देशमै बाँचू शान्तिले बाँचू देशकै गाऊँ गीत
मलाई मिलोस् म हिड्ने बाटो मैद्वारा परिचित ।

(**धरा,** १/५४)

नफुल्नु पनि फुल्नुको साक्षी फुल्नुमा उस्को हात
यो माटो माग्छ नागरिकसँग कर्तव्य एकै साथ ।

(**धरा,** २३/६२)

**गीतिलय**

गीत जस्तै गेयात्मकता विशेषता भएको लयलाई गीतिलय भनिन्छ (नेपाल, २०७३ : २५६) । यस महाकाव्यमा *धादिङ* शीर्षकको सर्गमा ६७ श्लोक गीतिलयमा रचना गरिएका छन् :

पहिलो माटो दोस्रो आमा
संस्कृतिको काख तेस्रो
चौँथो म हुँ पाचौं मेरो
जिन्दगीको परिवेश हो ।

(**धरा,** १०/१७ )

### ३.३.७.२ 'धरा' महाकाव्यमा मुक्तलय ढाँचाको प्रयोग

नियमित लयको आवश्यकता नपर्ने मुक्तलय अर्थात् गद्य लयको पनि **धरा** महाकाव्यमा सफल प्रयोग गरिएको पाइन्छ । विभिन्न सर्गमा गरी जम्मा चार सय अठतीस पङ्क्तिपून्ज गद्यलयमा रचना गरिएका छन् ।

बोल्नु बोल्यौँ, काम गरेनौँ
इतिहास बिर्सियौँ, वर्तमान बुझेनौँ
आएको परिवर्तन मझधारमा छ
र सँगै छ प्रश्न पनि
परिवर्तन देशका लागि हो कि
देश परिवर्तनका लागि ?
अनुत्तरित छन् धेरै प्रश्नहरू
र समयकै कठोर कठघरामा छन् धेरै मान्छेहरू
भन महोदय
देशसँग ठूला कुरा माग्नुअघि
हामी यी सबै परीक्षाबाट उत्तीर्ण हुनुपर्दैन ?

(**धरा,** २४/२४ )

नेपाली काव्य परम्परामा बद्धलयलाई काव्यको अभिन्न अङ्गका रूपमा लिइए पनि आधुनिक नेपाली काव्य जगतमा मुक्तलयले पनि समान महत्त्व प्राप्त गरेको छ । यी दुवै लयलाई समान महत्त्वका साथ प्रयोग गरिएका महाकाव्यमध्ये देश तथा देशप्रेमलाई मुख्य विषयवस्तु बनाइएको **धरा** महाकाव्यमा नवराज लम्सालले बद्धलय ढाँचाका वार्णिक, गीतिलय र मुक्तलय ढाँचाको प्रयोग गरेका छन् । वार्णिक लय ढाँचाका सात, लोकलय ढाँचाका दुई र मुक्तलय ढाँचाको गद्य लय गरी जम्मा दश लयको प्रयोग गरिएको यस महाकाव्यमा एकाऊन्न पटकसम्म लय परिवर्तन गरिएको छ ।

### ३.३.८ सर्गविधान

प्रस्तुत महाकाव्यको सर्ग विधान छब्बीस सर्गको रहेको छ । हरेक सर्गलाई शीर्षकीकरण गरिएको छ । महाकाव्यको कथावस्तु नै स्वैरकल्पनामा आधारित भएकाले प्रायः पात्रहरू

काल्पनिक छन् । सुरुका सर्गमा कथा विस्तारै अघि बढेको छ भने नवौं सर्गमा पुगेपछि द्रुत गति लिएको देखिन्छ । आयतनका दृष्टिले कथावस्तुको आवश्यकताअनुसार कुनै सर्ग लामा र कुनै छोटा छन् । सबै सर्गमा पद्य र गद्य मिश्रित लय प्रयोग भएको छ । समग्रमा भन्दा यस महाकाव्यमा महाकाव्यको पूर्वीय मान्यताअनुसार नै सर्ग विधान रहेको छ ।

### ३.३.९ भाषाशैली

प्रस्तुत महाकाव्यमा सुस्पष्ट, सरल र सरस भाषाशैलीको प्रयोग भएको छ । नेपालभरिका विभिन्न संस्कार, संस्कृतिको उठान गर्ने क्रममा विभिन्न भाषिकाका स्थानीय शब्दहरू पनि यस महाकाव्यमा प्रयोग भएको छन् । जस्तै :

ठाडी, मागल पुज्य पर्वहरूको भुस्सो र ठुस्सो धून
गौरागान र खानपान बिरुडा गौरी गला गायन
खोल्सी भीर सुधीर शान्त रसको वाणी र यात्री म हुँ
एकै ठाउँ दुई दुवै मिलीजुली सेती र काली म हुँ ।

(**धरा,** २३/१९)

यस श्लोकमा प्रयोग भएका ठाडी, मागल, गौरा, बिरुडा जस्ता शब्दहरू डोटेली भाषिकाअन्तर्गत पर्ने शब्दहरू हुन् र यी शब्दले त्यहाँको स्थानीय परिचय झल्काउँछन् ।

### ३.३.१० शीर्षकीकरण

प्रस्तुत महाकाव्यको शीर्षक **धरा** हो । धराको अर्थ धर्ती भएकाले कविले यसलाई जन्मभूमिसँग जोडेका छन् । हरेक मान्छेका लागि उसको जन्मभूमि नै उसको धरा हो भन्ने कविको दृष्टिकोण रहेको छ । उनले यस महाकाव्यमा प्रयोग गरेका नायक काव्य शर्मा पनि धराको छायारूप हुन् । देशले भेष बदलेर काव्य शर्मा नामाकरण गरी देशाटनमा हिँडेको प्रसङ्ग महाकाव्यमा छ । यसर्थ यही भावमा आधारित भएर कविले यस महाकाव्यको शीर्षकीकरण गरेका छन् । प्रमुख नायकको चरित्रसँग शीर्षक जोडिएकाले नायकप्रधान शीर्षकीकरण पनि भन्न सकिन्छ । महाकाव्यभरि जन्मभूमिको महिमा गान भएकाले शीर्षक सार्थक पनि छ ।

## ३.४ निष्कर्ष

नेपाली साहित्यमा दुई महाकाव्य प्रकाशित गरेका नवराज लम्साल स्वच्छन्दतावादी कवि हुन् । विविध विषयमा काव्य रचना गर्न सक्ने उनका कृतिमा विषयगत विविधता पाइन्छ । उनले विविध रस, छन्द, अलङ्कारको सफल प्रयोग गरेका छन् । उनका कृतिमा आख्यानीकरण र विचारको सन्तुलन भेटिन्छ । **धरा** महाकाव्यमा पनि उनका यी विशेषतासँगै आत्मसंयम र दीर्घसाधनाको प्रभाव भेटिन्छ । विविध कोणबाट अध्ययन गर्दा प्रस्तुत महाकाव्य एक सफल महाकाव्यका रूपमा चिनाउन सकिन्छ ।

## परिच्छेद : चार

# 'धरा' महाकाव्यमा राष्ट्रियताको अध्ययन

## ४.१ विषय प्रवेश

सामान्य अर्थमा देश, राष्ट्र र राज्यजस्ता शब्दहरू पर्यायवाची शब्दका रूपमा प्रयोग भए तापनि विभिन्न विद्वान्का दृष्टिकोण र विचार अध्ययन गर्दा राष्ट्र र राज्यलाई एउटै मान्न सकिँदैन किनभने राज्य भनेको राजनीतिक सङ्गठन हो र राष्ट्र भनेको एक स्वशासित जाति हो (पोखरेल, २०७३ : ७४) । कैयौँ समाजशास्त्रीहरू राज्य, राष्ट्र र राष्ट्रियतालाई अलग मान्दैनन् । ग्रिल क्राइस्टका अनुसार जात र जाति मिलेर राष्ट्र बन्छ । प्रकारान्तरमा राष्ट्र त्यो राज्य हो जसका वासिन्दाहरूमा राष्ट्रियताको भावना हुन्छ भनेर राष्ट्रलाई परिभाषित गर्छन् (पोखरेल, २०७३ : ७४) । **बृहत् नेपाली शब्दकोश**मा पनि राष्ट्रलाई अर्थ्याएको पाइन्छ । जनता सरकार तथा सार्वभौमसत्तासम्पन्न भएको कुनै देश, मुलुक नै राष्ट्र हो । अर्थात् एक देशको एउटै संस्कृति तथा अर्थव्यवस्थामा आबद्ध समस्त नागरिकलाई राष्ट्र भनिन्छ (अधिकारी, २०७१ : १२०९) । एउटा भूगोल, जनसङ्ख्या, सरकार र सार्वभौमसत्तासम्पन्न जस्ता तत्त्वको संयोजनले एउटा राज्यको निर्माण हुन्छ । सामान्य अर्थमा भन्दा त्यही राज्यप्रतिको प्रेम नै राष्ट्रियता हो । यसको प्रत्यक्ष सम्बन्ध राज्यसँग नै हुन्छ ।

## ४.२ राष्ट्रियता

राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको भावना राष्ट्रियता हो (अधिकारी, २०७१ : ११००) । यसलाई आत्मिक भावना वा सिद्धान्त भन्न सकिन्छ । राष्ट्रलाई प्रतिनिधित्व गर्ने जनसमुदाय उसको सम्प्रभुता जाति, भाषा, संस्कृति आदि देश निर्माण गर्ने तत्त्व हुन् । यी तत्त्वले नै राष्ट्रियतालाई बुझाउँछन् (खनाल, २०७५ : ६) ।

वर्तमान नेपालको निर्माण गोरखाका राजा पृथ्वीनारायण शाहको विजय अभियानको सफलताबाट भएको हो । अठारौँ शताब्दीमा हिन्दुस्तानी भूभागमा मुगल साम्राज्यको अन्त्य

भएपछि अशान्ति र अस्थिरताको वातावरणको सिर्जना भयो । यही स्थितिको लाभ उठाउँदै पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे । उनले नेपाल एकीकरण गरेर भौगोलिक सिमाना बढाउने काम गरे । पछि बहादुर शाहले पनि यस कार्यलाई निरन्तरता दिए भने सन् १८१६ को सुगौली सन्धिले गोर्खाराज्य विस्तारको अभियानलाई समाप्त पाऱ्यो । यो सन्धिले नेपालको भूगोल निर्धारित गऱ्यो । त्यसपछि राष्ट्रियताको उदयका लागि एउटै राजाको मातहतमा देशभरि शासन र शासन व्यवस्था सञ्चालनको माध्यम भाषा नेपाली जस्ता तत्त्वहरू अर्थात् सामग्री तयार भयो । राष्ट्रियता भनेको भूगोल होइन । राष्ट्रियता जनताको सामूहिक मनोभावना हो । जनता, जनताका अगाडि उपस्थित समस्या, त्यस समस्यालाई सबैले मिलेर समाधान गर्ने सामूहिक प्रयत्न र त्यस प्रयत्नमा अनुभव भएको एकताको भावना नै राष्ट्रियताका तत्त्व हुन । राष्ट्रियतासम्बन्धी सत्यतथ्य बुझ्न जनताको सन्दर्भमा सोच्ने बानी बसाल्नुपर्दछ (कोइराला, २०६६ : १७४) ।

वि.सं. २००७ सालमा नेपालमा सामूहिक क्रान्ति भयो । सबै जात, धर्म, वर्ण, भाषा, संस्कृति, भूगोलका जनतामा स्वतन्त्रताका लागि सशक्त रूपमा देशव्यापी भावना जागृत भयो । यो नै राष्ट्रियताको विषयमा प्रथम बलियो पाइला बन्यो । यसपछि राष्ट्रियताका विषयमा विभिन्न क्रान्ति तथा आन्दोलनहरू हुन थाले । विभिन्न तहमा बहस र छलफल हुन थाले । विभिन्न शीर्षकमा लेख रचनाहरू लेखिन थाले । यस्तै सिलसिलामा लेखिएका रचनामध्ये **धरा** महाकाव्य पनि एक हो ।

## ४.३ 'धरा' महाकाव्यमा राष्ट्रियता

नेपाल विविधताले भरिपूर्ण देश हो । यो विविधता जाति, भाषा, धर्म, संस्कृति, भूगोल सबैतिर फैलिएको छ । जसलाई संविधानले समेत राष्ट्रियताको निर्माण तत्त्व भनेर स्वीकार गरेको छ । पहिचान राष्ट्रियताको आत्मा हो । बहुजाति, बहुभाषी, बहुसंस्कृति, बहुधर्म भएको देशमा त्यसको आधारमा निर्मित स-साना पहिचानको समष्टि नै राष्ट्र हो, राष्ट्रियता हो (खनाल, २०७५ : ७) । यसरी राष्ट्रियतासम्बन्धी विभिन्न दृष्टिकोणको अध्ययन गर्दैगर्दा विश्वेश्वरप्रसाद कोइरालाको दृष्टिकोणले नै धेरै तत्त्वलाई समेटेको देखिन्छ । उनको दृष्टिकोणअनुसार राष्ट्रियताका तत्त्वलाई बुँदागत रूपमा यसरी प्रष्ट पार्न सकिन्छ :

(क) जनता

(ख) जनताको अगाडि उपस्थित समस्या

(ग) त्यस समस्यालाई सबैले मिलेर समाधान गर्ने सामूहिक प्रयत्न

(घ) त्यस प्रयत्नमा अनुभव भएको भावनात्मक एकता

राष्ट्रियतालाई यसरी अध्ययन गर्दा भूगोलको भूमिका गौण देखिए पनि शोधपत्रमा राष्ट्रियताका यी चार तत्त्वका आधारमा **धरा** महाकाव्यमा राष्ट्रियता खोज्नुका साथै भूगोललाई जनताको भौगोलिक पहिचानअर्न्तगत अध्ययन गरिएको छ ।

### ४.३.१ 'धरा' महाकाव्य र जनता

कुनै निश्चित भू-भागमा स्थायी बसोबास गर्ने जनता वा नागरिक हुन् । नागरिक राज्यको गतिशील एवम् सजीव पक्ष हुन् । नागरिकबिना राज्यको परिकल्पना गर्न सकिँदैन । उनीहरूको भूगोल, धर्म, जाति, भाषा आदिका आधारमा आफ्नो बेग्लै पहिचान हुन्छ । ती विविध विविधता बीच जुन भावनात्मक सम्बन्ध हुन्छ त्यो नै राष्ट्रियता हो ।

नेपाल विविधताले भरिपूर्ण देश हो । तिनै विविधताका आधारमा नेपाली नागरिकको आफ्नो छुट्टै पहिचान छ, त्यो पहिचानलाई कविले **धरा** महाकाव्यमा सफल चित्रण गरेका छन् । स्वेरकल्पनामा आधारित कथानक भएको यस महाकाव्यको प्रमुख पात्र नै देश हो । देशको परिवर्तित रूप काव्य शर्माको साथमा कविता र नवराज लम्साल देशाटनमा निस्केका छन् । उनीहरू काठमाडौँ पुग्छन् । काठमाडौँ देशभरिका नागरिक भेटिने स्थल हो । उनीहरू त्यहाँका चाडपर्व हेर्छन, उत्सव हेर्छन् । ती पर्व र उत्सवमा नागरिक छन् । प्रज्ञा भवनमा गएर प्राज्ञिक बहसमा सहभागी हुन्छन् । त्यहाँ भवनमात्र छैन जनता छन् । विश्वविद्यालय, सडक, घर सबै अवलोकन गरेका छन् त्यहाँ जनता छन् ।

नेपाल, हिमाल, पहाड, तराईको कलात्मक संयोजन हो । नवराज लम्सालले यस महाकाव्यमा उक्त विषयलाई पनि प्रष्ट पारेका छन् । काव्यको परिचय खुल्ने क्रममा काव्य नै देश हो भन्ने कुरा प्रष्ट हुन्छ । काव्यले म देश हुँ भन्दा म अग्लो सेतो हिमाल हुँ, छातीभरि झरना, कलकल नदी बगाइरहेको हरियो पर्वत हुँ, धानका सुनौला बाला झुलाउने तराई हुँ, मधेस हुँ भनेर परिचय दिन्छ ।

मधेस, पहाड र हिमाल भनेर केबल भूगोल मात्र चित्रित छैन । हिमाल भनेको हिमाली जनताको पहिचान हो । त्यस्तै मधेश र पहाड भनेको त्यहाँका जनता हुन् । यो भूभागमा जात, जाति, धर्म, संस्कृति, कला, चाडपर्व, भाषा आदि फैलिएका छन् त्यो म हुँ भनेर देशले भनेको छ । देशले यसरी जनतालाई केन्द्रमा राखेर आफ्नो परिचय दिएको छ ।

देशको परिचय दिने क्रममा राई, लिम्बु, राजवंशी, कोचे, मेचे, क्षत्री, बाहुन आदि जातिको प्रसङ्ग आएको छ, गुप्ता, यादव, झा आदिको प्रसङ्ग आएको छ यसका साथै विभिन्न भाषाको प्रसङ्ग आएको छ । माथि उल्लेखित विविध जातिका विविध भाषा र संस्कृति छन् । त्यो प्रसङ्ग कविले उठान गरेका छन् । प्रकृतिको पूजा गर्ने परम्परा होस् कि मस्जिद, मन्दिर, गुम्बा, गिर्जाघर गएर पूजा गर्ने चलन होस्, ती सबैको प्रसङ्ग देशको परिचयसँग जोडिएको छ । रोइला होस् कि देउडा होस्, सालैज्यु होस् कि मागल होस् ती गीतको प्रसङ्ग काव्यमा समविष्ट भएको छ । रानी मादल, मुर्चुङ्गा, मुरली, सारङ्गी आदि लोकबाजाको प्रसङ्ग छ । यसरी चर्चा गरिएको भाषा, धर्म, कला, चाडपर्वहरूले जनताले आफ्नो जीवन दर्शन बनाएका तत्त्वहरू हुन् । तिनै तत्त्वहरूको चर्चाका आधारमा प्रस्तुत महाकाव्यमा सिङ्गो देशका जनता समेटिएका छन् ।

**धरा** महाकाव्यको कथानक अगाडि बढ्दै गर्दा देशले आफ्नो परिचय आफैँ दिएको छ । उसले कुनै पनि जाति वा वर्गलाई मात्र विशेष महत्त्व नदिएर सबै जनतालाई समान महत्त्व दिएको छ । यस महाकाव्यमा लेखिएको जनताप्रतिको यही समान दृष्टि राष्ट्रियताको बलियो आधार हो । जस्तै :

एकै देश अनेक जात थरमा राई र लिम्बू म हुँ
साँच्चै धीर धिमाल वीर बलियो मेचे र कोचे म हुँ
राज्यै छैन र राजवंशी भनिने त्यै राजवंशी म हुँ
गन्गाई र सतार पूर्वतिरका पूर्वीय थारु म हुँ ।

(**धरा,** पृ. ३६२, २३/४)

जनतासँग उसको भाषा, कला, धर्म, संस्कृति आदि पनि जोडिएका हुन्छन् । यिनै तत्त्वहरूले मान्छे खँदिलो बनेको हुन्छ । नेपाली विविधतामा अटाएका यी सबै तत्त्वलाई कविले समान महत्त्वका साथ प्रस्तुत गरेका छन् :

नाच्ने नाच नचाउने मन खुसी पुर्खेउली यो गति
रानी मादल मुर्चुङ्गा र मुरली ख्याली तथा सोरठी
नाच्दै गाउँछु चन्द्रमा चहकमा रोदी र रम्घा म हुँ
चुड्का घाटु र झ्याउरे भजनको मेला र जात्रा म हुँ ।

(**धरा,** पृ. ३६४/१४)

यसरी राज्यले आफ्नै परिचय दिने क्रममा समताको दृष्टिले सबै नागरिकलाई समेटेको छ । राज्यको यही परिचयमा सबै जनता अटाएका छन् ।

देशले भनेको छ - चण्डी पालम गाउँदै, शङ्ख धुन बजाउने म हुँ । सेतो सोलु पुगेर हिमाल बन्छु । कहिले तोङ्बा तान्छु त कहिले सुकुटी टोक्छु । म क्षत्री हुँ, ब्राह्मण, पुरोहित, झाँक्री, धामी, थकाली, गुम्बा, गुरुबा, गुरुङ्ग, शेर्पा, धामी आदि विभिन्न जात र थर भएर फैलिएको छु । लार्के, किसान, मगर, घर्ती, थारू, गुप्ता, यादव, झा, राजपुत, डोल्पो, ताङ्गवे, छन्त्याल, कुमाल, बोटे, दुरा, भोटे पनि म नै हुँ । म आफैँ चेपाङ्ग, छैरोतन, ताप्के, धानुक, जिरेल, ताजपुरिया, हायु, ह्याल्मो भएर पर्वतमा रमाएको छु । म जम्मै हुँ र त विजय छ, साझा छु र सङ्लो छु । म मधेस हुँ, म तराई हुँ । म जनकको राज्यस्थली राज हुँ । मिथिला क्षेत्रका सयौँ संस्कृति पनि म नै हुँ । राउटे र कुसुण्डा पनि म आफैँ हुँ । राजधानीमा बग्ने बागमती त्यहाँ बस्ने नेवार, ब्राह्मण, ठकुरी अर्थात् विविध जात, धर्म, कला, संस्कृति पनि म हुँ । ती गण्डकी, कोशी, नारायणी, कर्णाली जस्ता नदीहरू रारा, फेवा जस्ता तालहरू विविध झरना र पर्वत श्रृङ्खलाहरू, खोँच र मैदानहरू जम्मै म हुँ भनेर देशले आफ्नो परिचय दिएको छ ।

देउडा, मागल, ढुस्सो, यानी, माया, सालैज्यू पनि म आफैँ हुँ । रानी मादल, मुर्चुङ्गा, मुरली, ख्याली, सोरठी, चुड्का, घाटु, भ्याउरे, भजन, मेला र जात्रा सबै मर्छु । जनक, गौतम बुद्ध, सीता र भृकुटी म हुँ । यो भूभागमा जतिले तपोवन बनाएर तपस्या गरे ती सबै पनि म हुँ । **वेद**का ऋचा पनि म नै हुँ । रोल्पावाङ, थवाङ अर्थात् रुकुमको रुवा, रूपौला पनि म हुँ । जो शाश्वत शिल्प, सृष्टि छन् तिनीहरू पनि म आफैँ हुँ । जुम्लाका जीउँदा कथा, उपमा, इतिहास अभिलेख सबै म हुँ । म अनेक व्यक्तिमा अनेक धर्म भएर फैलिएको छु, ती सबै धर्म पनि म आफैँ हुँ । म स्वयम् हरेक व्यक्ति-व्यक्तिमा फैलिएको छु । गाउँ म हुँ र सहर पनि म हुँ ।

म एउटा बीजबाट लहरा भएर चौतर्फि फैलिएको छु । मेरो अटुट सपना छन् । बलियो र गर्विलो इतिहास छ, स्वाभिमान छ, शान्तिको मुहान छ । परोपकारको भावना पनि मेरै

हृदयबाट निस्केको दर्शन हो । यहाँ जे छ त्यो म हुँ, यहाँ जो हुँदै छ त्यो पनि म छु । यस भूभागमा घटित सबै घटनामा म छु । यसैलाई प्रष्ट पार्न **धरा** महाकाव्यको एक उदाहरण :

साझा सदस्य सबका सब यै धराको
यात्रा निका र ननिका सब यै धराको
रङ्गीन वा रङ फिका अब यै धराको
नेपाल नाम छ सदा शुभ यै धराको ।

(**धरा**, पृ. ३७२, २३।५४)

यसरी प्रस्तुत महाकाव्यमा देशमा रहेका सबै थोक देश भएको दाबी छ । एक देश अनेक स्वरूपमा फैलिएको छ । यसर्थ हामी सबै एक हौँ । हामी सबै नेपाली हौँ र हामीसँग नेपाली हुनका लागि आवश्यक भाषा, धर्म, कला, संस्कृति सबै छन् भन्दै देशका सबै नागरिकको पहिचान प्रष्ट पारिएको महाकाव्य **धरा** महाकाव्य हो ।

## ४.३.२ धरा महाकाव्य र जनताका सामु उपस्थित समस्या

प्रस्तुत महाकाव्यमा जनताका सामु उपस्थित विविध समस्याको उठान गरिएको छ । गोरखाका राजा पृथ्वीनारायण शाहले विशाल नेपालको सपना देखे र एकीकरण अभियान आरम्भ गरे । उनको एकीकरण अभियानबाट नेपाल राज्यको एउटा खाका तयार भयो । त्यस खाकाभित्र हुनुपर्ने राष्ट्रियता देखिएन । त्यो अभियानलाई राज्य एकीकरण त भनियो तर जनतामा भावनात्मक एकता देखिएन । कतिपय समुदायले बलियो राज्यको कमजोर राज्यमाथिको विजय अभियानका रूपमा मात्र त्यसलाई हेरे । त्यो असन्तुष्टि अद्यापि भेटिन्छ । त्यस समयमा राष्ट्रियताको कल्पनासम्म नगरिएको अभियान थियो नेपाल एकीकरण अभियान (कोइराला, २०६६ : १७७) ।

त्यस समयमै ब्रिटिस साम्राज्यले पनि आफ्नो जग बसाल्न थालेको थियो । हिन्दुस्तानी उपमहाद्विपको राजा-रजौटाहरूबीच भएको द्वन्द्वको फाइदा उठाएर उनीहरू आफ्नो सपना साकार पार्ने योजनामा थिए । आफ्नो बृहत्तर स्वार्थको हितलाई ध्यानमा राखेर उनीहरूले हिन्दुस्तानका महत्त्वपूर्ण भूभाग कब्जा गरी र बाँकी भूभागबाट स्वार्थपूर्ति गर्न विभिन्न सन्धि र सम्झौताहरू गरे । यही क्रममा सन् १८१६ मा नेपालसँग पनि सुगौली सन्धि भयो । सुगौली

सन्धिपछि एउटै राजाको मातहतमा देशभरि एक किसिमको शासन व्यवस्था कायम भयो । देशभर व्याप्त शासन व्यवस्थाको सञ्चालनको भाषा माध्यम नेपाली भाषा भयो । यिनै दुई कुरालाई राष्ट्रियताका लागि उदय भएका प्रमुख दुई तत्त्वका रूपमा लिन सकिन्छ ।

सन् १८१६ पछि नेपाली राजाहरूले राष्ट्रिय नेपाली नेताको चरित्र देखाउन सकेनन् । जनतासँग कोमल व्यवहार देखाउन सकेनन् । आफूलाई विजेताको रूपमा मात्र प्रस्तुत गर्न थाले । राष्ट्रियताको परिभाषा भूगोललाई केन्द्रमा राखेर दिन थाले र जनतामाथि बलियो र निरङ्कुश शासक बन्दै गए । जनताका मौलिक अधिकार खोस्ने, संसद विघटन गर्ने, जनप्रतिनिधिहरूलाई थुन्ने जस्ता विविध गतिविधिहरू राजाबाट हुन थाले । सचेत र राष्ट्रप्रेमी जनताहरूले त्यसको विरोध गरे । फलस्वरूप एउटा बृहत क्रान्ति जनआन्दोलन भाग-२ ले सदाका लागि राजतन्त्रको विसर्जन गऱ्यो र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो ।

जनताको अपनत्त्व महसुस हुने संविधानको निर्माण र हक, अधिकार सुनिश्चित गर्ने उद्देश्यले संविधान सभाको चुनाव भयो । पहिलो संविधान सभाले संविधान निर्माण गर्न नसकेपछि दोस्रो संविधान सभाको चुनाव भयो र त्यसले संविधान निर्माण गऱ्यो तर त्यो संविधानलाई पनि सर्वस्वीकार्य बनाउन सकिएन । विविध विरोधहरू सिर्जना भए । पहिचानका नाममा विविध समस्याहरू सिर्जना भए । विभिन्न भूगोल, जाति, धर्म आदिका आधारमा राज्यले भेदभाव गरेको जनताले महसुस गरे । उक्त कुरालाई नवराज लम्सालले प्रस्तुत महाकाव्यमा आवाज शीर्षकमा उठान गरेका छन् ।

### ४.३.२.१ आवाज

कवि नवराज लम्सालले प्रस्तुत महाकाव्यमा नेपाली नागरिकले विभेद भएको महसुस गर्दा उत्पन्न भएको समस्यालाई आवाज शीर्षकमा प्रष्ट पारेका छन् । यस शीर्षकभित्र मधेस, पहाड र हिमाल गरेर तीन उपशीर्षक रहेका छन् :

**मधेस**

प्रस्तुत महाकाव्यमा अनुष्टुप छन्दका पचास श्लोकमा कविले मधेसको आवाज समेटेका छन् । नेपालका विभिन्न विविधतामध्ये भौगोलिक विविधतामा पर्ने मधेश आफैँमा सुन्दर छ र विविध विविधताले भरिपूर्ण छ । समथर भूगोल भएको यस क्षेत्रमा विविध प्रकारका अन्न, फलफूल तथा जडिबुटीहरू लटरम्म फल्ने गर्छन । अन्नको भण्डार नामले चिनिने यस भूगोलमा

फलेका अन्नले सारा देश पाल्न सक्छ । परम्परागत खेती गरिने यस स्थलमा अब केही आधुनिकीकरणको आवश्यकता छ ।

साल, सिसौ, खयर आदि वृक्षले आच्छादित यो भूमि अनेक थरिका रुखले सुन्दर र सम्पन्न छ । ती जङ्गलभित्र विभिन्न किसिमका जनावर तथा चराचुरुङ्गीले आफ्नो क्रीडास्थल बनाएका छन् । त्यस्तै मधेसवादी नागरिकका अनेक भाषा, धर्म, संस्कृति र कला छन् तापनि अनेकतामा एकता छ । ती नागरिकहरूले आफ्नो देशलाई पनि मुटु जत्तिकै माया गर्छन भन्ने कुरा **धरा** महाकाव्यले प्रष्ट पारेको कुरा तलको उद्धरणबाट प्रष्ट पार्न सकिन्छ :

सत्ताको साइनो के छ,<br>
जे छ सत्ता म जान्दिनँ ।<br>
यो मेरो देश भन्दा त<br>
ठुलो केही म मान्दिनँ ।

(**धरा**, पृ. ३०३, १९।१५)

छातीभरि देश प्रेम हुँदाहुँदै पनि राज्यले विभेद गरेको गुनासो मधेसको छ ।

देश कसैको स्वार्थमा ठप्प छ । उसले आफ्नो बारेमा समेत केही बोल्न सकेको छ । देश त आफैँमा एउटा घर हो । यो घरभित्र अशोभनीय विभेद छ । समानता र स्वतन्त्रताका लागि राज्यमा अनेकौं क्रान्ति भए । २००७ सालमा प्रजातन्त्र आयो । २०४६ सालमा प्रजातन्त्रको पुर्नबहाली भयो । २०६३ सालमा देश सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्‍यो । यी हरेक क्रान्तिमा मधेसको पनि महत्त्वपूर्ण भूमिका छ तर तिनै योद्धाहरूले अझै आफ्नो अधिकार प्राप्त गर्न सकेका छैनन् ।

शिक्षा, स्वास्थ्य र सञ्चार जस्ता विकासका पूर्वाधार प्राप्त गर्नु त नैसर्गिक अधिकार नै हो र यिनै अधिकारबाट मधेश बञ्चित हुनुपरेको आवाज **धरा** महाकाव्यमा छ । उदाहरणका लागि :

शिक्षा स्वास्थ्य सबैलाई<br>
रोजगारी र आर्जन<br>
प्राप्त गर्ने छ बाँकी<br>
छ हाम्लाई राज्यले दिन ।

(**धरा**, पृ.३०३, १९।१२)

यही समानताका लागि विकासका लागि मधेसी जनताले जनप्रतिनिधि चुनेर पठाए पनि देशले देश नचिनेको र भोट हाले पनि आफूलाई आफ्नो मान्छे नठानेको गुनासो *आवाज* शीर्षकमा बुलन्द छ । यो माटोलाई माया गरेर माटोसँगै साइनो गाँस्दै मधेसी जनता अनेकौं दुःखमा पनि नेपाली हौँ भन्दै सहेर बसे । औलो, शीत, विषालु जीव, जङ्गली जनावरको हिंसा आदिसँग सङ्घर्ष गर्दै देश मेरो हो भन्दै जीवनयापन गरे तर उनीहरूकै संवेदनामाथि विभेद भयो, शङ्का भयो । शासक नै ढुङ्गा जस्तै बने र सद्भावको गुञ्जाइस कतै भेटिएन । यस कुरालाई **धरा** महाकाव्यमा यसरी व्यक्त गरिएको छ :

हाम्रो संवेदनामाथि
शंका छ भेदभाव छ
लाग्छ शासक हुन ढुङ्गा
सदभावको अभाव छ ।

(**धरा**, पृ. ३०४, १९।१८)

चमार र डुमका मार्मिक कथा र व्यथा, दाइजो प्रथाको गहिरो पीडा बारबार पुनरावृत्ति भएको छ । पत्कर ओछ्याएर सुत्नेको सङ्ख्या कथा अत्याधिक छ, चुह्लो बाल्न नसक्नेको सङ्ख्या अत्याधिक छ । मधेसका नेता हेरेर जनताको अवस्था अध्ययन गर्नु गलत भइरहेको छ । यी विविध समस्यामा राज्य किन बोल्दैन ? के मधेसीले नागरिकता दिएर मात्रै उनीहरूमाथिको राज्यको दायित्व पुरा हुन्छ त ? भन्ने जस्ता अनेक प्रश्न यस महाकाव्यमा आएका छन् ।

**पहाड**

पहाड हरिया वन, शीतल पवन, सुन्दर नदी, ताल, तलैया, झरनाहरूले भरिपूर्ण र सुन्दर छ । पहाडको भूगोलमा विविधता र सुन्दरता छ । त्यो विविध र सुन्दर भूभागमा बस्ने जनताको जीवन शैलीमा पनि विविधता र सुन्दरता छ । अनेक भाषा, धर्म, संस्कृति र कला छ । घरमै अनेक वस्तु उत्पादन गरिन्छ । मकै, कोदो, जौ आदि लटरम्मै फल्छ । तर दुःखको कुरा राज्यले पहाडको सीप, कला तथा विविधताको समृद्धिलाई चिनेको छैन र चिन्न खोज्दैन पनि । के पहाडले बुनेका ऊन र अल्लोको कपडाले देशको आङ ढाक्न सक्दैन ? पक्कै पनि सक्छ तर देशले यो विषयमा चासो दिएको छैन । पहाडमा भएका हरेक अनमोल सम्पदाको मूल्याङ्कन

नभएर पहाडमा गरिबी छ, भोकमरी छ । पहाडको यही आवाजलाई यस महाकाव्यमा यसरी प्रस्तुत गरिएको छ :

> झर्ना झर्झर झर्दै छ
> त्यहीँ बत्ति बलेन खै
> घरमै घर्बुना बुन्ने
> हाम्रो सिप चलेन खै ।

(**धरा**, पृ. ३१२, १९।१०)

सत्ता धूर्त छ, पाखण्डी र झुर छ । पहाडको भोट लिन्छ, तर पहाडलाई चिन्दैन । पहाडले आफूसँगै देश उठाउन चाहन्छ । पहाड नै नउठे देश कसरी उठ्ला ? पहाड देशको छाती हो । छातीमा देशको झण्डा नउठे हाम्रो राष्ट्रिय झण्डा कसरी फहराउँछ ? पहाडमा भएका खनिजको उत्खनन् नभए देश कसरी समृद्ध बन्छ ? जस्ता विविध आवाज प्रस्तुत महाकाव्यले उठान गरेको छ ।

**हिमाल**

कविले *हिमाल* शीर्षकमा हिमाली जनताको आवाज समेटेका छन् । हिमाल आफैँमा सुन्दर छ । नेपालीको उचाइ तिनै हिमालसँग दाँजिन्छ । अग्लो सगरमाथाले नेपालीलाई विश्वमा चिनाएको छ । अनमोल जडीबुटीहरूले भरिपूर्ण हिमाली भेगमा जति समृद्धि छ त्यो प्रकृतिले दिएको हो । आधुनिक युगको विकासको प्रभाव पर्न सकेको छ । त्यस भेगका जनताहरूले चौरी पाल्दै लेकतिर बस्नुपर्ने बाध्यता छ । चौरीको दूधसँग आलु चोपेर खान्छन् । ती अग्ला भीरपाखामा यातायात पुगेको छैन । कयौँ अनमोल सम्पत्ति बजार नपाएर त्यतै थन्केका छन् । राज्यले हिमालको बारेमा अझै पनि सोचेको छैन भन्ने गुनासो हिमालको छ जसलाई **धरा** महाकाव्यमा यसरी लेखिएको छ :

> अन्यायी देश देख्दै छु
> देश स्वार्थ र केन्द्रिय
> देशको आत्मामा हाम्रो
> भएन प्रेम सञ्चय ।

(**धरा,** पृ. ३२०, १९।१७)

ऋषिमुनिहरूको तपस्थली हिमालमा मृगशावकले कलिला घाँसको नमुना टिप्दै चरेको दृश्य मनमोहक छ । हिमाल चढ्नेका कथाहरूले नेपालकै गौरव बढाएका छन् । राज्य भने यो गौरवप्रति कहिल्यै चासो दिँदैन । केवल सत्ता र शक्तिलाई मात्र आत्मसात् र चिन्तन गरेको छ । यही कारणले अन्याय भएको छ भन्ने बुलन्द आवाज हिमालको रहेको छ ।

यसरी प्रस्तुत महाकाव्यमा देशका विभिन्न भूगोल, जात, धर्म, भाषाभाषी, संस्कृतिका जनताले आफूमाथि विभेद भएको महसुस गरेका छन् । यही कुराको महसुसले जोडिएको देश पनि छिन्न-भिन्न भए जस्तो देखिन थालेको छ । नेताहरू केबल सत्ताको प्राप्तिका लागि सङ्घर्ष गर्दै छन् । जनतालाई अनेक आश्वासन दिएर भोट माग्छन् तर फर्किदैनन् । सपना सधैं अधुरो नै रहन्छन् । तिनै अधुरा सपनासँग युगौंदेखि बाँचेको र यिनैमा अभ्यस्त भएको गुनासो जनताको छ । नेताको यही प्रवृत्तिले पनि जनताले पनि देशले केही पनि दिएन भन्ने गुनासो गर्दै विदेशिनु परेको छ ।

मान्छेले अरूलाई दोषी ठान्छ र आफूलाई सधैं निर्दोष सम्झन्छ । कविले यो प्रवृतिलाई गलत ठान्छन् र उनी हार वा जीत केही नसोची आफूसित कर्तव्य वा अनुशासन के छ ? भनेर प्रश्न गर्नुपर्छ भन्दछन् । म तत्त्व नखुली हामी कसरी हामी हुन्छौं । हामी कसरी एक-आपसमा नाता गाँसेर नेपाली भनेर प्रेममा बाँधिन सक्छौं । यहाँका विश्वविद्यालयले के सिकाउँदै छन् ? युवाहरू के सिक्दै छन् ? यहाँ देश पढाउँछु भन्नेले देश चिन्छन कि चिन्दैनन् ? यी प्रश्न सोध्न बाँकी छ (**धरा** : १९, *आवाज* : २९७) । देशले केही दिएन भन्नेको सङ्ख्या पनि व्यापक छ । देशले हामीलाई दिनुपर्ने हो कि हामीले देशलाई दिनुपर्ने हो भन्ने बुलन्द आवाज पनि **धरा** महाकाव्यले प्रस्तुत गरेको नेपाली राष्ट्रियतामा देखिएको जटिल समस्या हो । यसरी आफ्नो दायित्त्व बिर्सेर देशलाई मात्र दोष दिनु कुनै पनि देशको राष्ट्रियतालाई घातक हुन्छ र अहिले नेपाली राष्ट्रियतामा देखिएको व्यापक ठूलो समस्यामध्ये यो पनि एक हो ।

चियाको सुर्कोमै मिसेर कति भन्छन्

'देशले केही दिएन'

फुकेर चुरोटको धुवाँ अर्को थप्छ

'देश निरर्थक भयो

केही पाइएन देशबाट

केही हुँदैन देशबाट

के दिन्छ देशले

किन दिन्छ

कसरी दिन्छ ?'

(**धरा,** पृ. १४४, ९/१३)

### ४.३.३ 'धरा' महाकाव्यमा राष्ट्रिय समस्या समाधानका लागि सामूहिक प्रयत्न र भावनात्मक एकता

कोइरालाले जनताको भावनात्मक एकतालाई राष्ट्रियताको विशेष अङ्गका रूपमा व्याख्या गरेका छन् । भूगोल छ, जनता छन्, जनताले चुनेको सरकार छ । विकास निर्माणका काम पनि भइराखेका छन् तर जनतामा भावनात्मक एकता छैन भने त्यहाँ राष्ट्रियता कमजोर हुन्छ भन्ने उनको दृष्टिकोण हो । **धरा** महाकाव्यमा पनि यही विचार सशक्त रूपमा उठेको पाइन्छ । कुनै एउटा जात मात्र देश हुँदैन । कुनै एउटा भाषा मात्र देश हुँदैन । कुनै एउटा भूगोल र कुनै एउटा संस्कृति मात्र देश हुँदैन । देश हुनका लागि त यी सबै चिज एक ठाउँमा हुनुपर्छ भन्ने विचार यस महाकाव्यमा भेटिन्छ :

जात कसरी देश हुन्छ
धर्म कसरी देश हुन्छ
राजनीति कसरी देश हुन्छ
व्यक्ति र समुदाय कसरी देश हुन्छ
यी सबैसबै एकै ठाउँमा हुन्छ र पो भूगोल देश हुन्छ ।

(**धरा,** पृ. ३३४, २०/१७)

जहाँ विविधता हुन्छ त्यहाँ अनेक सम्भावना पनि हुन्छन् । विविधतामा विचार पनि विविध हुन्छन् । ती विविध विचार अटाउने देशका रूपमा नेपालको पहिचान जीवन्त बन्नुपर्छ । वर्तमान परिवेशमा सत्ताले उपेक्षा गऱ्यो भन्दै विभिन्न भूगोल, जाति, धर्म आदि विभिन्न सम्प्रदायबाट उठेको आवाज नै अहिलेको प्रमुख समस्या बनेको छ । आज राज्यका अगाडि ठूलो चुनौति छ । संविधानसभाबाट निर्मित संविधानमा सबै जनताको विश्वास छैन । संविधानमा नै

मतभेद भएपछि अरू कुरामा पनि त्यसको प्रभाव पर्नु स्वाभाविक हो । हामीमा मतभेद होला त्यसलाई स्वाभाविक ठानेर छलफलका माध्यमबाट एउटा निष्कर्षमा पुग्नुपर्छ तर मनभेद हुनु हुँदैन । हामी आफैं उठे समाजबाट सहजै वर्गभेद हट्ने विचार कविले व्यक्त गरेका छन् । हामीमा भएको एकता भत्काई मनभेदले हाम्रो राष्ट्रियता नै कमजोर बनाउने भएकाले यसदेखि सतर्क रहनुपर्छ भन्ने आवाज पनि **धरा** महाकाव्यमा बुलन्द छ । जसलाई निम्नानुसार लेखकले प्रस्तुत गरेका छन् :

होलान् हजारौं मतभेद हाम्रा
नहून् कसैका मनभेद हाम्रा
हामी उठे हट्दछ वर्ग भेद
समाजको शोषणको विभेद ।

(**धरा,** पृ. ४०६, २५/३३)

बुद्धले कुनै निश्चित जात, वर्ग, धर्मका लागि मात्र बुद्धत्त्व प्राप्त गरेका होइनन् । उनले सारा मानवको हितका लागि सुखको मार्ग खोजे । हामी उनै बुद्धको देशका नागरिक हौं । उनै बुद्धसँग हाम्रो मन जोडिएको छ । सगरमाथासँग हामी सबैको साझा उचाइ चुलिएको छ । हाम्रो इतिहास एउटै छ । हामी हाम्रा बिरोधीसँग एकबद्ध भई लडेको इतिहास सम्झेर उही आत्मियताको भावले आज पनि एकबद्ध हुनुपर्छ । यो कुरा बिर्सेर हामी फुट्न थाल्यौं भने हाम्रो इतिहासले नै हामीलाई सराप्ने छ । जसलाई कविले निम्नानुसार देखाएका छन् :

अनेक हामी तर एकबद्ध
हाम्रा बिरोधी जनका बिरुद्ध
लड्यौं लडेको सब भो र व्यर्थ
बिर्सेर जम्मै भन के छ अर्थ ?

(**धरा**, पृ. ९७, ६/६५)

प्रस्तुत महाकाव्यमा युवाहरूलाई नयाँ जोस र जाँगर बोकेर उठ्न आह्वान गरिएको छ । पीडितको पीडा कम गर्ने र सबैलाई समेटेर लैजाने क्षमता युवामा हुने विश्वास कविको छ । यही विश्वासका साथ कवि युवालाई नयाँ युग ल्याउन र समृद्धिको बाटोमा हिँड्न पनि यसरी आह्वान गर्छन् :

बिर्सी जम्मै विगत दिनका घोर सङ्घर्ष आज
भोका नाङ्गा सकल जनका निम्ति के छन् निसाप
नौलो बाटो सुखसयलको द्वार टेकेर चम्क
हे तन्नेरी नवयुग दिने आँट बोकेर लम्क ।

(**धरा,** पृ. ३३७, २०/२१)

जब यी सबै वस्तुमा भावनात्मक एकता हुन्छ तब हाम्रा व्यक्तिगत सुख, दुःखहरू पनि साझा हुन्छन् । मेरो भनिएको वस्तु हाम्रो बन्न थाल्छ । त्यही हामी र हाम्रोभित्र हामी अटाउने प्रयास गरेकै दिन राष्ट्रियता बलियो बन्न थाल्छ । यो सहिष्णुता हामी नेपालीको पहिचान पनि हो । यसर्थ हामी सबै मिलेर नेपाललाई साझा घर र नेपालीलाई एक परिवार सम्झिँदा नेपाली राष्ट्रियता बलियो हुने धारणा **धरा** महाकाव्यमा व्यक्त भएको छ :

बोली वचन होस् साझा
साझा होस् सिर्जना सबै
सबैको रूप बेग्लै होस्
र साझापन होस् सबै ।

(**धरा,** पृ. ९४, ६/५१)

हामी अहिले हाम्रो विगत भुलेर व्यक्तिगत स्वार्थमा भुल्नाले हाम्रो राष्ट्रियता पनि कमजोर भएको छ । हाम्रा वीर पुर्खाले राष्ट्रको हितका लागि सबैका दुःख सुने र नेपालीपनको पवित्र नातामा बाँधिदै यो राज्यलाई बँचाए । हामीले पनि अब व्यक्तिगत स्वार्थका पछि नलागी राष्ट्रहितलाई साझा सपना बनाउनु पर्ने कविको धारणा रहेको छ :

एक्लो जिन्दगीको खाका
पूर्ण जिन्दगीमा उनौँ
नसुनौँ स्वार्थका गाना
पीडा सम्पूर्णका सुनौँ ।

(**धरा,** पृ ९५, ६/५६)

माटो मात्र देश हुदैन । देश हुनका लागि जनता हुनुपर्छ । जनता उसका भाषा, धर्म, संस्कृति, जात, पर्व, रीतिरिवाज आदिले मात्र खँदिलो मान्छे बन्छ । नेपाल त झन् महाभाषा, महाधर्म, महासंस्कृति, महाजाति र महापर्वको देश हो भन्ने कुरा निम्नानुसार देखाइएको छ :

एकै देश अनेक जात थरमा राई र लिम्बु म हुँ
साच्चै वीर धिमाल, वीर र बलियो कोचे र मेचे म हुँ
राज्य छैन र राजवंश भनिने त्यै राजवंशी म हुँ,
गन्गाई र सतार पूर्वतिरका पूर्वीय थारु म हुँ ।

(**धरा,** पृ. २३।४)

यसर्थ नेपाली जनतालाई भुलेर माटो मात्र सम्झिएर नेपाली राष्ट्रियता बलियो नहुने धारणा कविले व्यक्त गरेका छन् :

फगत माटोमा मात्र देश नखोज
माटो मात्र भएर पनि देश नभएका धेरै छन् उदारण, महोदय !

(**धरा,** पृ ३९३, २५/९)

राज्यले केही दिएन, राज्यमा बसेर असुरक्षित भइयो, गरिब भइयो भनेर धेरैले देशप्रति वितृष्णा व्यक्त गर्ने वर्तमान परिवेशमा कवि लम्सालले राष्ट्रियताको गहिराइमा समाधिस्थ हुँदै एउटा दार्शनिक दृष्टिकोण व्यक्त गरेका छन् :

पहिलो माटो दोस्रो आमा
संस्कृतिको काख तेस्रो
चौथो महुँ पाचौँ मेरो
जिन्दगीको परिवेश हो ।

(**धरा,** पृ. १५३, १०।१७)

**धरा** महाकाव्यका अनुसार हरेक व्यक्तिले प्रथम स्थानमा देशलाई राख्नुपर्छ । देश हाम्रो साझा पहिचान हो । देश रहे हामी हाम्रा व्यक्तिगत अधिकार खोज्न सक्छौँ तर देश नै नरहे हाम्रो पहिचान नै रहँदैन । हाम्रो देश त अनेक भाषा, धर्म, कला, संस्कृतिको समष्टि स्वरूप हो । अरू देश जातिको देश हो । हाम्रो देश जाति-जाति मिलेर बनेको महाजातिको देश हो । हाम्रो देशमा संस्कृति-संस्कृति मिलेर बनेको महासंस्कृति छ । भाषा-भाषा मिलेर बनेको महाभाषाको देश, हाम्रो देश नेपाल हो भन्ने भावका साथ **धरा** महाकाव्यमा देशको अनुहारको सचित्र वर्णन गरिएको छ ।

जब मान्छे सीमित नातागोता, भाषा, भूगोल, आदिको सङ्कुचित घेरामा रहन्छ तब त्यहाँ राष्ट्रिय एकता र भावनात्मक सम्बन्ध गाढा हुन सक्दैन । हामीले व्यक्तिगत स्वार्थलाई परित्याग गरी सहअस्तित्त्व, सहधर्म, सहयात्रा, सहमति, सहिष्णुता जस्ता कुरालाई महत्त्व दिएर मात्र नेपाली राष्ट्रियतालाई बलियो बनाउन सकिने धारणा कविले **धरा** महाकाव्यमा व्यक्त गरेका छन् ।

## ४.४ उपसंहार

प्रस्तुत महाकाव्यमा राष्ट्रियताको खोज गर्ने क्रममा मुख्य चार कुरालाई जोड दिइएको छ - जनता, जनताका सामूहिक समस्या, समस्या समाधानका लागि सामूहिक प्रयास र भावनात्मक एकता । यो देशमा स्थायी बसोबास गर्ने सबै नागरिक नेपाली हुन् । उनीहरूसँग उनीहरूको कला, धर्म, भाषा, संस्कृति, आदि जोडिएको छ । विभिन्न भूगोल, संस्कृति, भाषा, रहन-सहन, जाति आदिले आफूलाई उपेक्षा भएको महसुस गर्नु र एकतामा केही दरार देखापर्नु समस्याको रूपमा रहेको छ भने ती समस्या समाधानका लागि एक हुनुपर्ने आवाज सामूहिक प्रयास हो । देशमा रहेका अनेक भूगोल, जनताका जात, धर्म, कला, संस्कृति आदि देशका अङ्ग भएकोले सबै कला, धर्म, सम्प्रदाय, संस्कृति, भूगोलप्रति सद्भाव राख्दै माया बाँड्न सक्नु नै देशप्रेम अर्थात् राष्ट्रियता हो भन्ने भाव प्रस्तुत महाकाव्यमा रहेको छ ।

**परिच्छेद : पाँच**

# उपसंहार तथा निष्कर्ष

## ५.१ परिचय

**धरा** महाकाव्यमा राष्ट्रियताको अध्ययनका सन्दर्भमा महाकाव्यका पूर्वीय र पाश्चात्य सिद्धान्तलाई आधार मान्दै महाकाव्य सिद्धान्तको विश्लेषण र विश्वेश्वरप्रसाद कोइरालाको दृष्टिकोणलाई आधार मान्दै राष्ट्रियताको खोज गरिएको छ । उपसंहार तथा निष्कर्ष शीर्षकको यस अनुच्छेदमा प्रत्येक अनुच्छेदको निष्कर्ष निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.१.१ प्रथम परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको प्रथम परिच्छेदमा शोधपरिचय, प्रयोजन, समस्याकथन, शोधको उद्देश्य र पूर्वकार्यको समीक्षाका साथै शोधको औचित्य र महत्त्वका बारेमा प्रकाश पारिएको छ । जुन यस शोधको प्रारम्भिक विन्दु हो ।

### ५.१.२ द्वितीय परिच्छेदको निष्कर्ष

द्वितीय परिच्छेदमा महाकाव्यका पूर्वीय र पाश्चात्य सिद्धान्तलाई आधार मान्दै महाकाव्य सिद्धान्तको विश्लेषण गरिएको छ । साथै नेपाली महाकाव्यको विकासक्रमको अध्ययन गरिएको छ ।

कविताका विविध रूपमध्ये महाकाव्य सबैभन्दा ठूलो रूप हो । महाकाव्य जीवन र जगत्‌को विस्तारित रूप भएकोले विस्तारित अनुभूति महाकाव्यको विषयवस्तु बन्दछ । महाकाव्य सर्गबन्ध हुन्छ । यसको प्रारम्भ आशीर्वाद, नमस्कार तथा वस्तुनिर्देशमध्ये कुनै एकबाट हुन्छ । यसको कथावस्तु इतिहासमा आधारित हुनुपर्छ अथवा कुनै सत्पुरुषको कथाको आश्रय लिनुपर्छ । कथाको मुख्य पात्र चतुर र उदार हुनुपर्छ । **महाभारत** वा **रामायण** जस्ता कृतिबाट पात्रको छनोट गर्नुपर्दछ । धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थको उद्देश्य हुनुपर्छ । नगर, समुद्र, पर्वत, ऋतु, चन्द्रोदय, सूर्योदय, उद्यान, विहार, जलक्रिडा, संभोग वा मधुसेवनको वर्णन हुनुपर्छ ।

महाकाव्यमा विप्रलम्भ अलङ्कार हुनुपर्छ । विभिन्न सर्गमा भिन्न-भिन्न घटना वा वृतान्त हुनुपर्छ र सर्गान्तमा छन्द परिवर्तन गरी आउने सर्गको छन्दको सङ्केत गर्नुपर्छ ।

'नेपाली साहित्यमा महाकाव्य आइसल्याण्डको सर्पजस्तै थियो' भनी महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेका छन् । उनले नेपाली साहित्यलाई महाकाव्य दिने हेतुले थुप्रै महाकाव्य रचना गरेपछि नेपाली साहित्यमा महाकाव्य लेखिन थाल्यो । उनको पहिलो महाकाव्य **शाकुन्तल** (२००२) हो । त्यसपछि नेपाली साहित्यमा महाकाव्यहरू लेखिन थाले । पछिल्लो समयमा यो क्रम जारी भए पनि अन्य विधाको तुलनामा महाकाव्य कम लेखिने विधामा पर्छ ।

### ५.१.३ तृतीय परिच्छेदको निष्कर्ष

तृतीय परिच्छेदमा महाकाव्यकार नवराज लम्सालका महाकाव्यगत प्रवृत्ति र **धरा** महाकाव्यको सङ्क्षिप्त अध्ययन गरिएको छ ।

नवराज लम्सालले वि.सं. २०६६ सालमा **कर्ण** महाकाव्य प्रकाशित गरे । त्यसपछि दोस्रो महाकाव्यका रूपमा वि.सं. २०७३ सालमा **धरा** महाकाव्य प्रकाशित गरे । **कर्ण** महाकाव्यमा महाभारतको **पात्र** कर्णलाई प्रमुख पात्रको रूपमा प्रयोग गरिएको छ भने **धरा** महाकाव्यमा देशप्रेमको भाव अर्थात् राष्ट्रियतालाई मुख्य विषयवस्तु बनाइएको छ । **धरा** महाकाव्यमा एउटा स्वैरकल्पना छ । देश आफैँ देशाटनमा हिँडेको छ र जताततै जर्जर अवस्था भेट्छ । उसका साथी नवराज लम्साल र कविता हुन्छन् । यही स्वैरकल्पनामा आधारित कथावस्तु रहेको छ भने यसमा विविध छन्द, रस, अलङ्कारको प्रयोग गरिएको छ ।

दुई महाकाव्य लेखिसकेका नवराज लम्सालका **कर्ण** र **धरा** महाकाव्यका आधारमा उनका महाकाव्यगत प्रवृत्तिको अध्ययन गरिएको छ । स्वच्छन्दतावादी विचार, विषयगत विविधता मानवतावादी क्रान्तिचेतना, लय तथा रस भावगत विविधता, पात्र केन्द्रित शीर्षकीकरण, आख्यानीकरण र विचारको सन्तुलन, अलङ्कारगत विविधता, आत्मसंयम र दीर्घसाधना, क्रान्तिकारी स्वर आदि उनका महाकाव्यगत प्रवृत्तिहरू हुन् ।

### ५.१.४ चौथो परिच्छेदको निष्कर्ष

चौथो परिच्छेदमा **धरा** महाकाव्यभित्र रहेको राष्ट्रियताको खोज गरिएको छ । विभिन्न विद्वान्हरूका परिभाषाहरूको अध्ययन विश्लेषण गर्दै विश्वेश्वरप्रसाद कोइरालाको दृष्टिकोणमा रहेको राष्ट्रियताको आधारमा प्रस्तुत महाकाव्यमा राष्ट्रियताको अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा राष्ट्रियताका तत्त्वका रूपमा मुख्य चार तत्त्वलाई आधार मानिएको छ, जो यसप्रकार छन् :

(क) जनता

(ख) जनताका समक्ष उपस्थित समस्या

(ग) समस्या समाधानका लागि सामूहिक प्रयास

(घ) सामूहिक प्रयासमा भएको भावनात्मक एकता

नेपाल नामको भूगोलभित्र स्थायी बसोबास गर्ने हरेक नेपाली नेपालका जनता वा नागरिक हुन् । वर्तमान परिवेशमा सत्ता पदलोलुप भएकोले जनताको आवाज सुनेको छैन । समानता, स्वतन्त्रता र न्यायको खडेरी छ । हरेक वर्गले आफूलाई उपेक्षा गरेको आभास गर्दा राष्ट्रियता कमजोर भएको छ । यो जनताका सामु उपस्थित समस्या हो ।

देश जोगिनुपर्छ भन्ने सबै जनताको भावना हो देशले पनि आफू सबै भएको र सबै भाषा धर्म, संस्कृति, जनता, भूगोल आदिको समष्टि रूप देश भएको भाव व्यक्त गरेको छ । यही स्वरूपमा सबैको परिचय छ र नेपालीपन छ । यही परिचय नै नेपालीहरूको भावनात्मक एकताको जग हो भनी यस महाकाव्यमा रहेको राष्ट्रियताको भावको पुष्टि गरिएको छ ।

### ५.१.५ समग्र निष्कर्ष

समग्रमा भन्नुपर्दा नेपालको वर्तमान परिवेशलाई लिएर राष्ट्रियतालाई प्रमुख भाव बनाएर लेखिएको **धरा** महाकाव्य महाकाव्यीय प्रयोगका दृष्टिले सबल महाकाव्य हो । कथावस्तु स्वेरकल्पनामा आधारित छ तापनि सान्दर्भिक छ । कथावस्तु र भावको तालमेलमा कविमा बलियो आत्मसंयम भेटिन्छ । लामो समयदेखि कविता विधामा कलम चलाउँदै आएका कवि **धरा**

महाकाव्यमा आइपुग्दा दीर्घसाधना र काव्यिक समाधि सिद्धता प्रष्ट भएको छ । क्रान्तिकारी विचारधाराका उनले प्रस्तुत महाकाव्यमा पनि परिवर्तन र सुधारको आवाज बुलन्द बनाएका छन् ।

यो महाकाव्य देश लेखिएको महाकाव्य हो । विभिन्न आधारमा भेदभाव गरेका नागरिकको भेदभाव अन्त्य गरियोस् भन्ने आवाज प्रस्तुत महाकाव्यमा लेखिएको छ । देशमा अनेकौँ राजनीतिक परिवर्तन भए तर देश बुझ्ने र पढ्ने हिम्मत कसैले गरेनन् । समस्याहरू यथावत रहे । गरिब जनता सधैँ गरिब नै भए । केही मान्छे शक्तिमा पुगे र धनार्जन गरे । ती भोका र नाङ्गा जनताको दुःख यथावत रहनुका साथै पहिचान समेत मेटिन थाल्यो । यी विविध कारण सत्ताको असमान दृष्टिले राज्यमा भावनात्मक एकता खल्बलियो । यो जटिल समस्या हो भन्ने भाव **धरा** महाकाव्यमा लेखिएको छ ।

समस्यापछि समाधान अवश्य खोज्नुपर्छ । हामी देशले केही दिएन भन्छौँ । हामीले देशका लागि के गऱ्यौँ ? यो पनि सोच्ने समय भएको छ । यो देशमा रहने अलग जाति, धर्म, भाषा, भूगोल जे भएपनि आखिर सबै देशका अंश हुन्, देश हुन् । यही बुझाइमा हाम्रो भावनात्मक एकता हुन्छ र राष्ट्रियता बलियो हुन्छ भन्ने भाव प्रस्तुत महाकाव्यमा रहेको छ ।

यसरी **धरा** महाकाव्यमा देशमा रहेका हरेक समस्याको उठान गर्दै समानताको आवाज लेखिएको छ । नेपालमा स्थायी बसोबास गर्ने हामी नेपालीमा भावनात्मक एकता भए मात्र देश वा राष्ट्रियता बलियो हुन्छ भन्ने भाव प्रस्तुत महाकाव्यमा रहेको छ ।

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०७१). 'बृहत् नेपाली शब्दकोश'. काठमाडौँ : राजकीय प्रज्ञा प्रतिष्ठान ।

आचार्य, भागवत (२००५). 'कविता सिद्धान्त र नेपाली कविता'. भोटाहिटी, काठमाडौँ : नवीन प्रकाशन ।

कोइराला, विश्वेश्वर (२०६६). *राष्ट्रियता : नेपालको सन्दर्भमा,* 'विश्वेश्वरप्रसाद कोइरालाका राजनीतिक अभिलेख'. प्रदीप गिरी (सम्पा.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, कृष्ण (२०७५). 'कान्तिपुर राष्ट्रिय दैनिक' (वर्ष २६., अङ्क ६४, मङ्गलवार ११ वैशाख). काठमाडौँ : कान्तिपुर पब्लिकेसन ।

खनाल, कृष्ण (२०७५) 'कान्तिपुर राष्ट्रिय दैनिक' (वर्ष २६ , अङ्क २६४, बिहिबार २९, कात्तिक). काठमाडौँ : कान्तिपुर पब्लिकेसन ।

गौतम, कृष्ण (२०५९). 'प्राच्य महाकाव्य'. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

घिमिरे, माधवप्रसाद (२०७३). *धरा महाकाव्यमा काव्यको नेपाल र नेपालको काव्य समीक्षा.* 'धरा'. *भूमिका.* काठमाडौँ : ऐश्वर्य प्रकाशन प्रा.लि. ।

पोखरेल, कृष्ण (२०७३). 'आधुनिक राजनीतिक सिद्धान्त'. भोटाहिटि. काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

ढुङ्गाना, कुलप्रसाद (२०६८). 'संस्कृत साहित्य सिद्धान्त'. काठमाडौँ : सुकुन्दा पुस्तक भवन ।

दाहाल, पुष्पकमल (२०७३). *धरा महाकाव्यमा नयाँ युगको थप चिनारी.* 'धरा', काठमाडौँ : ऐश्वर्य प्रकाशन प्रा.लि. ।

देउवा, शेरबहादुर (२०७३). *धरा महाकाव्यमा काव्य फाँटको अर्को उचाइ.* 'धरा'. *भूमिका.* काठमाडौँ : ऐश्वर्य प्रकाशन प्रा.लि. ।

नेपाल, देवी (२०७३). 'छन्द पराग'. काठमाडौँ : ऐरावती प्रकाशन ।

पोखरेल, कृष्ण (२०७३). 'आधुनिक राजनीतिक सिद्धान्त'. काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

पौड्याल, कृष्णविलास (२०६८). 'पूर्वीय साहित्य सिद्धान्त'. काठमाडौँ : श्रीकृष्ण प्रकाशन गृह ।

पौड्याल, महेश (२०७३). 'धरा'. *भूमिका.* चितवन : काठमाडौँ : ऐश्वर्य प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल (२०६६). 'नेपाली कविता र काव्य'. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

राजशेखर (सन् १९८२). 'काव्यमीमांसा'. वाराणसी : चौखम्बा विद्याभवन ।

रौले, नरेन्द्र (२०७४). *काव्यमय साता.* 'साप्ताहिक'. काठमाडौँ : कान्तिपुर पब्लिकेसन ।

लम्साल, नवराज (२०७४). 'सेतोपाटी डिजिटल पत्रिका' (अन्तर्वार्ता). चितवन : https://www.setopati.com/literature ।

वात्सायन (सन् १९६४). 'कामसूत्र'. वाराणसी : चौखम्बा संस्कृत सिरिज अफिस ।

विश्वनाथ (सन् १९९७). 'साहित्य दर्पण' (पुनर्मुद्रण). सत्यव्रतासिंह (टीका). वाराणसी : चौखम्बा विद्याभवन ।

शर्मा ओली, के.पी. (२०७३). *धरा महाकाव्यमा महाकाव्य परम्पराको नयाँ तला.* 'धरा'. *भूमिका.* काठमाडौँ : ऐश्वर्य प्रकाशन प्रा.लि.।

सुवेदी, अभि (२०७३). *नेपाली, भारतीय र कविता.* 'कान्तिपुर'. काठमाडौँ : कान्तिपुर पब्लिकेसन ।